ISSN 2362-129X

# नवप्रज्ञापन



पाइला ३२ औं वर्षमा
**१०६**

**समीक्षा विशेष**
**दोस्रो भाग**

नेपाल सरकार

शहरी विकास मन्त्रालय

## अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

गुह्येश्वरीफाँट, काठमाडौं, सम्पर्क नं. ०१४११४४१३

### अनुरोध

- हाम्रो बागमती हाम्रो सभ्यता ।
- कायम राखौँ यसको पर्यावरणीय स्वच्छता ।
- जोगाई राख्न सके यसको पवित्रता ।
- बढ्ने छ आत्मसम्मान आत्मियता ।
- सदा बचाई राख्न यसको सौन्दर्यता ।
- सबै मिली गरौँ प्रयास र प्रतिवद्धता ।
- नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔँ ।
- बागमती नदी र यसका सहायक नदीहरूलाई स्वच्छ र सफा राखौँ ।
- नदी किनाराको जग्गाहरूको संरक्षण गरौँ ।
- नदी किनारामा वृक्षारोपण गरी नदीको सौन्दर्य बढाऔँ ।
- नदी किनाराको दायाँ बायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔँ ।
- बागमती सभ्यताको विकास र सम्बर्धन गरौँ ।
- बागमती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौँ ।

प्रत्येक शनिवार विहान ७ : बजे हुने बागमती सरसफाई महाअभियानमा सहभागी बनौँ ।

## टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौँ

### सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौँ ।
- बाटो, नाला, चोक, गल्ली जतातत्तै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# नवप्रज्ञापन

पूर्णाङ्क : १०६, कार्तिक–पुस २०८१

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
बद्रीप्रसाद ढकाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल
गणेशराज रिजाल

**आवरण**
रामकृष्ण भण्डारी

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुंगेल
वसन्त रिजाल
रामप्रसाद अधिकारी
भवानी तावा
देवकरण माझी
जनार्दन खनाल
के.बि. सिम्पल
टीकाराम उदासी
जंगबहादुर यादव
रामधारी यादव
मधुसूदन चौधरी
राजु अधिकारी
शरद प्रधान
डा. छायादत्त न्यौपाने
डा.पुष्कर राज भट्ट
डा. रमेश शुभेच्छु
गगनदीप सर्व
उमेश रिमाल

मूल्य : १००/-

कार्यालय: स्वाभिमानवस्ती जीतपुर–सिमरा उपमहानगरपालिका–१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, मकवानपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौँ १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाख्रिन, मकवानपुर ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. डा. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७. कमल अधिकारी, काभ्रे, १०८. जीवनाथ ढकाल, धादिङ, १०९. प्रतीत रिजाल, बारा, ११०, शिवकुमार धिताल, धादिङ ।

**सम्पादकीय**

# आस्था र विश्वासकी देवी गढीमाई

नेपालको तराई क्षेत्रमा गढीमाई नामका देवस्थल बारा, रौतहट र सर्लाही जिल्लामा छन् । बारा जिल्लामा त कुनै समय दुई स्थानीय तहका नाम नै गढीमाई थिए । पछि संशोधन गरेर एक ठाउँलाई जितपुर-सिमरा र अर्को ठाउँलाई महागढीमाई बनाइएको छ । बारामा यी दुई ठाउँका अलावा कलैया उपमहानपाको सिंहासनी र पचानपुर, कोल्भी नपाको बेल्वा, बारागढीको दौर्वा र विसनपुर्वामा कतै मन्दिर बनाएर त कतै यत्तिकै खुल्ला स्थानमा पूजा गर्ने प्रचलन छ । रौतहटमा गढीमाईको नाममा अर्को स्थानीय निकाय छ । यो बाहेक गढीमाई नगरपालिकाकै सुन्दरपुर हर्दिया, कटहरिया नगरपालिकाको दुधियाभार, गुजरा नगरपालिकाको कनकपुर र गरूडा नगरपालिकाको गेहडीगुठीमा पनि पुजापाठ हुँदै आएको छ । सर्लाहीको बलरा नपाको मिर्जापुर तथा रामनगरको छोटौल र खैर्वामा पनि मेला लाग्ने गर्दछन् ।

बाराको बरियारपुरको गढीमाई मन्दिरमा पाँच पाँचवर्षमा ठुलो मेला लाग्छ । यो मेलामा देशविदेशबाट लाखौं सङ्ख्यामा दर्शनार्थी गढीमाईको पूजा अर्चनाका लागि उपस्थित हुन्छन् । हर्षोल्लासका साथ मेलामा उपस्थित हुन्छन । सारा जनमनमा गहिरो छाप बनाएर बसेकी गढीमाई श्रद्धा, आस्था र विश्वासकी देवी हुन् । उनको नाममा भाकल गरे पूरा हुने जनविश्वास छ । यसर्थ लाखौं भक्तजन मनमा आस्था र विश्वास बोकेर पूजामा उपस्थित हुन्छन् । ती कोही कसैका आमन्त्रण वा आग्रहमा नभएर आस्था र विश्वास बोकी गढीमाईको पूजा र दर्शनका लागि भेला भएका हुन् । मानिसको मनमा विश्वास उत्पन्न भएपछि आस्थाको घेरा पार गरेर बाहिर निस्कन्छन् । गढीमाईमा भक्तजनहरूको आस्था पनि त्यही हो ।


गढीमाईको पूजाआजा र दर्शनका लागि आउने भक्तजन नेपाल भन्दा छिमेकी देश भारतका बढी हुन्छन् । यो नवीन परम्परा नभएर हिजो वा अस्ति देखिकै हो । हिजो आज चाहिँ नेपालको पहाडी भेगका भक्तजनको पनि सङ्ख्या वृद्धि हुँदै गइरहेको छ । आफूले गरेका भाकल पूरा भएपछि भक्तजन देवीको पूजाआजामा सरिक हुन्छन् । आउँदा उनीहरूको हात र साथ खाली हुँदैन । सबैसँग केही न केही हुन्छ । देवस्थलमा खाली हात जान नहुने नेपाली मान्यता पनि छ । गढीमाइको धेरै जसो भौतिक संरचना भक्तजनहरूले स्वेच्छाले निर्माण गरिदिएका हुन् । २०३६ सालतिर हुनुपर्छ आफू पढ्ने स्कुलबाट स्वयंसेवकका रूपमा म पनि भाग लिन गएको थिएँ । त्यो सम्झँदा आफैँलाई होला र ? जस्तो पनि लाग्छ । त्यो समयको

गढीमाईको मन्दिर र आजको गढीमाईको मन्दिरमा आनको तान भिन्नता रहेको छ ।

धर्मको अर्थ धारण गर्नु हो । यो सधैँभरि विश्वाससँग जोडिएर आउँछ । कसैको पनि आस्था र विश्वासलाई अवमूल्यन गर्न सकिँदैन । आआफ्नो आस्था विश्वास बोकेर बाँच्नु संसारका सबै मानिसको नैसर्गिक अधिकार हो । यसो भनिरहँदा जो कसैले पनि मनमा म नभनेर हामीको भाव जागृत गराउनु आवश्यक छ । यसो गर्दा धेरै समस्याको समाधान स्वत हुन्छ । हुन त गढीमाई हिन्दूहरूकी देवी हुन् तर यस क्षेत्रमा बसोबास गर्ने सबै धर्म र सम्प्रदायका मानिस गढीमाईप्रति अत्यन्तै श्रद्धाभाव राख्छन् । यो कुरामा कसैको विमति छैन । यसको उदाहरण अन्य धर्ममा आस्था राख्नेहरू पनि गढीमाई मेला व्यवस्थापनका विभिन्न समितिमा बसेर सक्रियताका साथ काम गर्नु हो ।

स्थानीय रूपमा त्यस्तो केही नभए पनि प्रायोजित बोली बोकेका कतिपय व्यक्तिहरू धमिलो पानीमा माछा मार्न प्रयत्नशील रहेको देख्न सकिन्छ । यस्ताप्रति बेलैमा सचेत रहेर अगाडि बढ्नु हरेक नेपाली नागरिकहरूको परम कर्तव्य नै हो । गढीमाईका विषयमा कुनै पनि कुरा बोल्नुभन्दा अघि गढीमाई के हो, यो संस्कृति कस्तो छ, स्थानीय जनतामा यसको के प्रभाव छ, आउने भक्तजन कुन प्रकृति र भेगका बढी हुन्छन्, बलि के हो, ठुलो बलि किन चढाइन्छ, यस्ता प्रचलन अन्यत्र छन् कि छैनन्, आदि कुराहरू जान्नु र बुझ्नु अति आवश्यक छ । यी कुरामा ध्यान नदिई बोल्नुको अर्थ प्रायोजित आवाज प्रकट गर्नु सरह हो । माथिका कुरामा ध्यान दिए गढीमाईका नाममा राँगा, बोका, हाँस, परेवा किन बलिका लागि आउँछन् भन्ने प्रष्ट हुन्छ । मानिसलाई ती कुरा ल्याउन कसैले अह्राएको वा बाध्य बनाएको हुँदैन । तर राजी खुसी हुनेहरू केही न केही नलिई आउँदै आउँदैनन् ।

आआफ्ना मनोकाङ्क्षा पूरा भए पछि गढीमाईप्रति नतमस्तक भएका भक्तजनहरूले चढाएका कुरालाई नकारात्मक आँखाले हेरिनु आवश्यक छैन । समय र परिस्थितिअनुसार संशोधन र परिमार्जन गर्न नसकिने होइन तर यसका लागि जनताहरूको अभिमर्त शिरमा राख्नु चाहिँ अति आवश्यक छ । यसरी हेर्दा गढीमाई तराई र पहाड दुवैको साझा संस्कृति हो । विशेष गरी यो संस्कृतिले सबै जातजाति र भाषाभाषीलाई मिलेर बस्न सिकाएको छ । आपसमा मित्रताको वातावरण बनाएर मानवीय प्रेममा विश्वास गर्न सिकाएको छ । मिलेर बस्नुमा नै हाम्रो कल्याण निहित रहेको छ । अन्त्यमा यस अङ्क तयारीका लागि कडा मेहनत गर्नुहुने अतिथि सम्पादक बद्रीप्रसाद ढकाललाई विशेष धन्यवाद दिँदै आगामी अङ्कमा भेट्ने वाचाका साथ विदा हुन चाहन्छु, सबैमा यथोचित नमस्कार ।



बारा जिल्लाको वरियारपुरमा लागिरहेको **गढीमाईको पञ्चवर्षीय मेला २०८१** मा देश तथा विदेशबाट पाल्नु भएका सम्पूर्ण भक्तजनहरूका दुख, कष्ट तथा अप्ठेरा यथाशीघ्र सकियुन र माता गढीमाईबाट सबैको मनोकामना पुरा होस् भन्ने कामना गर्दछौँ ।

**गढीमाई पञ्चवर्षीय मेला**
**मूल व्यवस्थापन समिति परिवार**
वरियारपुर, बारा

# रचनाक्रम


– इन्दिरा चापागाई/७
– डा.कौशिला रिसाल/१०
– गंगाप्रसाद भेटवाल/१३
– गोपाल अश्क/१६
– घनबहादुर थापा/१९
– डा.छायादत्त न्यौपाने 'बगर'/२२
– डिल्लीरमण सुवेदी/२५
– तेजप्रसाद पन्थ/२८
– दयाराम दुवाडी/३१
– परशुराम पराशर/३४
– डा. पुष्करराज भट्ट/३७
– प्रदीप सापकोटा/४०
– बद्रीप्रसाद ढकाल/४३
– बाबुराम पोखरेल/४६
– रामकुमार पण्डित/४९
– डा.शंकरप्रसाद गैरे/५२
– शारदा पराजुली/५५
– डा. श्रीराम खनाल/५८
– शेखर अर्याल/६१
– सर्वज्ञ वाग्ले/६४
– सानुराजा श्रेष्ठ 'अञ्जान'/६७
– सुदर्शन अधिकारी/७०


## बजारमा नयाँ पुस्तक


– संयोजक प्रतीक्षा रिजाल/७३

# 'दीपक र दीपकहरू' कृतिभित्र दीपक लोहनीको मनोचिन्तन



– इन्दिरा चापागाईं

कथा, कविता समालोचना लगायतका विधामा कलम चलाउँदै आएका साहित्यकार दिपक लोहनीकृत लघुकथा सङ्ग्रह 'दीपक र दीपकहरू' पढेपछि केही न केही नलेखी मनले मानेन । 'दीपक र दीपकहरू' झट्ट हेर्दा सङ्गृहीत एउटा कथाको शीर्षक हो । तर अधिकांश लघुकथामा रहेको म पात्र नै दीपक हो अर्थात् लेखक हो । लघुकथाका यावत कथानकहरू दीपक र दीपकहरूले भोगेका या अनुभूति गरेका विषय हुन् । नामाकरण एउटा लघुकथाबाट गरिए पनि सङ्ग्रहका सबै कथालाई शीर्षकले न्याय गरेको छ ।

'लघुमृत्यु', 'ढुङ्गाको मन' होस् या 'बाँसुरीको धून', 'तिम्रो बुढो र म', 'जिल्लाराम' 'आधुनिक महाभारत' सङ्ग्रहीत लघुकथाका शीर्षकहरू आकर्षक, कौतुहलपूर्ण र कथाभाव बोक्न सक्षम छन् । विषयमा विविधता गहन सन्देस छ । प्रस्तुतीमा प्रथम पुरूष शैलीको प्रयोग बढि र आकारमा लघुत्व छ । अधिकांश उठान आकस्मिक सशक्त र जिज्ञासापूर्ण छन् । 'लघुमृत्यु' को ' एक्कासी मैले मृत्युवरण गरेँ ।' होस् या 'किनमेल' को 'मलाइ अत्यधिक काम गर्ने औषधि र हतियार किन्नु थियो ।' 'दिमाग' को 'दिमाग एउटा कुनामा बसेर रमिता हेरिरहेको थियो ।' आकस्मिक र कौतूहलपूर्ण उठानका उदाहरण हुन् ।

भाषा सरल, सरस र मिठासपूर्ण छ । स्वैरकल्पना र विम्बको प्रयोगले केही लघुकथा बुझ्न अलिकति बौद्धिक पाठकको आवश्यकता देखिन्छ । सर्वनामधारी पात्र र थोरै पात्र छन् । अधिकांश लघुकथामा एक स्थान, एक समय र एकै घटना छ । त्यसैले आयाम छोटो भएको छ । अधिकांश कथामा द्वन्द्वको आभास छ त केहीमा द्वन्द्व पनि छ । विकासमा सङ्क्षिप्तता र नागबेली मार्गमा तीव्र बहाव छ । समापनमा पर्याप्त झड्का छ ।

सुरूको लघुकथा 'लघुमृत्यु' मा कोरोनाले मृत्युको मुखमा पुगेको अर्थात् मृत्युलाई नजिकबाट साक्षात्कार गरेको अवस्थाको वयान छ । स्वैरकल्पना र यथार्थको समिश्रण रहस्य व्यवस्थापन निकै राम्रो छ । लघुकथाको उत्कर्ष सगरमाथा पुगेर कचनकबल झरेको

छ । यी लघुकथाकाको मानकले अपेक्षा गरेका र लेखकले पालना गरेका अनुकरणीय पक्ष हुन् । नेपाली समाज पितृसत्तात्मक देखिए पनि दिपक र दिपकहरू मातृसत्ता मातृसत्ताबाट पीडित छन् भन्ने उजागर गरिएको छ । परिवार र समाजमा व्याप्त गरिबी र त्यसले बालमनोविज्ञानमा पारेको असर मेटाउँदै गरेको जिजीविषा उजागर गरिएको छ ।

व्यक्तिले चुट्ने गफमा आत्मप्रशंसा, कुण्ठा, निरासा, घमण्ड, जालझेल हिनताबोध झल्किने कुरा उल्लेख छ । गतिलो सुपरमार्केटमा नपाइने औषधि र हतियार बुढीआमाको नाङ्लो पसलमा पाइने र अझ पैसा तिर्न नपर्ने कुराले धैर्यशाली भएर हाँसेर बाँच्न प्रेरित गरेको छ । यस लघुकथामा रहस्य व्यवस्थापन सबल छ । लघुकथाको मानकले विपरीत भावमा समापन या समापनमा प्रतिध्वान्यात्मकता आवश्यक ठान्दछ ।

'पछिल्लो सिटमा पितृसत्ता खिस्स हाँस्यो ।' दिपक र दिपकहरू

'आधुनिक महाभारत जन्मिने पो हो कि ।'- आधुनिक महाभारत

'यसरी भोकभोकै मर्नु भन्दा त आकाश खसेकै जाती ।' प्वाक्क बोल्यो र आकाश हेर्न कोठा बाहिर निस्क्यो । -जिज्ञासा

'भोक बस्तिको एक बन्द कोठामा बसेर 'राहत' 'राहत' भनिरहेको थियो ।'- राहत । उनका लघुकथाले मानकको मागरेका छन् ।

'एक अङ्गालो' लघुकथामा 'मैले यी सब काम एक अङ्गालो लोग्ने नभएर गरेकी हुँ ।' अन्तमा रहस्य खोलिएको र विपरीत भावमा समापन गरिएको छ ।

'दिपक र दिपकहरू' मा पुरूषप्रधान भनिएको हाम्रो समाज, पुरूषकै सहयोगमा चल्ने र उनीहरूकै भूमिकालाई कम आँक्ने महिलाहरूमाथि व्यङ्ग्य छेडिएको छ । लुगा, जात, लिङ्ग, पेशा, नागरिकता सब जाँच गरेर राहत वितरण गर्दा पनि राहत भोकसम्म नपुगेको र अन्तमा भोकले 'राहत', 'राहत', भनिरहेको कुराले राहत वितरणमा भएको अनियमितता र अब्यवस्थाप्रति चड्कन हानेको छ । त्यस्तै एकातर्फ ढुङ्गाको मूर्ति बनाउने, प्राणप्रतिष्ठा गर्ने र भगवान मानेर वरदान माग्ने फेरि अर्को तर्फ ढुङ्गाको मन हुँदैन भन्ने मान्छेको द्वैध चरित्रप्रति व्यङ्ग्य गरिएको छ । केही लघुकथामा राजनीतिक विकृतिप्रति व्यङ्ग्य छ । 'बाँसुरीको धून' मा लोकतान्त्रिक व्यबस्थाका चालकको अयोग्यता र सुखी नेपाली र समृद्ध नेपालको नाराप्रति गतिलो व्यङ्ग्य छ ।

हाम्रो देशमा लोकतान्त्रिक व्यवस्थालाई नयाँ बोत्तलमा पुरानो रक्सी भरेको र असर प्रभाव पनि पुरानै परेकोमा तिखो प्रहार गरिएको छ । लोकतन्त्र छोडेर दिमाग बाहिर निस्केको अर्थात् लोकतन्त्र दिमागवीहिन भएको निकै स्वादिलो प्रस्तुती छ ।

'आधुनिक महाभारत' मार्फत

बेरोजगारीले जनसंख्या बढाउने कुरा र इलम गर्नुभन्दा यौनकर्ममा लिप्त हुने मानवीय प्रवृतिलाई झापट हानेको छ । यस लघुकथामा हाँस्य रसको प्रयोग भरमार छ ।

जन्म मृत्यु नहुने ईश्वरको अस्तित्व भन्नु केवल विश्वास मात्र हो भन्ने सन्देस छ । रहस्य व्यवस्थापन, कथ्य र काव्यको उपयुक्त संतुलन, स्वैरकल्पना र यथार्थताको मिश्रण उनका लेखकीय प्रवृति देखिएका छन् । २०७६ सालमा प्रकाशित खेमराज पोखरेलको लघुकथा सङ्ग्रहको नाम 'ईश्वरको मृत्यु' २०७७ लोहनीको यस सङ्ग्रहको एउटा लघुकथाको शीर्षक रहेको छ । उनले मन परेर लिएको हो या संयोग मात्र मिलेको हो उनै जानून् ।

'लैनो भैँसी', 'अवसर' जस्ता लघुकथाले मानवीय प्रवृति उजागर मात्र गरेका छैनन् । मानवीय प्रवृतिलाई राम्रो चड्कन पनि हानेका छन् ।

यति हुँदाहुँदै पनि सङ्ग्रह पूर्ण रूपमा दोषमुक्त भने छैन ।

साहित्यका अन्य विधामा जस्तै लघुकथा लेखनमा पनि हास्य रस मिठासपूर्ण हुन्छ । दान लघुकथामा मान्छे सत्कर्म भन्दा कुकर्म गर्न उद्दत हुन्छ भन्ने सन्देश छ यद्यपि कसैले पनि वीर्यदान गर्छु भनेर बलात्कार गर्दैन । यसर्थ दान शीर्षकको रचना भने चुट्किला मार्गतर्फ हाम फालेको छ । भ्रमण, खुसी, बन्दकोठा जस्ता केही लघुकथाका विषयवस्तु निकै सामान्य छन् भने सन्देश पनि कमजोर छन् ।

ढुङ्गाको मन र बाँसुरिको धून लघुकथाको आयाम लामो भएको छ । कालान्तरमा शब्दको प्रयोगले आयामलाई लामो बनाइदिएको छ । एकादेशमा, एकसमयमा, कालान्तरमा जस्ता पदावली कथा लेखनमा उपयुक्त हुन्छन् न कि लघुकथा लेखनमा । किन भने लघुकथाको मानकले एक स्थान, एक घटना र एक बसाइको मान्यता राख्दछ । कथा, उपन्यास, निबन्ध जस्ता आख्यानका अन्य विधाबाट लघुकथालाई पृथक गर्ने प्रमुख तत्त्व आयाम हो । तसर्थ आयामलाई ध्यान दिनु पर्दछ ।

पाँच वर्षीय बालकले आकाश खसे के हुन्छ भनेर जिज्ञासा लघुकथामा जस्तो जिज्ञासा राख्न सक्छ तर ' भोकै मर्नु भन्दा आकाश खसेर मर्नु जाती 'भनेर चाहिँ भन्न सक्दैन बरू 'भोक लाग्यो', 'भोक लाग्यो' भन्ला ।

अन्तमा,

सिकाई निरन्तर प्रकृया हो । यो सापेक्षिक संसारमा पूर्ण कोही पनि, कहिलेही पनि हुन सक्दैन । तसर्थ समग्रमा भन्दा विभिन्न साहित्यिक अभियन्ता समेत रहेका लोहनीका लघुकथा संख्यामा २४ वटा मात्र भए पनि उपलब्धीमा बढि नै लाग्दछन् । तसर्थ २०० रूपैयाँ मूल्य राखिएको यो सङ्ग्रह पठनीय एवं सङ्ग्रहनीय छ । लोहनीको साहित्यिक जीवनले अझ उचाई चुमोस् शुभकामना ।

*हाल : सूर्यविनायक न. पा. ५, भक्तपुर ।*

# शेखर अर्यालको 'मेरो साथी मुने' भित्रका कथाहरूभित्र डुबुल्की मार्दा



– डा.कौशिला रिसाल

**कथाकारको परिचय**

शेखर अर्याल (२०२८) गुल्मीमा जन्मिएर काठमाडौँलाई कर्मथलो बनाएका सर्जक हुन् । लघुकथा, समालोचना, कविता, निबन्धलगायत बालसाहित्यको क्षेत्रमा उत्तिकै सक्रियता र रूचि देखिन्छ । अर्यालको पूर्णिमाको राति कवितासङ्ग्रह (२०६९), 'कलम' बालकवितासङ्ग्रह (२०७८) र 'मेरो साथी मुने' बालकथासङ्ग्रह (२०७९) गरी तीनओटा बालसाहित्यका कृतिहरू प्रकाशित छन् । यस लेखमा 'मेरो साथी मुने' कथासङ्ग्रहको समीक्षात्मक टिप्पणी गरिएको छ ।

**कथासङ्ग्रहको सङ्क्षिप्त परिचय**

'मेरो साथी मुने' २०७९ सालमा प्रकाशित भएको बालकथासङ्ग्रह हो । यसलाई अक्षरधाम प्रकाशन प्रालिले प्रकाशित गरेको हो । पुस्तक शीर्षक सुहाउँदो रङ्गीन आवरणमा सजिएको छ । यस सङ्ग्रहभित्र कालुको जुक्ति, खुसी, गाउँलेको सन्देश, मनकारी पुन्टे, टपरी, सङ्गत गुनाको फल, जुक्ति, मेरो साथी मुने गरेर जम्मा नौओटा कथाहरू समाविष्ट छन् ।

**कथाहरूको सङ्क्षिप्त समीक्षा**

'कालुको जुक्ति' कथा सङ्ग्रहभित्रको पहिलो कथा हो । यस कथामा कुकुरलाई पात्र बनाइएको छ । ककुरलाई इमान्दार प्राणीको रूपमा देखाइएको छ । सधैँ सानो बालकको हेरचाहमा रहने कुकुरले एक दिन सर्पको टोकाइबाट बालकलाई बचाउन सफल भएको छ । हामीले पशु भनेर हेला गरेका कतिपय जनावरले हाम्रो सुरक्षा दिइरहेका हुन्छन् भन्ने सन्देश कथाबाट लिन सकिन्छ । कथामा कुकुरले बुद्धिपूर्वक बालकको ज्यान बचाएको हुँदा बलले होइन बुद्धिले काम गर्दा सफल भइन्छ भन्ने उदाहरण प्रस्तुत गरिएको छ ।

'खुसी' कथासङ्ग्रहमा रहेको दोस्रो कथा हो । यस कथामा एक जना धर्मराज नाम गरेका मन्त्रीले जनताप्रति गरेका हेरविचारलाई देखाइएको छ । एक दिन मन्त्री जनताका गाउँमा जाँदा धुलौटोमा पढिरहेका बालक देखेर प्रभावित भएका छन् । उनले बालकलाई आफ्नो साथमा लाने विचार गरेर बालकको बाबुआमासँग सल्लाह गरेका

हुन्छन् । बालकका बाबुले गाउँका अरू बालककले पनि पढ्न पाउनुपर्ने आशय व्यक्त गरेपछि मन्त्रीले गाउँमा विद्यालय बनाइदिने वचन दिन्छन् । यस कथामा छोराछोरीलाई पढाउनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । यसका लागि राज्यका तहबाट सहयोग हुनुपर्छ भन्दै बालबालिकाको पढ्न पाउने अधिकारका बारेमा बोलेको छ ।

तेस्रो कथाको शीर्षक 'गाउँलेको सन्देश' रहको छ । यस कथामा बालबालिकाको खुला दिसामुक्त गाउँ बनाउने अभियानको विषय उठाइएको छ । बालबालिका पनि समाजका एक हिस्सा हुन् । उनीहरूले गरेका राम्रा कामको परिणाम गाउँ सुन्दर र सफा हुन्छ भन्ने मूल सन्देश कथाले छोडेको छ ।

चौथो कथाको शीर्षक 'मनकारी पुन्टे' रहेको छ । यस कथाले बालबालिकामा अभिभावकले विभेद गर्नाले परिणाम राम्रो हुँदैन भन्ने विषय उठाएको छ । खासमा राज र पुन्टेको मित्रता भए पनि राजको घरमा पुन्टेलाई गरिब भनेर हेला गर्ने गरेको कुरा कथामा आएको छ । पुन्टेलाई तिहारमा पड्काउने पटकाको बारेमा थाहा हुँदैन तर उसलाई राजले पटका चिनाएको हुन्छ । राजले बाकसबाट झिकेर पटका पड्काउन लाग्दा पुन्टेले घरभित्र पड्काउन हुँदैन भनेर सम्झाएको थियो । राजले गोठनजिकै लगेर पटका पड्काउँछ । गोठमा खरको छानो हुनाले आगलागी हुन्छ । राज र पुन्टे दुवैलाई गाउँलले आगोसँग खोल्नुहुन्न, घरगोठ, वन आदि स्थानमा आगो लाग्नबाट हामीले बचाउनुपर्छ भनेर सम्झाउँछन् ।

पाँचौ कथाको शीर्षक 'टपरी' रहेको छ । थाल र टपरी बिचको राम्रो संवाद दिइएको छ । सबै चिजको आफ्नै किसिमको महत्व हुन्छ । एक आपसमा तँ ठुलो र म ठुलो भनेर झगडा गरेका टपरी र थालले एकअर्काको अस्तित्व स्वीकार गर्दै अन्तिममा मिलेर बसेका छन् । थालकचौरामा खाना खाएपछि माझेर पुनः प्रयोग गर्न मिल्ने र पातको टपरीमा खानेकुरा खाएपछि त्यसलाई कुहाएर मल बनाउन मिल्ने हुँदा थाल र टपरी दुवैको महत्व बुझाउन खोजिएको छ । कथाले हामी सबै मिलेर बस्दा फाइदा हुन्छ भन्ने सन्देश दिएको छ ।

कथासङ्ग्रहभित्र 'सङ्गत गुनाको फल' छैटौँ कथा हो । बालबालिका जस्तो सङ्गतमा हुर्किएका छन् त्यस्तै किसिमका बानीव्यवहार र आचरणको विकास हुने हुँदा असल मानिसको सङ्गत गर्नुपर्छ भन्ने सन्देश कथाले प्रवाह गर्न खोजेको छ । समिर, राजेन्द्र र विशाल तीन जनामध्ये राजेन्द्र नराम्रो सङ्गतमा परेको छ । उसलाई धुम्रपानको लत लागेकोले पुलिसले समातेर थुन्छ । यसकै कारण ऊ बिरामी पनि पर्छ । अन्तमा घरपरिवार र विद्यालयको निरन्तर प्रयासका कारण उसले प्रार्थना सभामा सबैको अगाडि खराब सङ्गत छोडेर पढाइमा ध्यान दिने प्रण गर्छ । बालबालिकालाई सधैँ

असल सङ्गतको लागि प्रेरित गरौँ भन्ने कथाको सन्देश रहेको छ ।

'मित्रता' शीर्षकको सातौँ कथामा जनावर पक्षीबिचको असल मित्रतालाई देखाइएको छ । जस्तोसुकै खराब परिस्थितिमा पनि असल मित्रले बचाउन सक्छ भन्ने उदाहरण कथाका पात्र खरायो र कोइलीको मित्रवत व्यवहारले देखाएको छ । एकै गाउँठाउँमा बस्ने, सँगै पढ्ने वा काम गर्ने जोसुकैमा एकआपसमा सहयोगी भावना हुनुपर्छ । जस्तोसुकै आपत विपतमा साथीको साथले शत्रुबाट बच्न र समस्या समाधान गर्न सकिन्छ भन्ने उदाहरण खरायो र कोइलीको मित्रताबाट बुझाउन खोजिएको छ ।

आठौँ कथा 'जुक्ति'मा बलको घमण्डले होइन; जुक्तिबुद्धिले मानिस ठुलो हुन्छ भन्ने कुरा सिकाउन खोजिएको छ । वनको राजा हुँ भन्ने सिंहले घमण्डका कारण इनारमा हामफालेर ज्यान गुमाउनु परेको छ । वनका ससाना जनावर हरूको एकताबाट उनीहरूले शत्रु सिंहलाई मार्न सफल भएका छन् । त्यसैले एकताभित्र बल हुन्छ । हामी मिल्यौँ भने जस्तोसुकै समस्या पनि समाधान गर्न सकिन्छ भन्ने सन्देश प्रदान गरेको छ ।

सङ्ग्रहभित्रको अन्तिम कथा 'मेरो साथी मुन' शीर्षकको कथाबाट नै पुस्तकको नाम राखिएको छ । यस कथामा बालक र घरमा पालिएको जनावरबिचको मित्रता देखाउन खोजिएको छ । मने नामको बालकले आफ्नो घरमा जन्मिएर सँगै खाँदै र खेल्दै हुर्किएको मुनेलाई नबेच्ने भनेर रून्छ । ऊ जति रूने, कराउने गरे पनि बाबुआमा मुनेलाई बेचेर पठाउँछन् । मुने फर्केर नआएपछि मनेको भोक निद्रा हराउँछ । घरमा पालेर हुर्किएका पशुपक्षी पनि परिवारका सदस्यजस्तै हुन्छन् यो कुरा मने र मुनेको मित्रताबाट थाहा हुन्छ । मानिसले जस्तै बोल्न नसके पनि जनावरहरूमा धेरै राम्रा गुणहरू हुन्छन् भन्ने सन्देश कथाले दिन खोजेको बुझिन्छ ।

समग्रमा छोटाछोटा संरचनामा रहेका सङ्ग्रहभित्रका सबै कथा राम्रा छन् । सन्देशमूलक छन् । तर पनि कहीँकतै सामान्य भाषिक त्रुटि भएको छ । सङ्ग्रहभित्रका कथा एकै स्तरका भएकाले कथासङ्ग्रह राम्रो छ । एकदेखि पाँचौँ कथा छोटा छन् भने छैटौँदेखि नवौँ कथा लामा छन् ।

**निष्कर्ष**

शिक्षण तथा साहित्य सिर्जनामा क्रियाशील शेखर अर्याल समालोचक पनि हुन् । बालसाहित्यमा समेत सक्रिय उनी आफ्नो सृजनामार्फत बालबालिकालाई विभिन्न किसिमका जीवनपयोगी शिक्षा दिने गर्दछन् । उनको मेरो साथी मुने पनि एक बालउपयोगी कथासङ्ग्रह हो । नौओटा विभिन्न शीर्षकका काथाले दिने सन्देशहरू छुट्टाछुट्टै र उपयोगी छन् । आगामी दिनमा शेखर अर्यालका अझै धेरै बालसाहित्यका कृतिहरू प्रकाशित हुँदै जाऊन् । हार्दिक शुभेच्छा ।

# गोपाल अश्कको कालो गुलाफ कथासङ्ग्रहभित्र मधेसको वृत्तचित्र



**– गंगाप्रसाद भेटवाल**

कालो गुलाफ कथासङ्ग्रह कथाकार गोपाल अश्कद्वारा लिखित कथाहरूको सँगालो हो । यस सङ्ग्रहमा पन्ध्रवटा कथाहरूलाई सङ्कलन गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित भएका कथाहरूले अधिकांश मधेस क्षेत्रका सन्दर्भहरूलाई प्रस्तुत गरेका छन् भने केही केही कथाहरूका परिवेश र पात्रहरूले पहाड क्षेत्रलाई समेत समेट्न भ्याएका छन् । सिङ्गो कथा सङ्ग्रहलाई बुझ्न सजिलो होस् भनेर पन्ध्र वटा कथाहरूको छुट्टाछुट्टै सङ्क्षिप्त स्वरूपलाई यो समीक्षात्मक लेखमा सारगत रूपमा प्रस्तुत गरिएको छ :

कालो गुलाफ कथामा पात्रहरू रामलाल यादव उपनाम अग्नि, उसकी श्रीमती रमपतिया, छोरा गोपी र अपरिचित व्यक्ति निर्मलमणि सापकोटा उपनाम ज्वाला रहेका छन् । यस कथामा माओवादी आन्दोलनको झलक छ । माओवादीभित्र पनि पहाडे र मधेसीको भावना आएको छ । एउटा लेखकको आत्मकथा कथामा लेखको जीवनचर्यालाई प्रस्तुत गरिएको छ । वास्तविक लेखक जो गरिवीसँग जुधेको छ । चार दर्जनकृति लेखे पनि बाँच्नकै लागि ती कृतिहरू अरूलाई बेच्नुपरेको छ । लेखकले घोस्ट राइटिङलाई आफ्नो पेशा बनाएको छ । प्रेमको मृत्यु कथामा मुख्य पात्रका रूपमा रमा, टाङ्गावाल भैया, राकेश, राकेशकी बहिनी, मास्टर काका अर्थात् अविनाश आँशुतोष, राकेशकी आमा लगायतका पात्रहरू आएका छन् । परिवेशमा मधेस छ । मुख्य पात्र रमा एम.ए. तहको पढाइ सकेर शोधकार्यमा संलग्न भएकी छन् । सम्पादक कथामा वर्तमानमा बाँचिरहेका नेपाली पत्रिकाको समस्या प्रस्तुत गरिएको छ । विभिन्न ठाउँमा हुने कार्यक्रममा आयोजकहरूले कति न महत्वपूर्ण कार्यक्रम छ भनेर बोलाउँछन् तर जाँदा न कार्यक्रम समयमा हुन्छ न त समयमा सकिन्छ नै । कार्यक्रम आयोजकहरूले सम्पादक तथा पत्रकारहरूको समयको ख्याल गर्न नसकेको कुरा कथामा आएको छ । नचिताएको कुरा कथामा रामलाल र रमाको परिवार वीरगञ्जबाट

काठमाडौँ उपत्यकामा नचाहँदा नचाहँदै बसाई नै सर्न पुगेका छन् । सुरूमा काठमाडौँमा डेराको समस्या उनीहरूको परिवारले भोगेको छ भने पछि उनीहरूले परिस्थितिकै कारण यतै घर बनाउन पुगेका छन् । डा. दिलवर दिल कथामा नेपालको मधेशको परिवेशबाट कथानकको आरम्भ भएको छ । नेपालको तराईमा बस्ने मानिसहरूका दुई प्रकारका आवतजावत गन्तव्य प्रस्तुत गरिएको छ । मधेसीहरू उपचार लगायतका काम गर्न भारतीय सहर जाने र पहाडियाहरू काठमाडौँतिर जाने परम्परा रहेको देखाइएको छ । मत्स्यगन्धा कथामा नयाँ पुस्ताका युवायुवती कसरी भविष्यलाई सुनिश्चित गर्न चाहन्छन् भन्ने कुराको दृष्टान्त छ । पहिले पहिलेका मानिसहरू विवाह गर्न अगाडि चिना हेर्ने गर्थे भने अबका युवायुवती चिना भन्दा पनि निरोगिताको बारेमा वास्तविकता बुझेर मात्र नयाँ जीवन शुरू गर्न चाहन्छन् भन्ने कुरा आएको छ । वेदनाको फूल कथामा वीरगञ्ज आसपासका गाउँमा किशोर अवस्थामा बिहे हुने गरेका सन्दर्भ आएका छन् । बुबाको पालामा वाध्यात्मक रूपमा किशोर अवस्थामा बिहे गर्नुपरेको स्थिति छ भने छोरीको समयमा बाबुआमालाई थाहा नै नदिकन उही किशोर अवस्थामा नै बिहे गरेका घटना आएका छन् । पलायन यस कथामा शशिकलाको चारजनाको सदस्य भएको परिवारलाई मुख्यरूपमा प्रस्तुत गरिएको छ । दुई छोराहरू र आमाबुबा छन् । जेठो छोराको मागेर विवाह गरेको तर घरबार हुन नसकेर सम्बन्ध विच्छेद हुने अवस्था कथामा आएको छ भने कान्छो छोराले आफैँ अन्तरजातीय प्रेम विवाह गरेको कथानक छ । त्यस्तैबुबा हजुरबा खोई ?कथामा मुख्य पात्रको रूपमा ईशा रहेकी छ ।  ईशा हरिवन सरलाईमा जन्मेकी केटी हो । ऊ मामाघर काठमाडौँमा बसेर पढ्छे । त्यहाँ मामामाइजू, मावलीको हजुर बुबा, हजुरआमा सहितको परिवार हुन्छ । मावली हजुरबुबा हरेक दिन मोटरसाइकल लिएर उसलाई लिन स्कुल आउँछन् । कथामा आमाकै कारण हजुरबा र हजुरआमासँग भेट हुन नसकेको कथ्य स्थिति देखिन्छ । त्यति हुँदाहुँदै पनि ईशाकै कारण दशैंको अवसरमा त्यो परिवारको हजुरबुबा आमासँग मिलन हुन सक्ने अवस्था कथामा आएको छ ।  भैया कथामा मुख्य पात्रको रूपमा गोपी, कमल, निशा र रिता रहेका छन् । गोपी र रिता दाजुबहिनी हुन् भने कमल र निशा दाजुबहिनी हुन् । गोपी र रिता तराई मूलका हुन् । कमल र निशा पहाडी मूलका । गोपीले साइकलमा कालिमाटी आसपासमा तरकारी बेच्छ भने कमलले त्यसै क्षेत्रमा चिया बेच्छ । केही बदमास केटाले गोपीको तरकारी पसल साइकलबाट फालेपछि सँगै रहेको चिया पसलबाट आएर कमलले

गोपीलाई बचाउँछ । यस घटनामा तराई र मधेश मान्छेलाई दाजुभाइकै रूपमा प्रस्तुत गरिएको छ । हिमाल पहाड तराई कोही छैन पराई भन्ने भावना कथामा आएको छ । अनुगूँज कथामा म पात्रको रूपमा आएको रामलालको परिवारको आन्तरिक वेदना छरपष्ट भएको छ । यस कथाको सन्देश परिवार आफैंमा मिल्न सकेन भने कुनै न कुनै बेला रोगको सिकार बन्न पुग्छ भन्ने जस्तो देखिएको छ । अन्तरसवाद कथामा नयाँ पुस्ता र पुराना पुस्ताको बीचमा असमझदारी छ । पुरानो पुस्ताले पुरानो संस्कृतिको बचाउ गर्दै त्यसको निरन्तरता चाहेको छ । नयाँ पुस्ता स्वतन्त्रतासँगै बाँच्न चाहेको छ । तुलाधर र तुलना छोरा बुहारीको पुस्ता हो । उनीहरूले अन्तरजातीय विवाह गरेका छन् । उनीहरू विदेशसमेत बसेर आएका छन् । यस कथामा पुरानो पुस्ताले आफ्नो कर्तव्य पूर्ण रूपमा पालना गरेको देखिन्छ भने नयाँ पुस्ताले स्वतन्त्रता खोजेको तर आफ्नो कर्तव्य पूरा नगरेको देखिन्छ । जन्मकुण्डली कथामा म पात्रको माध्यमबाट कथानकलाई अगाडि बढाइएको छ । कथामा परम्परा तथा संस्कारका कुरा कथामा श्रीमान् श्रीमतीको बाक्लो संवाद भएको छ र कथाको अन्तिमतिर श्रीमान्को जन्मकुण्डली हेरेर श्रीमती जलेर भुतुक्क हुन पुग्छिन् । कर्ममा भन्दा जन्मकुण्डलीमा विश्वास गरेर रमा दुःखी बनेकी छ तर म पात्रले उसलाई सम्झाउन प्रयत्न गरेको देखिन्छ । यसैबीच कथा समाप्त हुन्छ । हिजोआज कथामा पनि म पात्र आएको छ जसलाई गोपाल नाम पनि दिएको छ । गोपालले आफ्नो स्कुले जीवनका क्षणहरू सम्झन पुगेको छ । गणित शिक्षक, अङ्ग्रेजी शिक्षकसँगका स्मृतिमा आफू पुगेको छ साथै कोरोना कालको अवस्थाको स्मरण समेत गर्न पुगेको छ र कथाको अन्तिममा उसले हिजो आजको अवस्था पनि बताउन पुगेको छ ।

यसरी कालो गुलाफ कथा सङ्ग्रहमा कथाकार गोपाल अस्कले पन्ध्र वटा कथाहरूको माध्यमबाट तराई मधेसका समस्याहरू, संस्कृतिका कुराहरू, नयाँ पुस्ता तथा पुराना पुस्ताका प्रवृत्तिहरू र बुढ्यौली कालसँग सम्बन्धित अप्ठ्याराहरूलाई आम पाठकहरू समक्ष प्रस्तुत गरेका छन् । कथामा परिवेशको रूपमा वीरगञ्ज आसपासको क्षेत्र, केही काठमाडौंका ठाउँहरू र पटनाका केही स्थानहरू आएका छन् । भाषाशैली सरल प्रकृतिको र सलल बगेको छ तर मधेसीपनको गन्ध कथाहरूमा पाइन्छ । कथाहरू पढिरहँदा पाठको मन-मस्तिष्कलाई च्वास्स च्वास्स छोइरहन्छ र अन्त्यमा कथाकार गोपाल अश्कलाई बधाई तथा धन्यवाद ज्ञापन गर्दछु र उनको लेखनी अझै तिखारिँदै जाओस् भन्ने कामना गर्दछु ।

*कीर्तिपुर, काठमाडौं*

# प्रेम र वियोगको प्रवाहमा सललल बगेका गीतकार दुबसु क्षेत्री



**– गोपाल अश्क**

१.**विषयप्रवेश** : नेपाली साहित्यमा 'दुबसु क्षेत्री' एक साहित्यकारका नामले चिरपरिचित हस्ताक्षर हुन् । नेपाली साहित्य, त्यसमा पनि काव्यजगत्मा आफ्नो विशिष्ट स्थान सुरक्षित राख्न सफल भएका काव्यप्रतिभा 'दुबसु क्षेत्री' ले त्रिभुवन विश्वविद्यालयबाट आधुनिक नेपालको परराष्ट्रनीति र कुटनीति' विषयमा विधावारिधिको उपाधि प्राप्त गरी विभिन्न समयमा विभिन्न मुलुकमा नेपाली राजदूतसम्मका जिम्मेवारी निर्वहन गरेका व्यक्तित्व समेत हुन् । मौलिक सिर्जना तथा सम्पादनका गरी छ दर्जनभन्दा बढी पुस्तकका रचयिता 'डा. क्षेत्री' नेपाली काव्य एवम् गीतिक्षेत्रका निकै लोकप्रिय तथा स्थापित प्रतिभा हुन् । 'कविता लेख्दा गम्भीर एवम् बौद्धिक हुने तर गीत लेखनमा धेरै बढी हार्दिक हुने' कवि 'क्षेत्री'ले आफ्ना गीतहरूलाई सरल, सरस र सुललित शब्दहरूमा उनेका छन् । ती गीतहरूमा मुखरित उनका भावनाहरू उनी आफैँजस्तै निर्दोष, कोमल, हार्दिक र इमानदार छन् भनी आत्मउद्घोषण समेत गरेका छन् (अर्द्धमुदित अधरहरू, पृ.१७)। समग्रमा के मात्र भन्न सकिन्छ भने वि.सं. २०५७ देखि २०६७ अर्थात् एक दशकको अवधिमा गीतकारको मुटुलाई स्पन्दित गरी शृङ्गार रसको दुवै पक्ष संयोग र वियोगको पक्षलाई प्रस्तुत गरेका छन् ।

२. **प्रेम र वियोगको प्रवाहमा गीतकार दुबसु** : गीत र कवितामा तात्विक भिन्नता पाइन्छ । गीतमा लयको अनिवार्यता रहन्छ, त्यसमा पद-पदावलीको चयन, विन्यास र सांगठनिक पक्षमा निकै नै ध्यान दिन आवश्यक हुन्छ । गीतको रसास्वादनकमा लागि एउटै सर्त आवश्यक हुन्छ- त्यो के भने गीतको श्रोता वा पाठक सहज तथा भावातिरेक रसिक हुनु पर्दछ । कवितालाई पाठक भए पुग्छ तर गीत त गाउनैका लागि लेखिन्छ । यस अर्थमा मूल्याङ्कन गर्ने हो भने गीतकार दुबसु क्षेत्रीका गीतहरूले गीतमा हुनु पर्ने सारा गुणलाई आफूभित्र समाहित गरेका छन् र उनका कैयौँ गीतहरूले पाठको मन मस्तिष्क दुवैलाई आफ्ना भावमा बगाउन सफल भएका छन् ।

यस गीतिसङ्ग्रहमा तिम्रा अर्द्धमुदित

अधरहरू, अरूले दिएको सुखभन्दा, आगोमै नाचिरहेछु, सबै नाम मेटिसके, यो जिन्दगीले हे दैव !, बाडुली त यसै राम्रो, हिँड्दाहिँड्दै उकालोमा, मनका मीठा कुराहरू, मीठामीठा बातहरू, बाँडा बरू सहिदिन्थे, देख्ने माया थुप्रै हुन्छन्, तिमीले ओठ टोक्दा, तिमीबिना सुनसान सुनसान, दु:खको दिन फर्किरहृयो, रगत बेचेर रहर किन्नेहरू, आँसु हैन, जे पनि हुनसक्छ, फूल टिप्ने रहरमा, तिम्रो अर्द्धमुदित अक्षर, फूल थाहै नपाई, अर्द्धमुदित अधरमा, रहर सबै जहर भएपछि, तिम्रो आँसुले भिजायो, छाती के चिर्थ्यो, मेरो आँसुले किन पुनम !, नदीभन्दा बगर प्यारो, तिम्रो जवानी, चिनेचिने जस्तो लाग्यो, आँसु थामिएन, आज अचानक मबाट, फूलको वासमा, तिमीले टेक्ने आँगनभरि, सपनी भई बस तिमी, तिमीसँगको रातो रात, तिमी हरायौ आँखााट, बहार आउँछ मनमा, फूलजस्तो यो रूप, केही नभनिकन तिमीले, आँसुसँग हाँसोको सधैँ, नयनले नजरको, फूल रून्छ, मायाको चस्को पस्यो, भूल त कसलाई मन पर्छ, आयुरेखा लामो, सुखमा हिँड्दा, तिम्रो जिन्दगी मेरोजस्तो, आँसु बेचेर, सोच्दासोच्दै सोच्ने मनको, सुख त दैवलाई नै पुग्दैन, म रोइनँ आज, नीला डामहरू बसेका छन्, जून पनि एक्लो छैन, बगैँचामा फूल फुल्छ, हिजो राती सपनीमा, एउटा खाली खाम पठाएको छु, रगत पिउनु भन्दा, जिन्दगीले एकसाँझ, जूनताराहरू एक पल्ट, आँखाभित्र आँसु हैन, अवरूद्ध गला बोकी, नदेखाऊ व्यथाहरू, आज राती आँसुले, एकातिर आगो छ, मौनतामा धेरै बसियो, धूपी र सल्ला सुसाइरहृयो, मान्छेहरू एकाएक, यो महङ्गो शहरमा, आँखा आँखाहरूले ढाँटे मलाई, निष्ठुरीले हाँसिदिए, काँडा त बिझ्थ्योबिझ्थ्यो, खाली खाली मनको बह, आँखैमा राखुँ कि, चुपचाप चुपचाप जलिरहेको मैनबत्ती, मुटुलाई ढुङ्गा बनाई, आफ्नै छायाँ छेकिदिएँ, स्वप्न भएर पसुँ कि, यो मनको आँधीमा, मन मेरो चुँड्यो हजूर, बल्भ्फेछ फेरि घाउ, शहरभित्र मेरो हजूर, च्यातिएको छाती मेरो, कहिलेकाहीँ त यस्तो लाग्छ, नदेख सपनाहरू त्यसरी, आँधीले मात्र होइन मलाई, आफैँलाई बेच्न राखेको छु, पत्थरको मूर्तिले, तिमीले अँगालोमा, म बस्ने बस्तीमा, यो डुङ्गामा कसरी, विपनाहरू बल्भ्फी दिने, चिसो चिसो हावा, मुटुभरि आगो छ, दुखै दु:ख कमाएँ, फूल फुलेपछि रून्छ, मेरा सारा सपनाहरू, बिस्तारै बिस्तारै। तिमीबिना, जिन्दगीको पीडा, मनले जब छुन्छ, तारा सबै बिर्सिसकेँ र तिम्रो अर्द्धमुदित अधरले शीर्षकका एक सय एक गीतहरू रहेका छन् ।

प्रस्तुत गीतिसङ्ग्रहमा समावेश रहेका गीतहरूको शीर्षकले नै आ–आफ्नो भाव अभिव्यक्त गरेको स्पष्ट हुन्छ । कुनै पनि गीतको शीर्षकमा विषयवस्तुको रहस्यात्मकता छैन । प्रत्येक गीतले आफ्नो विषयवस्तुको सार्थकता पनि सिद्ध गरेको देखिन्छ । यी गीतहरूमा विशेषतः श्रृङ्गारको प्रेम

र वियोगको भावधारालाई प्रवाहित गरिएको छ त्यसमा प्रकृति र पुरूषलाई बगाउने सफल प्रयास गरिएको छ । कहीँकहीँ वर्तमान समयमा निकै जटिल हुँदै गएको जिन्दगीको गीत पनि गाइएको छ, जस्तैः

जिन्दगीको पीडा पनि भोगेर हेरेँ
मन्दिरको धेरै पत्थर ढोगेर हेरेँ ।

नदी बन्छु भन्दाभन्दै बगर भएछु म
देवता बन्छु भन्दाभन्दै पत्थर भएछु म

आँसुको तालभित्र आफै डुबेर हेरेँ
जिन्दगीको पीडा पनि भोगेर हेरेँ
(जिन्दगीको पीडा, पृ. १३१)

नत्र भने जतातत्तै प्रेम र वियोगको धारा प्रवाहित भएको पाइन्छ । सायद गीतकारलाई आफ्नी प्रेमिकाका कोमल अङ्गहरूमा सबैभन्दा प्रिय 'अधर' नै रहेको छ, किनभने उनले आफ्ना एकभन्दा बढी गीतलाई आफ्नी प्रेमिकाको अधरलाई समर्पित गरेका छन् । उदारहरणका लागि एकाध गीतका पङ्क्तिहरू प्रस्तुत गरिएका छन्ः

तिम्रा अर्द्धमुदित अधरहरू पानी पानी देख्छु किन ?
तिम्रा अर्द्धमुदित अधरहरू खाली खाली देख्छु किन ?
(तिम्रा अर्द्धमुदित अधरहरू, पृ.२३)

तिमीले ओठ टोक्दा मेरो मुटु दुख्छ
खुकुरीको चोट सबै अचानोले बुझ्छ (तिमीले ओठ टोक्दा, पृ. ३५)

काँपेको तिम्रो अधरले जसलाई पनि कमाउन सक्छ
फक्रेको तिम्रो मुस्कानले जसलाई पनि लोभ्याउन सक्छ
तिम्रो कुमारी सिउँदो आतुर हो कि !
यहाँको मौसम पो कामातुर हो कि ! (तिम्रो अर्द्धमुदित अधर, पृ. ४२)

अर्द्धमुदित अधरमा मुस्कान दौडिन थाल्यो
भिजेको परेलीमा आँसु पौडिन थाल्यो (अर्द्धमुदित अधरमा, पृ. ४४)

अधर र अर्द्धमुदित अधरका यस्ता धेरै भावले गीतकारलाई आकर्षित गरेका छन् । यति मात्र होइन, प्रस्तुत गीतसङ्ग्रहको अन्तिम गीतले त गीतकारको मन मुटु तथा मस्तिष्कलाई एक किसिमले हल्लाई नै दिएको भान हुन्छ, अनि पो गीतकार स्वीकार्य गर्न बाध्य छन्ः

तिम्रो अर्द्धमुदित अधरले सधैँ बोलाउँछ मलाई
तिम्रो निर्मम नृशंस यादले साह्रै सताउँछ मलाई

**निष्कर्ष** : निष्कर्षतः यति मात्र भन्न उचित छ, 'गीतकार डा. दुबसु क्षेत्री' प्रेम र वियोगको प्रवाहमा आफू मात्र नबगेर आफ्ना सारा पाठकहरूलाई समेत बगाएका छन् । यिनका गीतका बारेमा जति चाहे भन्न सकिन्छ, तर समयाभावले त्यसो गर्न दिइरहेको छैन । म आफ्नो प्रिय मित्र गीतकार डा. दुबसु क्षेत्रीलाई हार्दिक बधाई दिँदै उनको साहित्यिक तथा वैयक्तिक सुखमय जीवन तथा प्राप्तिको लागि शुभाकाना व्यक्त गर्दछु । अस्तु

*– वीरगञ्ज, पर्सा*

# साइनो कविताको उन्नयनमा छायादत्त न्यौपाने 'बगर'को योगदान



**– घनबहादुर थापा**

सूचना प्रविधिले श्रव्यदृश्यबाटै समाज देख्न भोग्न र पढ्न पाएपछि साना अक्षरमा आँखा लगाएर दुख कसले गर्ने ? प्राविधिक व्यावसायले अर्थोपार्जन गर्छ, त्यै अर्थले सुख, समृद्धि दिन्छ भने मान्छे किन साहित्य सिर्जनातिर आकर्षित हुने ! तर सबैको यस्तै निम्छरो सोच छैन । व्यक्तिगत सुख-समृद्धि र विलासी जीवन छाडेर नेपाली भाषा साहित्यलाई माया गर्दै समर्पित हुने होनहार व्यक्तित्वलाई बेलाबखत नेपाल आमाले जन्म दिएको जीवन्त इतिहास पनि छ । नेपाली वाङ्मयप्रति असीम स्नेह राखी सिर्जना, समालोचना र सम्पादनको माध्यमबाट निरन्तर योगदान दिइरहेका स्रष्टाहरू छन् । यस्तै नेपाली भाषा-साहित्यको उन्नयनमा सक्रिय रहँदै आएका प्रखर व्यक्तित्व हुन् डा.छायादत्त न्यौपाने 'बगर' (२०२२) ।

डा.न्यौपाने मूलत : नेपाली कविता, निबन्ध, समालोचना र बालसाहित्यमा क्रियाशील सर्जक हुन् । 'नेपाली बालनाटकमा नीतिचेतना' शीर्षकमा विद्यावारिधि गरेका छन् । उनका हालसम्म मौलिक सिर्जनाका ३४ कृति प्रकाशन भएबाट पनि यस कुराको पुष्टि हुन्छ । न्यौपानेका मौलिक रचनाबारे ५९ जना स्रष्टाहरूको समालोचनात्मक लेखहरूको सङ्ग्रह 'वाङ्मयीसेवी छायादत्त २०७५' प्रकाशित छ । उनका विचारोत्तेजक अन्तर्वार्ताहरू प्रिन्ट, अनलाइन र विद्युतीय मिडियाहरूमा बग्रेल्ती प्रकाशित प्रसारित भई जन-जनको दृष्टिमा पुगेका छन् तर यी सबै परिचयलाई उनकै अर्को पृथककर्म र परिचयले ओझेलमा पारेको छ, त्यो हो साइनो कविताको प्रवर्तन र प्रचार-प्रसार ।

साइनो कविता डा.न्यौपानेले २०७६ साल साउन १६ गते 'साइनो' नामकरण गरेर मुहार पुस्तिकामा प्रथमपटक प्रकाशित भएको हो । साइनो यहीँबाट सिर्जना प्रारम्भ गरेको नवीन साहित्यिक विधा हो । नवीन शिल्पशैलीयुक्त लघुकविता साइनो सुरुवातको पाँचौं वर्ष पूरा गरी छैटौं वर्षमा हिँड्दै गर्दा प्रणेता न्यौपानेको 'साइनो सिर्जना' (२०८१) नामक साइनो कवितासङ्ग्रह प्रकाशित भएको हो । यसै कृतिको सेरोफेरोमा रहेर यहाँ पाठकीय दृष्टिकोण पस्किने जमर्को

गरिएको छ । स्रष्टा न्यौपाने पनि 'साइनो सर्जना' लाई यथाशक्य जादुमय कौशल प्रदर्शन गर्न चुकेका छैनन् । सो क्रममा साइनो कविताको प्रारम्भिक चरणको स्मरणलाई ताजा राख्न बाहिरी कभरमै प्रथम साइनो प्रस्तुत गरेका छन् । जुन यस्तो छ :

**मान्छे छैन इमानी**
**न सहरमा धन छ**
**न त झोपडीमा पिसानी ।**

यस लगत्तै साइनोको पहिलो हरफ सात अक्षरी प्रतिनिधि सप्तरङ्गी इन्द्रेनी, दोस्रो हरफ आठ अक्षरी प्रतिनिधि अष्टधातुको टावर र तेस्रो हरफ नौ अक्षरी प्रतिनिधि नवरत्न जडित विम्ब आउने गरी कृतिको बाहिरी गाता (कभर) तयार पारिएको छ । पुस्तकको शीर्षकले साइनो कविता विधाको प्रतिनिधित्व गरोस् भन्ने अभिप्रायले 'साइनो सिर्जना' शीर्षक दिइएको सजिलै बुझ्न सकिन्छ तर शीर्षक छनौटमा पर्याप्त ध्यान दिएको देखिँदैन । साइनो सिर्जना कृतिको पाना-पाना केलाउँदै जाँदा साना-साना लाइनले ठुला-ठुला विम्ब प्रयोग गर्दै कुशल शिल्पीका कलमबाट कलात्मक दृष्टिले सुसज्जित साइनो कविताहरू उनिएको पाइन्छ । भनिन्छ, शब्दकोशमा भेटिने शब्दभन्दा फरक अर्थ दिने शब्द कवितामा उन्न सकेमात्र कविता साँच्चिकै मन छुने कविता बन्छ । यस्तै शब्दद्वारा उनिएर गहन विषयको उठानसँगै कविको सशक्त उपस्थितिले पाठकको मनमा गहिरो छाप छोड्न सफल हुने विश्वास गरिन्छ । यहाँ चर्चामा ल्याइएका साइनो कविताहरू यसरी नै बुनिएका छन् । उदाहरणका लागि यो रचना पढौं :

**ढाक्यो बारी धोकाले**
**बुन्दै छ जाल स्वार्थले**
**उम्रेन विश्वासको बिउ ?** (पृ.५१)

नेपाली भाषामा 'साइनो' शब्दले नाता सम्बन्ध र परस्परमा मित्रताको मर्मबोध गराउँछ । साइनो कवितामार्फत यो साइनोलाई साहित्यसँग जोडेर जुन देशभक्ति, प्रकृति, संस्कृति र हाम्रा ऐतिहासिक विषयको उठानलाई छर्लङ्ग पारिएको छ, त्यो साइनो सिर्जनाको विशिष्ट परिचय हो । सत्ता राजनीतिका ओठबजानलाई व्यङ्ग्य-चेतको माध्यमबाट सशक्त प्रहार यस सङ्ग्रहका साइनो कवितामार्फत गरिएको छ । जस्तो :

**सिंहदरबारीमुला**
**राता रात ह्वात्तै मल्के**
**पाएछन् विदेशी युरिया ?** (पृ.२४)

यस सङ्ग्रहका साइनो कवितामा विचार र विषयको घनीभूत प्रस्तुति पाइन्छ । कोरोनाले ल्याएको गरेको पीडा, हामीले दैनन्दिनीमा भोगेका पीर व्यथाका कथाको समेत छोटो प्रस्तुतिको सटीक प्रहारले गर्दा साइनो कविता पढ्न मज्जा आउने गरी भाव प्रवाहित भएको अनुभूति हुन्छ । मानवीय चेतना, सद्भाव, नवीनता र व्यङ्ग्य चेतनाका दृष्टिले पनि साइनोका गुच्छाहरूमा किरा लागेको देखिँदैन । जीवनबोधका हरेक क्षण उत्साहजनक रही सात, आठ र नौका चौबिस अक्षरी ३ पङ्क्तिमाला बनेर सामाजिक फोहर बढार्ने गरी प्रस्तुत कृतिका साइनो

कविताहरू सलल बगेका छन् । यस हिसाबले कृति बोधगम्य र पठनीय बनेको छ, जुन पाठकको मनमा गहिरो छाप छोड्न सफल देखिन्छ । यसै कृतिको एउटा साइनो कविता :

**बारी यो सिर्जनाको**
**बिउ माग्छ साधनाको**
**सम्झना सूत्र हो साइनो** ! (पृ.२३)

'साइनो सिर्जना' कृतिमा गाताबाहेक जम्मा ८८ पेज छन् । जसमध्ये २२ पेजमा भूमिका, शुभकामना, प्रकाशकीय र लेखक्यौली अटाएका छन् भने ६६ पेजमा सर्जकका ७८९ (सात सय उनान्नब्बे) ओटा साइनो कविता समेटिएको छ । कविता कृति भए मुस्किलले ५०/६० ओटा कविता समेट्न सकिन्थ्यो । यसमा अटाएका साइनो कविताको सङ्ख्याले भने सर्जकलाई नाक फुलाउने अवसर दिएको छ । यहाँ सङ्गृहीत साइनो कविताका पङ्क्तिले आ-आफ्नो स्वतन्त्र सन्देश दिएका छन् तथापि कृतिकार न्यौपाने साइनो कविताका प्रवर्तक पनि भएका कारण होला साइनो कविताको पाँच बर्से ऐतिहासिक यात्रा सफल हुनुमा यस अवधिमा प्रकाशित १८ ओटा साइनो कविता सङ्ग्रह र सैद्धान्तिक सामग्रीसहितका कृतिहरूलाई साक्षीको रूपमा पेस गरिएको छ । नेपाली, संस्कृत, थारू, अवधी, हिन्दी, अङ्ग्रेजी समेत विविध भाषाका साइनो कविताहरू मार्फत साइनो सिर्जनाको विश्वव्यापी यात्रा जारी रहेको सन्देश दिन खोजिएको छ, जुन स्वाभाविक पनि लाग्छ । जस्तैः

**पाँच बर्से साइनो**
**साक्षी बने कृतिहरू**
**जारी छ विश्वव्यापी यात्रा** ! (पृ.८८)

समग्रमा भन्नुपर्दा साइनो सर्जकको आफ्नो हृदयले देखेका कुराहरू सिर्जना गर्ने वस्तु भएकोले सर्जकको अन्तरमनले देखेका कुराहरू नै कृतिमा समेटिने हो । कृतिमा समावेश उत्कृष्ट र पठनीय साइनो रचनाले साइनो कविताको सैद्धान्तिक स्वरूपलाई अवलम्वन गर्दै स्थापित विधाको रूपमा परिचय गराउन मद्धत पुऱ्याएको देखिन्छ । पाठकको मनमा नेपाली मन-माटाको सिर्जनात्मक सुगन्ध वास बस्ने वातावरण निर्माण गरेको छ । कविताको आन्तरिक पक्ष र लयविधान सशक्त र उच्चकोटिको छ ।

सङ्क्षिप्तमा, डा. छायादत्त न्यौपाने 'बगर'ले नेपाली साहित्यको फाँटमा साइनो कविताको बीजाधान गरी नवीन कविता शैली प्रस्तुत गर्न सफल भएका छन् । बगरबाट उब्जाउ योग्य खेतबारी हुँदै 'साइनो सिर्जना' र हालसम्म उब्जिएका अन्य कृतिहरूले मौलिक शैली पस्किँदै साहित्यिक जगमा आशा लाग्दो बिरूवा उमारेर हुर्काउँदै छन् । जसलाई अरू धेरै स्रष्टाहरूले पछ्याइरहेको पाइन्छ । यो सिर्जनाको सूत्रात्मक प्रस्तुतिको दिने तिख्खर स्वादले नेपाली साहित्यको इतिहासमा आफ्नो स्थान सुरक्षित गरिसकेको यस घडीमा कृतिकार न्यौपानेका अन्य कृतिजस्तै यसले पनि सफलताको शिखर चुमोस् र साइनो विधाको विश्वव्यापी यात्रा झाँगिँदै जाओस् । हार्दिक शुभकामना !

*अर्जुनचौपारी-२, स्याङ्जा*

# नवराज रिजालको प्रस्ट विचारको प्रतीकात्मक कृति : 'अनि तिमी' को चिरफार



– डा.छायादत्त न्यौपाने 'बगर'

साहित्यले समयको फेर समातेर समाजलाई डोऱ्याउँछ । सर्जकले जीवन बचाइका सामाजिक, सांस्कृतिक, राजनीतिक गतिविधिले दिने अनुभूतिमा कल्पनाको रङ पोत्ने भाषिक अभिव्यक्ति साहित्य हो । स्रष्टा नवराज रिजाल यिनै बहुविधामा कलम चलाउने प्रतिभा हुन् । उनी चार दशकभन्दा लामो समयदेखि नेपाली वाङ्मयको श्रीवृद्धिमा समर्पित छन् । कथा/लघुकथा, कविता, नियात्रा, समालोचना, बालसाहित्य सिर्जना गर्दै आएका उनका झन्डै दुई दर्जन साहित्यिक कृति प्रकाशित छन् । उनी नवप्रज्ञापन साहित्यिक त्रैमासिक पत्रिका सम्पादन/प्रकाशनको माध्यमबाट नवस्रष्टालाई प्रोत्साहन, अग्रजलाई सम्मान तथा समकालीनसँग सहकार्य पनि गरिरहेका छन् । यसर्थ उनी सिर्जना, समालोचना र अनुसन्धान क्षेत्रमा सुरूचिपूर्वक साधना गरिरहेका साधक हुन् । यहाँ स्रष्टा रिजालको 'अनि तिमी' (२०७९) मुक्तक कृतिको सङ्क्षिप्त चर्चा गरिएको छ ।

नवराज रिजाल (२०२२) सामाजिक यथार्थ चित्रण गर्ने स्रष्टा हुन् । उनी समसामयिक समाजका परिघटना टपक्क टिपेर सिर्जना सुन्दर सिर्जना गर्छत् । उनका सिर्जना वर्तमान समाजका बेथितिजन्य गतिविधिप्रति कटाक्ष गर्छन् । यसर्थ समतामुखी सन्देश दिनु, असहाय जनताको पक्षमा वकालत गर्नु, जीवनवादी चेतनामा जोड दिनु, पसिनाको सम्मान गर्नु, सामाजिक विभेदको अन्त्य गरी न्यायिक समाजको पक्षमा बहस गर्नु रिजालका लेखकीय विशेषता हुन् । यहाँ अध्ययनको विषय बनाइएको कृति ' अनि तिमी' रिजालको मुक्तक सङ्ग्रह हो । यसमा सङ्कलित मुक्तकीय लघुकविता वर्तमान समाजले खेपेका विगत माथिका झटारा हुन् । स्रष्टा रिजाल 'अनि तिमी' मार्फत राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, स्वास्थ्य आदि क्षेत्रमा देखिएका समस्याहरूको चिरफार गरी सुसंस्कृत नागरिक चरित्र निर्माणका लागि पाठकहरूसमक्ष आह्वान गर्छन् ।

मुक्तक संरचनाका दृष्टिले छोटो हुन्छ । सङ्क्षिप्तमा साहित्यिक स्वाद पस्कनु मुक्तकीय सामर्थ्य हो । रिजालका मुक्तकले तुकबन्दीमा

बाँधिएर जीवनबोधी अनुभूति व्यक्त गर्छन् । प्रगतिवादी चिन्तनका पक्षपाती स्रष्टा रिजालका मुक्तक सामयिक परिस्थितिजन्य विम्ब प्रयोग गरिएका सशक्त रचना हुन् । सिर्जनात्मक दृष्टिले मुक्तकको इतिहास छोटो देखिन्छ । कविगोष्ठीहरूमा फुर्को वा पुच्छर जोडेर सुनाउने कविहरूको चलनले मुक्तक परम्परा धानेको पाइन्छ । पछिल्लो समयसम्म आइपुग्दा कोरोना कालले अपनाएको अनलाइनमा स्रष्टाहरू जोडिएर छोटाछोटा रचना फेसबुक पेजमा पोस्ट गर्ने, सुन्नेसुनाउने होडबाजीले मुक्तकको विकास र विस्तारमा सघाउ पुऱ्यायो । यद्यपि नवराज रिजाल मुक्तक लेखनमा त्यो भन्दा पहिलादेखि रूचिपूर्वक सक्रिय हुँदै आएका स्रष्टा हुन् । कृति प्रकाशनको चाँजोचाहिँ कोरोनाकाल पछि मिलेको देखिन्छ ।

'अनि तिमी' मा ५२८ रचना सङ्कलित छन् । यी प्रत्येक रचना स्वतन्त्र छन् । एकै मुक्तकले पूर्णभाव दिनु मुक्तकीय स्वभाव हो । मुक्तकलाई कविताको लघुरूप मानिन्छ । यो परम्परित मान्यतानुसार ३,५,७हुँदै सेक्सपियरका १४ पङ्क्तिसम्मको संरचनालाई पूर्ण रचना मानिएको पाइन्छ । यही कृतिभित्र रहेको रमेश शुभेच्छुको भूमिका नुसार संस्कृत साहित्यशास्त्री भामहदेखि नेपाली साहित्यका वासुदेव त्रिपाठीसम्मले गरेका मुक्तकीय परिभाषालाई हेर्दा तेस्रो पङ्तिको स्वतन्त्र संरचनाले विषयसन्दर्भ बताउँछ र बान्कीका ३ पङ्क्ति तुकबन्दीले बाँधिएका हुन्छन् । रिजालका मुक्तक रचना यस मान्यतानुरूप संरचित देखिन्छन् ।

विषयवस्तुका दृष्टिले मुक्तकहरूमा विविधता पाइन्छ । समसामयिक राजनीतिमा देखिएको मच्चिँदो छिनाझम्टी, स्खलित विचार, भड्किँदो सिद्धान्त, राजनीतिक संस्कार विधिव्यवहारका कुरा मुक्तकमा आएका छन् । देशको स्वाभिमान र अभावग्रस्त जनताले राहत पाउने काम र योजनामा सहमति नभए पनि व्यक्तिगत सुख सुविधामा सर्वसहमति हुन्छ । गरेका करतुतबाट जोगिन जोगाउन सहमति हुन्छ आज सहमति भोलि नै पनि तोडिन्छ । सत्तामा हुँदा विदेशीका मनसुवा अनुसार काम गरिन्छ । देशको सबल विदेशनीति निर्माण गरी परिपालनाका लागि सहमती हुन सक्दैन । यस प्रकार विदेशीको बैसाखी टेकेर उभिने दरिद्र मानसिकतासित स्रष्टा रिजालको तीव्र असहमति छ । वर्तमान शासकहरू इतिहास बिर्सदै छन् । आश्वासनिक वाचा लत्याउने र स्वार्थलिप्त प्रवृत्तिले न देश बन्छ, न त जनताको जीवनमा परिवर्तन नै आउँछ । झुपडीको तमस हट्दैन । यसर्थ रिजाल जनता स्वयं सजग र सचेत भई यस्ता बेइमान र व्यभिचारीका विपक्षमा उभिन आग्रह गर्छन् ।

हिजो विचारको बिउ रोपेर सिद्धान्तको गोडमेल गर्नेहरू आज त्यसैलाई ध्वंस पार्न तल्लीन छन् । निर्माणतिर यत्न देखिँदैन । भाषणमा निर्माण हुन्छ, योजना र कर्म फाइलमा थन्किन्छन् । स्वार्थी कार्यकर्ताको घेराभित्र खुम्चिएर गुट-उपगुटपरिचालनमा व्यस्त रहने

निम्छरो सोच र अदूरदर्शी दृष्टिकोण राजनीति हुँदैन । नेतृत्व गर्नेहरू अहम्ले थिचिएको हुँदा विवेक परिचालन गरेर नैतिक मूल्यमा अडिन सकेको देखिँदैन । जता पनि बेइमानी, घुसखोरी, कमिसनकै बोलबाला छ । मानवताको खेती खडेरीले खाएको छ । जीवन बचाउने र सामाजिक आदर्शको रक्षा गर्ने सोच अनिकालमा परेको छ । यस्तै यस्ता बेथितिजन्य यथार्थ चित्रणमा रिजालका मुक्तक सफल छन् ।

मुक्तक विधागत मूल्यका दृष्टिले परिपक्व छन् । लेखकमा विधागत सचेतता छ । सरल भाषामा सामयिक बिम्बको उपयोग गरी समाजले खेपिरहेको बेथिति औँल्याइएको छ । आलोचनात्मक चेत राखेर सिर्जना गर्ने स्रष्टा भएका कारण विकृति विङ्गतिप्रति तीव्र असहमतिको गुलेली चलाउँछन् । उनी सुसङ्गतविधिव्यवहार गर्दै गतिशील समाज निर्माण हेतु वकालत गर्दै आइरहेका स्रष्टा हुन् । उनको यो कृतिले यसै मेलोमा अर्को गति थपेको छ ।

'अनि तिमी' कृतिको कभर पेज सुन्दर छ, नाम अनुसार चित्राङ्कन गरिएको छ । रङ संयोजन सुन्दर छ । कभर पेजमा स्रष्टाको नाम उल्लेख छैन । बजारमा आउने कतिपय कृतिमा विधा-परिचय कभरमै देखिन्छ । यसमा त्यसो गरेर बाहिरी सौन्दर्य घटाइएको छैन तर सर्जककै नाम नहुनु चाहिँ शृङ्गार नपुगेजस्तो देखिने रहेछ । यी केही सीमाहरू सामान्य हुन् । यी विषयमा लागेर कृतिले प्रवाह गरेको जीवनबोधी सन्देश र औँल्याइएको विकृतिप्रति तिखो प्रहार बिर्सन सकिन्न ।

नेपाली साहित्यले नयाँ कृति पाएको छ । नवीन प्रयोग शिल्पमा आएको यस कृतिका मुक्तकले नेपाली साहित्यको विधागत पहिचान दिने विश्वास छ । मुक्तक कविता क्षणविशेषको अनुभूतिजन्य स्वाद हो, ख्याल ठट्टा शैलीले व्यक्तिने सङ्क्षिप्त स्वरूपको संरचना ठान्नेहरूका लागि यो कृतिले बोकेको स्पष्ट जीवनदृष्टि गतिलो जबाफ बनेर आएको छ । यिनले सामाजिक जीवनको कथाबेथा र वैचारिक दृष्टिकोणबाट समतामुखी स्पष्ट सन्देश दिइएको छ । यसलाई सङ्क्षिप्त सिर्जनाबाट पनि जीवनवादी चेतना सम्प्रेषण हुन सक्छ भन्ने नमुना मान्न सकिन्छ ।

हिजोका दिनमा गरिब जनताका झुपडीमा उज्यालो ल्याउन, भोका पेट भर्न र नाङ्गा आङ ढाक्न जनपक्षीय व्यवस्था ल्याउने आश्वासन बाँड्ने पार्टी र तिनका नेताले विचार र सिद्धान्त रछानमा मिल्काएर निजी स्वार्थमा तल्लीन रहेको कटु यथार्थ चित्रण गर्न यो कृति सफल छ । यहाँका सबै मुक्तक सटीक छन् । सूत्रमा कवितात्मक भाव प्राप्त हुन्छ । बोलाइ र गराइमा पाइने बेमेल र वर्तमानप्रतिको तिखो व्यङ्ग्य प्रहारले रचना अत्यन्तै चोटिला बनेका छन् । विधागत जानकारीका लागि भूमिका र लेखकसँगको अन्तर्वार्ता पनि महत्त्वपूर्ण सामग्री हुन् । यी र यस्तै विशेषताले 'अनि तिमी' कृति अत्यन्तै पठनीय बनेको छ ।

# बद्रीप्रसाद ढकालको 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथक' कृतिको सेरोफेरो



– डिल्लीरमण सुवेदी

विश्वेश्वरप्रसाद कोइराला नेपालका महान् राजनीतिज्ञ र साहित्यकार हुन । वनारसको पृष्ठभूमिमा बाल्यकाल बिताएका कोइरालामा गान्धी र नेहरूको प्रभाव परेको देखिन्छ । नेपाली कांग्रेस पार्टीलाई एकजुट गरेर प्रजातन्त्र स्थापनाका लागि प्रवासमा बसेर सङ्घर्ष गरे ।

कोइराला राजनीतिज्ञ मात्र नभएर एक प्रतिभाशाली लेखक हुन । उनले नेपाली र हिन्दी दुवै भाषामा उत्कृष्ट साहित्यिक रचना लेखेका छन् । उपन्यास, कथा र कविताहरूले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनका उपन्यास तीन घुम्ती, सुम्निमा, नरेन्द्र दाइ, मोदी आइन, हिटलर र यहुदी, बाबु, आमा र छोरा, कथा दोषी चश्मा र श्वेतभैरवी, जीवनी आफ्नो कथा, आत्मवृत्तान्त र जेलजर्नल आदि हुने । उनका विचार र कृति आज पनि प्रासङ्गिक छन् । समय र सन्दर्भलाई लिएर उनका कृतिमा विषयवस्तु निर्माण गरिएका हुन्छन् । कोइरालाका उपन्यासहरूमा मिथकको प्रयोग निकै प्रभावकारी र अर्थपूर्ण ढङ्गले गरिएको छ । मिथकलाई केवल कथाको सजावटको रूपमा मात्र प्रयोग गरेका छैनन् बरू उनले मिथकलाई आफ्ना सामाजिक, राजनीतिक र दर्शनीय विचार व्यक्त गर्नका लागि शक्तिशाली माध्यम बनाएका छन् । मिथकको माध्यमबाट विगत र वर्तमानलाई समन्वय गरेका छन् । मिथकको पुनः प्रयोग तथा युगानुकूलनको अवस्थालाई चित्रण गरी मानवतावादको परिप्रेक्ष्यमा आफ्नो विचारसमेत प्रस्तुत गरेका छन् । उनका उपन्यासमा महाभारतका विभिन्न पक्षका चित्रणसँगै पात्रको मनोदशा, परिवेश र त्यसले वर्तमानमा समेत लामो प्रभावको विश्लेषण गरिएको छ । मिथकमा मानवीय कुरालाई अतिमानवीय पारेर प्रस्तुत गरिएको हुन्छ ।

वास्तवमा मानव जातिले रचेको अतिमानवीय (देवीदेवता, दैत्य, दानव, राक्षस, भूत, प्रेत आदि) को कथा नै मिथक हो । यसबाट प्रतीकात्मक रूपमा मानवीय समस्या व्यक्त गरिन्छ । मिथकले यथार्थलाई अतियाथार्थिक पारेर प्रस्तुत गरेको हुन्छ । यो लहडीको सृजना मात्र होइन । यसले सत्य वा तथ्यलाई प्रतीकात्मक पारेर प्रस्तुत गर्दछ । यही गुणले गर्दा मिथक सदा आकर्षक, नवीन र पठनीय हुन्छ । यस कृतिमा

अन्य समालोचनाका साथ मिथकीय समालोचना पनि समावेश गरिएको छ । साहित्यका विविध समालोचनाभित्र मिथकको पनि गहन भूमिका निर्वाह गरेको पाइन्छ । साहित्यको स्रोत मूलतः मिथक हो र मिथककै गर्भबाट साहित्य जन्मेको हुन्छ । दुवैमा सृजनात्मकता, प्रतीकात्मकता, कल्पनात्मकता, भावनात्मकता, अतिशयोक्तिमूलकता, सुन्दरता, कलात्मकता, भावगम्भीरता, चामत्कारिकता जस्ता विशेषता विद्यमान् रहन्छन् । दुवैका संरचक तत्त्व प्रायः समान हुन्छन् । दुवैको भाषाशैली उस्तै देखिन्छ । यति हुँदाहुँदै पनि दुवैमा धेरै अन्तर पनि छ । दुवै स्वतन्त्र छन् । मिथक पहिले रचिन्थ्यो भने साहित्य सधैं रचिन्छ । मिथक पुरानो र स्थिर हुन्छ भने साहित्य नित्य र नवीन परिवर्तनशील हुन्छ । यसरी दुवै स्वतन्त्र र भिन्न भएपनि साहित्यले भने मिथकको उपयोग सधैं गरिरहेको देखिन्छ ।

समालोचनाले मिथकलाई आधार मानेर साहित्यको अध्ययन गर्दछ । मिथकीय तथा आद्यरूपीय समालोचनाभित्र भाषाविज्ञान, सांस्कृतिक मानवशास्त्र, मनोविज्ञान, विज्ञान, दर्शन, इतिहास प्रतीकविज्ञान आदि विषय पनि समाविष्ट देखिन्छन् । त्यसैले यो समालोचना अन्तरविषयक हुन्छ । यिनै विषयले मिथकीय तथा आद्यरूपीय समालोचनालाई समृद्ध बनाएका छन् । आदिमतापरक र मनोविज्ञानपरक समालोचनासँग यसको अत्यन्त निकटको सम्बन्ध देखिन्छ । त्यस्तै यसले साहित्यको वस्तु र रूप दुवै पक्षको अध्ययन पनि गर्दछ । मिथकीय समालोचनाका आधारमा साहित्यको अध्ययन ऐतिहासिक, तुलनात्मक र विश्लेषणात्मक विधिबाट गर्न सकिन्छ । त्यसरी नै सांस्कृतिक मानवशास्त्र, मनोविज्ञान, दर्शन, प्रतीकविज्ञान, इतिहास, भाषाविज्ञान आदिमध्ये कुनै एक आधारमा वा सबै आधारमा पनि साहित्य वा साहित्यिक कृतिको अध्ययन गर्न सकिन्छ ।

समालोचक बद्रीप्रसाद ढकालले अत्यन्त मिहिनेत गरेर लेखेको 'विश्वेश्वरप्रप्रसाद कोइरालाका उपन्यासमा मिथक' नामक कृतिमा मिथक तथा आद्यरूपका प्राचीन पक्ष, परिभाषा तथा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास साहित्यमा प्रयोग भएको मिथकको सूक्ष्म अध्ययन गरिएको छ । त्यसैले यो कृति महत्त्वपूर्ण र गम्भीर देखिन्छ । यसमा समालोचकको समालोचकीय सीप राम्ररी प्रकट भएको देखिन्छ । उनले सिद्धान्तलाई आधार विश्वेश्वरप्रसाद कोइरालाका मिथकीय उपन्यासको विश्लेषण गरेका छन् । यस पुस्तकमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका मोदिआइन, सुम्निमा र हिटलर र यहुदी उपन्यासलाई मिथकीय आधारमा विश्लेषण गरेर मिथकीय सिद्धान्तको पुष्टि गर्न खोजेका छन् । त्यसैले यो शोधमूलक र खास ढाँचामा संरचित देखिन्छ । त्यसैले यस कृतिको दोहोरो महत्त्व छ, पहिलो मिथकीय सिद्धान्तको प्रारूप, परिभाषा सन्दर्भको चर्चा भएको छ भने अर्कोतिर यसले साहित्यलाई मिथकीय वा आद्यरूपीय समालोचनाको सैद्धान्तिक पद्धतिबाट व्याख्या र विश्लेषण गरेको छ । कोइरालाका गहन कृतिमाथि समालोचना गर्न सक्नु आफैमा चुनौतिपूर्ण रहेको

छ । त्यसमाथि पनि मिथकको खोजी, विश्लेषण र अनुसन्धान गर्न कठिन छ । त्यसैले पनि होला उनका उपन्यासमा मिथकीय खोज र विश्लेषण गरिएका कमै पुस्तक प्रकाशित छन् । जसमध्ये बद्रीप्रसाद ढकालद्वारा लिखित पुस्तक "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथक" हालै प्रकाशित यस पुस्तकमा कोइरालाका उपन्यासहरूमा प्रयोग गरिएका विभिन्न मिथकहरूको गहन विश्लेषण गरिएको छ । यस पुस्तकमा लेखकले कोइरालाका विभिन्न उपन्यासहरूमा प्रयोग गरिएका मिथकहरूलाई उद्धृत गर्दै, तिनको सन्दर्भ, अर्थ र उपन्यासको समग्र कथानकमा पार्ने प्रभावको विस्तृत व्याख्या गरेका छन् । सात अध्यायमा विभाजित पुस्तकका विश्वेश्वरप्रसाद कोइरालाको जीवनका मुख्य पक्ष, मिथक र नेपाली साहित्य, कोइरालाका उपन्यासमा मिथकीय कथानक, मिथकीय पात्र, मिथकीय परिवेश, मिथकीय शिल्प आदि समेटिएका छन् ।

लेखक ढकालले कोइरालाका विभिन्न उपन्यासहरू जस्तै 'सुम्निमा', 'मोदिआइन', 'हिटलर र यहुदी' आदिमा प्रयोग गरिएका विभिन्न मिथकहरूलाई पहिचान गरी त्यसको सूक्ष्म विश्लेषण गरेका छन् । लेखकले यी मिथकहरूको स्रोत, कथानक, पात्र, परिवेश र शिल्पजस्तै नेपाली लोककथा, पौराणिक कथा, आदि केलाएका छन् । साथै, उनले यी मिथकहरूको सामाजिक, सांस्कृतिक र धार्मिक सन्दर्भमा रहेको अर्थलाई व्याख्या गरेका छन् । लेखकले उपन्यासको कथावस्तुसँग कसरी मिथकहरूले उपन्यासको कथावस्तुलाई अगाडि बढाउन र पात्रहरूको विकासमा भूमिका खेलेका छन् भन्ने कुराको गहन अध्ययन गरिएको छ । लेखकले मिथकहरूमा प्रयोग गरिएका विभिन्न प्रतीकहरूको अर्थ र तिनले उपन्यासमा कस्तो भूमिका खेलेका छन् भन्ने कुराको व्याख्या गरेका छन् । लेखकले उपन्यासहरूमा प्रयोग गरिएका मिथकहरूले समाजको कुन पक्षलाई प्रतिनिधित्व गर्छन् र समाजका विभिन्न समस्याहरूलाई कसरी उजागर गर्छन् भन्ने कुराको विश्लेषण गरेका छन् । लेखकले उपन्यासहरूमा प्रयोग गरिएका मिथकहरूले राजनीतिक सन्देश कसरी दिन्छन् र समाजमा परिवर्तन ल्याउन कस्तो भूमिका खेल्छन् भन्ने कुराको व्याख्या गरेका छन् । लेखकले कोइरालाका ती तीन उपन्यासलाई मिथकीय आधारमा विश्लेषण गरेर मिथकीय सिद्धान्तको पुष्टि गर्न खोजेको देखिन्छ । यसैगरी नेपाली साहित्यमा मिथकको प्रयोगबारे बुझ्न यो पुस्तक उपयोगी हुनेछ । कोइरालाको साहित्यिक योगदानलाई नयाँ आयामबाट बुझ्न पनि यो पुस्तक महत्त्वपूर्ण छ ।

अन्त्यमा, बद्रीप्रसाद ढकालद्वारा लिखित "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथक" पुस्तकले कोइरालाका उपन्यासहरूमा मिथकको प्रयोगबारे एक विस्तृत र गहन अध्ययन प्रस्तुत गरेको छ । यो पुस्तकले कोइरालाका उपन्यासहरूलाई नयाँ दृष्टिकोणबाट हेर्न र बुझ्न चाहने पाठकहरूका लागि निकै उपयोगी छ ।

*कीर्तिपुर, काठमाडौँ*

# कपिल लामिछानेको कृति 'मन्त्रीको मुस्कान'को वास्तविकतालाई नियाल्दा



– तेजप्रसाद पन्थ

प्रा डा कपिल लामिछाने (२०१५) लामो समयसम्म प्राध्यापन पेसामा संलग्न रहेर वर्तमानमा सेवा निवृत्त जीवन बिताउँदै छन् । प्राध्यापन पेसाको साथमा साढे चार दशक साहित्यका विविध विधामा लामिछानेले सशक्त रूपमा कलम चलाउँदै आएका छन् । पेसाले सेवा निवृत्त भए पनि लेखन कार्य, प्रशिक्षणमूलक कार्य, साहित्यिक संस्था र सामाजिक सेवाका क्षेत्रमा अहिले पनि लामिछानेको लोभलाग्दो सक्रियता रहेको छ । वि.सं. २०३४ सालमा बनारसबाट प्रकाशित कल्याणी पत्रिकामा 'कामना' शीर्षकको कविता प्रकाशन गरी साहित्यतर्फ वामे सरेका लामिछाने वि.सं. २०४२ सालमा मिर्मिरेमा प्रकाशित 'मोहभङ्ग' नामक कथाबाट कथाका क्षेत्रमा प्रवेश गरेका हुन् । भाषा साहित्यका विविध विधामा उत्तिकै कलम चलाउन सक्ने लामिछानेलाई मूलतः आख्यान विधाले चर्चाको शिखरमा पुऱ्याएको छ । विशेषतः नेपाली लघुकथा लेखनका क्षेत्रमा लामिछाने राष्ट्रिय स्तरमा स्थापित कथाकारका रूपमा सुपरिचित छन् ।

छोटो संरचनामा घटना वा कथावस्तुलाई केन्द्रमा राखेर प्रभावकारी भाव सम्प्रेषण गर्ने, छोटो भएर पनि आफैँमा पूर्ण, मितव्ययी अभिव्यक्ति भएको, खँदिलो आख्यानात्मक सिर्जनालाई लघुकथा भनिन्छ । छोटो समयमै विचार वा भावको सम्प्रेषण बिजुलीको झिल्का प्रकट भई पाठकको मस्तिष्कलाई तरङ्गित बनाउने गुण लघुकथामा पाइन्छ । छोटो संरचना भए पनि घटनाको आदि, मध्य र अन्त्यको तालमेल मिलेको हुन्छ । घटना, कथानक, पात्र, परिवेश, भाव, भाषाशैलीका दृष्टिले लघुकथा सानो भए पनि पूर्ण रहेको हुन्छ । छिटो छरितो रूपमा भाव सम्प्रेषण गरी पाठक मनलाई झङ्कृत पार्न सक्ने भएकोले वर्तमानमा लघुकथाप्रतिको आकर्षण बढेको पाइन्छ । लामिछनेका दर्जनौँ कथा, लघुकथासङ्ग्रह प्रकाशित छन् । ती मध्ये मन्त्रीको मुस्कान (२०८०) पछिल्लो समयमा प्रकाशित भएको लघुकथासङ्ग्रह हो । यसभित्र एक वा दुई पृष्ठसम्मका ५४ ओटा लघुकथाहरू सङ्कलित छन् । यहाँ यिनै कथाहरूको सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

मन्त्रीको मुस्कान लघुकथासङ्ग्रहमा कथाहरूको

संरचनालाई हेर्दा क्षणभरमा पढिसकिने छोटा लघुकथा छन् । देखेका भोगेका र अनुभव गरेका नेपाली समाज र आफू बसेको परिवेशको यथार्थ बिम्ब उतार्ने कला लामिछानेमा देखिन्छ । लघुकथाभित्र समाज, संस्कृति, परिवेश र देशको अवस्थाको यथार्थ चित्र छ । विकृतिको पर्दाफास गरिएको छ । विकृत पक्षबाट सजग रहन आग्रह गरिएको छ । सत्ता र शक्ति फुत्किएपछि नङ्ग्रा बिनाको सिंह जस्तो भइने डरले विकृत राजनीतिभित्र ढाँटेर, छलेर चुनाव जित्न गरिने नक्कली प्रपञ्चलाई देखाइएको छ । दिनमा फरक भाषा, धर्म, समुदायका मान्छेले एकले अर्काको विरोध र ढुङ्गामुढा गरे पनि रातमा रक्सीको टेबलमा एक भएको अचम्मको दृश्य देखाइएको छ । मान्छेले जतिसुकै वैज्ञानिक चमत्कार र प्रगति गरे पनि उसभित्र खुट्टा तान्ने प्रवृत्ति जीवित रहेको छ ।

अस्पतालमा बिरामी जाँचका नाममा हुने बेथिति देखाइएको छ । सुरक्षाकर्मीबाटै असुरक्षित रहेको त्रसित समाजको अवस्था छ । फेसबुकमा लाइक, कमेन्ट नआएर चिन्तित बनेका मानिसको मनोदशाको मनोविश्लेषण गरिएको छ । कमिसनको भरमा सुरक्षाकर्मीले नै तस्कर चोरलाई भगाउने गरेको दृश्य छ । व्यवस्था बदलिए पनि व्यवस्थापक नबदलिएका, राजनीतिक नियुक्तिले देश अस्थिर बनेको, विकास गर्नभन्दा भागवण्डा र खाने बेलामा भ्रष्ट दलका नेताहरू एकतामा बाँधिएको देखिने परिवेश छ । मान्छेले आफ्नै अस्तित्वलाई चिन्न नसकेको, सकारात्मक सोचले मन सफा हुने विचार व्यक्त छ । समाजमा नारी विभेदका कुरा उठे पनि पुरूष विभेदका कुरा उठ्न नसकेको दुखेसो छ । विदेशमा जाने पुरूषले सम्पत्ति र श्रीमती गुमाएर घर न घाटको हुने अवस्थाको सङ्केत छ । कर्म नै महान् भएको, असल कर्म र सामाजिक प्रतिष्ठा नै ठुलो सम्पत्ति हुने र प्रतिष्ठा कमाउन दुःख सहनुपर्ने चर्चा छ । समाजमा जो चोर उसैको ठुलो स्वर हुने प्रवृत्तिलाई देखाइएको छ ।

छिमेकीको बदनियत र छिमेकीसित साँधमा हुने किचकिचको यथार्थ चित्र छ । उमेर वृद्ध भए पनि जवानी वृद्ध नहुने शिष्ट रतिरागको विषय छ । आफ्ना आमाबाबुप्रति आदर भाव प्रकट गर्ने तर सासूससुरालाई समान रूपमा नहेर्ने नारी प्रवृत्ति छ । सन्तान बिदेसिएपछि घरमा बुढाबुढीको मनोभाव कमजोर हुने वर्तमान दृश्य छ । सडक बालबालिका, स्कुले बालबालिकाको दुरावस्थालाई देखाइएको छ । समाजमा न्याउरी मारी पछुताउने मान्छेको प्रवृत्तिको चित्र अङ्कित छ । मान्छेको मन नै सर्वोपरिभएकोले मन नभए केही नहुने भाव छ । वर्तमानमा मोबाइलले पारेका दुष्प्रभावलाई देखाइएको छ । यसरी माक्सले वास्तविक अनुहारलाई छोपे जस्तै समाजमा रहेका विकृति विसङ्गतिलाई छोपेर देशको अवस्थालाई अन्योलमा राखिएको यथार्थ चित्र यी लघुकथामा रहेको छ । यस्तै विविध विषयका कथाहरू मन्त्रीको मुस्कान कथासङ्ग्रहमा रहेका छन् ।

यस लघुकथासङ्ग्रहमा रहेको ' मन्त्रीको मुस्कान' केन्द्रीय लघुकथा हो । यसमा प्राकृतिक विपत्तिले

धनजनको ठुलो क्षति भएको छ । गरिब, निमुखा जनतामाथि दशा लागेको छ, तर मन्त्रीलाई दसैँ आए जस्तो छ । प्राकृतिक विपत्ति भनेको मन्त्रीलाई सयर गर्ने र आनन्द लिने ठाउँ बनेको छ । अनुगमनका नाममा घुम्न र बिल भर्पाई गर्न पाइने र राहतका नाममा जनताका आँखामा छारो छरेर अर्को चुनाव जित्ने दाउ बनेको छ । विपत्तिले मन्त्रीलाई छुँदैन । चिन्तित बनाउँदैन । उल्टै खुसीयाली र मन्द मुस्कान थपेको यथार्थ भाव यस लघुकथामा चित्रण गरिएको छ ।

लामिछानेका लघुकथाहरू चटपटे जस्ता छन् । चटपटेका लागि सामान्य वस्तु नै प्रयोग गरिन्छ तर खाएपछि लामो समयसम्म जिब्रोमा त्यसको नुनिलो अमिलो र पिरोको स्वाद गढिलो रहन्छ । मुख रसाउँछ । जिब्रो ट्वाक्क पड्किन्छ । मन्त्रीको मुस्कानभित्रका लघुकथा पनि त्यस्तै छन् । घटना सामान्य छ । कथानक, पात्र र परिवेशको सम्मिश्रण भएपछि कथाको सन्देश प्रभावकारी रूपमा चम्किन्छ । पाठकको मनलाई झङ्कृत बनाएर सोचमग्न बनाउँछ । कालीगढको कलाले ढुङ्गालाई कुँदेर मूर्ति बनाएझैँ लामिछानेको कलमले शीतको थोपामा हिराको चमक भरिदिन सक्ने क्षमता राख्छ ।

विशेषतः लामिछानेका लघुकथाहरू यथार्थपरक लाग्छन् । जो कोहीको जीवनमा ती घटना घटेका हुन सक्छन् तर ख्याल हुँदैन । लामिछानेले त्यस्ता विषयलाई ऐनामा जस्तै छर्लङ्ग देखाइदिएका छन् । त्यसभित्रका विकृति, विसङ्गति, कुरीति, कुसंस्कार, विभेद, असमानता र अवमूल्यनलाई यथार्थपरक रूपमा देखाएर चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । त्यसैले वस्तुनिष्ठ यथार्थ परिवेशको चित्रण गर्न सक्नु लघुकथाकार लामिछानेको अर्को लघुकथागत विशेषता हो । लामिछानेका लघुकथामा विम्बात्मक अभिव्यक्ति पनि उत्तिकै सशक्त र खरो रूपमा प्रकट भएको पाइन्छ । समाजका विकृत पक्षमाथि एकलव्यको वाणले जस्तो निसाना लगाएका छन् ।

व्यङ्ग्यात्मक अभिव्यक्ति मार्फत् लघुकथालाई रोचक बनाउँदै कौतूहल प्रदान गर्नु लामिछानेको अर्को लघुकथागत विशेषता देखिन्छ । लामिछाने भाषिक जटिलतातर्फ रूमलिन चाहँदैनन् । भाषा सरत्व र सहज रूपमा बगेको पाइन्छ । सरल, सहज, सङ्क्षिप्त र मितव्ययी भाषाको प्रयोग गर्नु लामिछनेको थप विशेषता देखिन्छ । सामाजिक परिवेशभित्र रहेर समसामयिक घटनालाई सम्प्रेष्य कथ्य भाषाको माध्यमबाट अत्यन्त सटिक रूपमा अभिव्यक्ति प्रस्तुत गर्नु लामिछानेको अर्को विशेषता देखिन्छ ।

मूलतः निरन्तरको साधनाले लामिछानेका लघुकथाहरू चोटिला र मार्मिक बनेका छन् । आफ्नै जीवनका भोगाइ जस्ता अनुभूतिलाई सामाजिक परिवेशको यथार्थसँग जोडेर विविध पक्षको चित्राङ्कनले लघुकथाकारको कदलाई माथि उठाएका छन् । मन्त्रीको मुस्कान लघुकथासङ्ग्रहका कथाहरू अत्यन्त पठनीय र मननीय रहेकाले आख्यानकार लामिछानेलाई थप उचाइमा पुऱ्याउन अवश्य सहयोग गर्ने छन् ।

# डा. शेखरकुमार श्रेष्ठको कृति 'गाँठो' फुकाउने प्रयासभित्र अलमलिँदा



**– दयाराम दुवाडी**

कविता, समालोचना र मूलतः कथाका क्षेत्रमा सुपरिचित नाम हो, डा. शेखरकुमार श्रेष्ठ । साहित्यका विविध क्षेत्रमा कलम चलाइरहेका डा. शेखरकुमार श्रेष्ठको हालसालै 'गाँठो' कथासङ्ग्रह प्रकाशित भएको छ । सुसेली साहित्यिक प्रतिष्ठान फर्पिङ, काठमाडौँबाट प्रकाशित कथासङ्ग्रह 'गाँठो' मा जम्माजम्मी १३ ओटा कथा सङ्गृहीत छन् । २४० पृष्ठमा विस्तारित प्रस्तुत कथासङ्ग्रह लेखक श्रेष्ठको चौधौँ साहित्यिक कृति हो । आकारका हिसाबले सङ्गृहीत कथाहरू ११ देखि २५ पृष्ठसम्म फैलिएका छन् । सबैभन्दा छोटो कथा छैँटौँ क्रममा रहेको 'समयान्तर' ११ पृष्ठ र सबैभन्दा लामो कथा पहिलो क्रममा रहेको 'पुछिएको आँसु' २५ पृष्ठको रहेको छ । अधिकांश कथाका विषय यौनसँग सम्बन्धित भएकाले प्रस्तुत कथासङ्ग्रहले कथाकारलाई यौन विषयक कथाकारका रूपमा चिनाएको छ भन्न सकिन्छ ।

सङ्ग्रहको पहिलो कथा हो 'पुछिएको आँसु' । यौनजन्य विषय समेटिएको प्रस्तुत कथामा आफ्नी श्रीमती बिरामी भएर यौन आनन्द दिन नसक्ने हुँदा पनि अनुशासनमा बस्ने सदाचारी, अनुशासित र आदर्शवादी पुरूष पात्रलाई देखाइएको छ । आफूले श्रीमान्लाई यौन सन्तुष्टि दिन नसकेकोमा ग्लनिको सिकार बनेकी श्रीमतीले श्रीमान्को यौनचाहना पूर्तिका निम्ति काम गर्ने बहानामा एउटी विधवा युवतीलाई घरमा भित्र्याएको प्रसङ्ग रोचक छ । यौनिक विषयकै सेरोफेरोमा घुमेको दोस्रो क्रममा रहेको कथा 'देवी' मा पहिले रक्सी खाएर आउने श्रीमान्प्रति घृणा गर्ने श्रीमती पछि श्रीमान्ले रक्सी नखाई आउँदा रक्सी खान प्रेरित गर्छे । यौन प्रतीकहरूको व्यापक प्रयोग भएको प्रस्तुत कथामा 'यस संसारमा हरेक महत्त्वपूर्ण कुरा दुला, कुना र पहाडमा छन् । (पृ. ४५) 'त्यहाँ पनि त कहिलेकाहीँ रातो पोतेकै हुन्छन्' । (पृ.४५) 'महिलाले सबै दुलो कहाँ राम्रो बनाउँछन् ? बाहिर देखिने मात्र राम्रो बनाउँछन् । (पृ.४४) 'महिला जीवनको पोखरी हो । जसमा पौडिन जाने आनन्द आउँछ । उसैबाट एउटा जीवन वारिबाट पारि

पुग्छ ।...कति पोखरीमा पौडनु भो ?' (पृ. ५३) जस्ता वाक्यहरूले कथालाई रोमाञ्चक र कौतूहलपूर्ण बनाएका छन् ।

तेस्रो क्रममा रहेको कथा 'गाँठो' यस कथासङ्ग्रहको शीर्ष कथा हो । प्रस्तुत कथामा भ्रष्ट्राचारमा लिप्त प्रशासनिक व्यवस्था, सासूससुरालाई बोझका रूपमा लिने आधुनिक बुहारीहरू र एकल परिवारमा रमाउँदै गरेको वर्तमान समाजप्रति कटाक्ष गरिएको छ । चौथो क्रममा रहेको 'कैफियत' कथामा कसको कुन कैफियतले जीवन दुष्कर भएको हो कसैले मेसो पाएका छैनन् । पैसाको उन्मादले अन्धो बनेको दिनेश घर परिवार र आफन्त दुख दिनकै लागि मात्र भएको र तिनीहरूको कहिल्यै आवश्यकता नपर्ने ठान्छ । आफ्नै काकाको सम्पत्ति हत्याएर धनी भएको दिनेशमा किन वंशानुगत गुण आएन भन्नेमा दिनेशका बाबु र आमा दुवैका आआफ्नै गोप्य कैफियत छन् कथाले हिजो आज बढ्दै गएको भड्किलो संस्कृति र अनुत्पादक क्षेत्रमा हुने ठुलो खर्चप्रति सचेत गराएको छ ।

समय कथामा जागिरको निम्ति भौँतारिएको युवाको कथा छ । जागिरको कामना गरी भगवान्को भक्त बनेको युवा ईश्वरको स्तुति र धर्मबाट मात्र जीवन चल्दैन भन्ने यथार्थवादी सोचमा पुग्छ । स्वाभाविक प्रक्रियाबाट प्राप्त हुने सुख दुखलाई दैवी शक्तिबाट वा धार्मिक अनुष्ठानबाट प्राप्त भएको ठान्ने मानवीय स्वभाव प्रस्तुत कथामा व्यक्त भएको छ । यो देशमा कठोर मन भएका र पापकर्म गर्न नडराउनेहरूले मात्र आर्थिक, सामजिक र राजनीतिक उन्नति गर्न सकेका तर सोझा र इमान्दारहरू सधैँ कि त विदेश पलायन हुनुपर्ने कि त स्वदेशमै कष्टकर जीवन भोग्न बाध्य हुनुपर्ने यथार्थलाई कथाले मार्मिक ढङ्गले प्रस्तुत गरेको छ ।

'परिवेश' सातौँ कथा हो । यस कथामा कार्यक्रमहरू नतिजा प्राप्त गर्न नभई देखाउनका लागि मात्रै गर्ने गरिएको तीतो यथार्थ प्रस्तुत भएको छ । आठौँ क्रममा रहेको कथा 'परिणाम' लाई यौन मनोवैज्ञानिक कथा मान्न सकिन्छ । लेखनको नौलो शैली अपनाइएको प्रस्तुत कथामा विभिन्न उपशीर्षक छन् । पण्डित कमलनाथलाई हात हेराएर यौन आनन्द लिने महिला, यौन सन्तुष्टिका निम्ति कृत्रिम साधन प्रयोग गर्ने पुरूष र पूर्ण हुन नसकेको यौनकुण्ठाका कारण प्राण जान नसकेको कमलनाथको मनोविज्ञानको विश्लेषण यस कथामा गरिएको छ । जीवन बाहिर जे देखिन्छ त्यो हुन्न, भित्र भित्र अनौठो तरिकाले जेलिएको हुन्छ र त्यसलाई बुझ्न कठिन हुने भाव परिणाम कथामा छ ।

नवौँ कथा 'मन' ले नारी मनोविज्ञान पस्किएको छ । आफ्नै श्रीमान्ले 'बुढी भइछ्यौ' भन्दा मानसिक रूपमा विचलित हुन पुगेकी महिलाका माध्यमबाट कथाकारले

नारीहरू आफ्नो प्रशंसा रूचाउने र बुढी भएको स्वीकार्न नसक्ने स्वभावका हुन्छन् भन्ने यथार्थ प्रस्तुत गरेका छन् । 'डायरीमा आमा' कथा दशौँ क्रममा रहेको कथा हो । अमूर्त भैँ लाग्ने प्रस्तुत कथामा देशमा व्याप्त अन्याय, अत्याचार, भ्रष्ट्राचार र बेथितिका विरूद्ध आवाज उठाइएको छ भन्न सकिन्छ । आमालाई प्रतीकका रूपमा लिएर प्रतीकात्मक आत्महत्या गराई आत्महत्याको कारण देशको बेथिति हो भन्ने भाव कथामा छ ।

'अप्रमाणित हत्यारा' कथामा अहिले पनि समाजमा लैङ्गिक, जातीय, वर्गीय र धार्मिक विभेद रहेकोमा असन्तुष्टि जनाएको छ । पवित्र प्रेममा जात र वर्ग ऐँजेरूको रूपमा रहेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । पहिलो प्रेममा धोका खाएको युवाले दोस्रो प्रेमपछिको विवाहलाई आफ्नै कारणले श्रीमतीको हत्यासम्म पुऱ्याएको सङ्कीर्ण पुरूष सोचलाई कथाले प्रस्तुत गरेको छ । अर्को यौनिक विषय प्रस्तुत भएको कथा हो 'रहर' । बाह्रौँ क्रमको यस कथामा शारीरिक र मानसिक रूपमा कमजोर भए पनि जैविक/यौनचाहना कमजोर नहुने यथार्थलाई लठेब्री पात्र पूजाका माध्यमबाट कथाकारले प्रस्तुत गरेका छन् । लठेब्री पूजाको बिहे गर्ने उत्कट चाहना, बिहे गरिदिन नसक्ने बाबुआमा र विभिन्न माध्यमबाट उत्कट यौन कुण्ठा प्रकट गर्ने पूजाका माध्यमबाट कथाकारले जीवनमा सबैका लागि यौन अपरिहार्य भएको तथ्य अघि सारेका छन् । 'नभेटिएको ईश्वर' यस कथासङ्ग्रहको अन्तिम कथा हो । प्रस्तुत कथामा ईश्वर सबै प्राणीमा हुने र धर्म गर्न मन्दिर नै जानु पर्दैन भन्ने भौतिकवादी सोच छ । दुखी महिलाको छोरालाई पढाइमा सहयोग गर्दै आएको पात्र आफूले पनि कसैको सहयोगमा पढ्न पाएर सफल भएको र आफूलाई सहयोग गर्ने पात्रलाई ईश्वर मानेको प्रसङ्ग छ ।

'गाँठो' कथासङ्ग्रहलाई सरसर्ती हेर्दा अधिकांश कथाहरूले यौनजन्य विषयलाई प्रस्तुत गरी यौनलाई अनिवार्य आवश्यकताको विषय ठानेको देखिन्छ । मनोवैज्ञानिक दृष्टिले हेर्दा कथाका धेरै पात्रहरू यौनकुण्ठाबाट ग्रसित छन् । यस सङ्ग्रहका कथाहरू पढ्दै जाँदा विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु र प्रेमा शाहका कथाका स्वाद भेटिन्छन् । झिनो कथावस्तु, पात्रहरूको मिहिन मनोविश्लेषण र सीमित पात्रका माध्यमबाट चरित्रप्रधान कथाहरू अब्बल बन्न पुगेका छन् । पात्रानुकूल संवाद, प्रशस्त टुक्का एवम् विम्ब र प्रतीकहरूको यथोचित प्रयोगले कथामा भाषिक संयोजन उत्कृष्ट बन्न पुगेको छ । कतैकतै स्त्रीलिङ्ग र पुलिङ्ग क्रियामा भेद नपाइनु, एउटै पात्रका नाम फरकफरक लेखिनु र सामान्य टङ्कण त्रुटितर्फ आँखा चिम्लने हो भने प्रस्तुत कथासङ्ग्रह समग्रमा उच्चकोटिको बन्न पुगेको छ भन्न सकिन्छ ।

*रत्ननगर-१३, चितवन*

# विमल अर्यालको कृति 'आवरण' को सेरोफेरो सुमसुम्याउँदा



– परशुराम पराशर

काठमाडौँ जिल्लाको गोकर्णेश्वर नगरपालिका वडा नं. ५ जोरपाटीमा स्थायी बसोबास गर्ने विमल अर्याल (२०१८) चालिसको दशक अगाडिदेखि नै साहित्यमा देखापरेका व्यक्ति हुन् । २०३८ सालदेखि साहित्यमा लगाव राखेका उनी केही साथीहरूका साथ लागेर सुरूमा 'कोपिला साहित्य समाज' त्यसपछि बौद्ध साहित्य समाजको स्थापना गरी 'मुक्का', 'आगमान' लगायतका समसामयिक साहित्यिक सङ्कलन प्रकाशनमा ल्याएर साहित्यिक मैदानमा पदार्पण गरेका थिए । २०४० सालमा 'बन्धुसङ्गम' पत्रिकामा प्रकाशित 'न्यानो घाम र शीतल पवनसँगै' शीर्षकको कविताले यो कुरा प्रष्ट पारेको छ । साहित्यको गद्यकविता विधालाई मूल विधा बनाए पनि उनले मुक्तकलाई समेत उत्तिकै अगाडि बढाएका छन् । हाल अभिनव साहित्य समाजको उपाध्यक्ष रहेका उनी भैरव स्मृति प्रतिष्ठान, भैरव पुस्तकालय, साहित्य सदन, घुम्ती कविगोष्ठी नेपाललगायतका धेरै साहित्यिक संस्थाहरूमा संलग्न छन् । समाजसेवी व्यक्तित्वका रूपमा चिनिएका कवि विमल नाम अनुसारको विमल हृदय भएका छन् । हालै उनले 'आवरण' कवितासङ्ग्रह (२०८१) लिएर पाठकसामु आएका छन् ।

यस 'आवरण' गद्यकवितासङ्ग्रहमा विविध स्वाद र विविध विषयवस्तु समेटेका ९२ ओटा कविता अटाएका छन् । कविताको अन्त्यमा लेखिएको मितिको हिसाबले यी कविता २०७० सालदेखिका रहेका छन् भन्न सकिन्छ । संरचनाका दृष्टिले यस सङ्ग्रहका कविता १० हरफदेखि ९५ हरफ सम्मका रहेका छन् । यसरी हेर्दा सरदर छोटा आयामका कविता नै छन् भन्दा हुन्छ । यसमा रहेका विविध विषयवस्तुहरूमध्ये सबैभन्दा बढी राजनीतिक विकृति र विसङ्गतिलाई लक्ष्य बनाएर व्यङ्ग्य गरिएका कविता छन् भने त्यसभन्दा कम सामाजिक विकृति, मानवीय कमजोरी र व्यक्तिगत स्वार्थप्रति तीक्ष्ण प्रहार गरिएका कविता छन् । त्यसै गरी प्रकृति, जीवन दर्शन आदिलाई पनि कविले विषयवस्तु बनाएका छन् ।

राजनीतिक व्यङ्ग्य समेटिएका कविताहरूमा नेता-कार्यकर्ताहरूलाई देश र जनताको हितमा लाग्न

सुझाएका, पार्टीभन्दा व्यक्ति हावी भएका नीतिप्रति व्यङ्ग्यवाण चलाएका, गणतन्त्रमा प्रजातान्त्रिक पार्टीको अवधारणाअनुरूप नै चल्नुपर्ने कुरा व्यक्त गरिएका कविता रहेका छन् । राजनीतिक पार्टीमा व्यक्ति हावी भएमा ऊ अहङ्कारी, दम्भी र निरङ्कुश बन्न पुग्छ नै । यही कुराप्रति कवि विमल अर्यालले व्यङ्ग्य गरेका छन् । कवि स्वयं पनि राजनीतितर्फ उन्मुख भएका व्यक्ति हुन् । आफ्नो प्रत्यक्ष सम्बन्ध भएका राजनीतिक दलहरू स्वार्थको दलदलबाट माथि उठ्न नसकेको देखेपछि कविले आफ्ना कवितामार्फत् आलोचना गरेका छन् । राजनीतिमा हुने गरेका कमीकमजोरी नजिकबाट नियाल्न पाएर पनि होला त्यसतर्फ उनको कलम चलेको । यस सङ्ग्रहभित्र व्यङ्ग्य तथा राजनीतिक आलोचनाले भरिएका कविताहरूमा 'आआफ्ना भाका', 'आफैँतिर', 'आजको लोकतन्त्र', 'आफूलाई समेत पखाल्नुपर्छ', 'अर्को उज्यालो मुस्कुराउनुअगाडि', 'आशा', 'अर्कोपटि', 'वर्तमानको चिना', 'बा ! बेलैमा सोच्ने हो कि', 'बाटो र फुटपाथ', 'विधि,पद्धति र खेल', 'विश्वास', 'बिछोड', 'चप्पल,जुत्ता र खुट्टा', 'छहारी', 'दायाँबायाँ लाग्नुछैन', 'ध्याउन्न', 'ढोका खुलेपछि', 'धोका', 'डाक्टर साब', 'गान्धीलाई गलत नठहऱ्याऊ', 'गति नबढाएसम्म', 'घाम', 'गुलाम', 'हाइ ! हाम्रो प्रजात्रन्त्र', 'त्यसैले कलम बोक्न थालेको हुँ', 'अझै ठाडो शिर भन्छौ', 'कुट बिक्छ न फुट', 'मरेको वर्तमान', 'मन', 'परिक्रमा', 'पिपलपाते', 'रूपान्तरण', 'सान्दाइ', 'म अर्कै बा खोजिरहेछु'लगायत रहेका छन् । यी कवितामार्फत् कविले आफू प्रतिनिधि भएर सर्वसाधारणको राजनीतिप्रतिको वितृष्णा र असन्तुष्टि व्यक्त गरेका छन् ।

त्यसैगरी सामाजिक विकृति विरूद्ध चेतना उरालिएका कविताहरू पनि यस 'आवरण'भित्र रहेका छन् । समाजको विकृत अवस्थालाई सपारेर असल समाज निर्माणका लागि लेखिएका सामाजिक विषयवस्तु भएका कविताहरूमा 'भेरीमा समाहित प्रेम', 'बिरामी र कुरूवा', 'छाती', 'दासधर्म', 'गीत', 'होस हराएपछि', 'जाऔँ साथी, कविता पढेर आऔँ', 'जितको आभास', 'खल्तीको मोबाइल', 'मरेको वर्तमान', 'राप हो कि शीतल', 'सगरमाथा', 'सकारात्मक बनौँ'लगायत कविताहरू छन् । यी कविताहरूले समाजप्रति सकारात्मक सन्देश दिएका छन् ।

कवि विमलका कविताले छिमेकी देशको ब्वाँसे चाललाई समेत छोडेको छैन । जसमा 'पूर्ण तस्बिर (मात्रचित्र)', 'अदृश्य स्वरूप', 'दशकौँदेखिको गिद्धेदृष्टि', 'गान्धीलाई गलत नठहऱ्याऊ' जस्ता कविता साक्ष्य बनेका छन् । कविलाई लाछीको संज्ञा भिराएर कविको इमान्दारीपनको फाइदा लिन खोज्नेलाई कविले प्रतिवाद गर्दै 'आँट छैन भन्नेलाई', 'आफूलाई समेत पराखल्नुपर्छ' र 'आफैँतिर' कवितामा ढाड सेकिने गरी भनेका छन् । उनका कविताले भगवान् गौतम बुद्धको आदर्शलाई 'हामी बुद्ध' कवितामार्फत् पस्केका छन् । प्रश्न गर्ने ठाउँ नहुँदा नहुँदै पनि तल पार्न

अनेकन लाञ्छनायुक्त प्रश्न सोध्ने जोरीपारीललाई 'अझै ठाडो शिर भन्छौ !' कवितामा स्पष्ट जवाफ दिनसमेत पछि परेका छैनन् ।

गद्यकवि विमल अर्यालका कविताले सामाजिक विकृति विरूद्ध चेतना उरालेका छन् । त्यसै गरी व्यक्तिगत विषय र मित्र वा आफन्तको खिचातानीलाई कवितामा ओकलेका छन् । त्यतिमात्र होइन आफ्नो देशप्रति प्रतिबद्ध रहने वाचा, युवाको विदेश पलायनलाई दुर्भाग्य सम्झने उठान, साहित्यप्रति समर्पण, स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य, जीवन दर्शनका कुरा, आशावादी बन्ने प्रेरणा, प्रकृति, संस्कृतिलगायतका विविध विषयहरूमा रचिएका कवितासमेत यस 'आवरण' कवितासङ्ग्रहमा सङ्ग्रहीत छन् ।

समग्रमा भन्नुपर्दा कवि विमल अर्यालले कवितालाई सावधानीपूर्वक रचना गरेका छन् । झिनामसिना कुराहरूलाई पनि विशाल विषयवस्तु बनाएर कविता सिर्जना गर्ने कविले आफ्नो कवित्वशक्ति चिनाएका छन् । कविमा भएको चेतना र बौद्धिक क्षमतालाई कवितामार्फत् पस्किएका छन् । उनमा भएको राजनीतिक चेतना, समाज सुधार्न आफैँ सुध्रिनुपर्छ भन्ने भावना, सामाजिक एकताको दृष्टि, देशभक्ति, प्राकृतिक सौन्दर्यप्रतिको आकर्षणले कवितालाई ओजपूर्ण बनाएको छ । उनको प्रगतिवादी चेतानाले कवितामार्फत् राजनीतिक भेदभाव, सामाजिक भेदभाव, छिमेकीको घाँटी निचोरेर माया गर्ने परम्परा, साथीभाइको खुट्टा तान्ने प्रवृत्तिविरूद्ध खुलेरै बोल्न लगाएको छ ।

यो कृति पठनीय अनि सङ्ग्रहणीय छ । यसमा उनिएका कविता सरल र बोधगम्य छन् । सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने कविता रहेको यो 'आवरण' कवितासङ्ग्रह अभिनव साहित्य समाजले प्रकाशन गरेको हो । १५६ पृष्ठको यो पुस्तकमा प्रा.डा.हेमनाथ पौडेलको सशक्त समीक्षा र अभिनव साहित्य समाजका अध्यक्ष गोविन्द घिमिरेको शुभकामना रहेको यो पुस्तकको मोल रू. ३००।– रहेको छ ।

*गौरादह–७, झापा*

**२०८१ सालको बडादशैं, शुभ–दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु–स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !**

**रसुवागढी हाइड्रोपावर कं.लि.**

**महाराजगञ्ज, काठमाडौं ।**

# ज्ञानेन्द्र विवशको 'अर्धकदको अवसान' कृतिभित्र आदि र अन्त्य



– डा. पुष्करराज भट्ट

ज्ञानेन्द्र विवश नेपाली निबन्ध साहित्यका विशिष्ट प्रतिभा हुन् । उनको जन्म वि.सं. २०२७ असार १२ गते खोटाङको चिसापानी-८ मा विष्णुमाया श्रेष्ठ एवं धननारायण श्रेष्ठका सुपुत्रका रूपमा भएको हो । ज्ञानेन्द्र पेशागत कामका हिसाबले काठमाडौं महानगरपालिकामा सहायक निर्देशक (अधिकृत स्तर सातौं) पदमा कार्यरत छन् । चित्रकला, सिर्जना र सामूहिक कला प्रदर्शनी कार्यमा आफ्नो उर्जा खर्च गरेको छन् । ज्ञानेन्द्रले टेलिभिजन, रेडियो र एफएममा कला, संस्कृति र साहित्य विषयक कार्यक्रम निर्माण तथा प्रस्तुति समेत गरेको पाइन्छ । उनको परिचयमा लेखक, सम्पादक अनि अनुवादक जोडिएर आउँछ । उनले साहित्य लेखन एवं कला क्षेत्रमा दिएको योगदानका लागि विभिन्न संघसंस्थाबाट सम्मान, पुरस्कार प्राप्त गरेका छन् ।

लेखक विवशले विं सं. २०४२ सालमा गोरखापत्रमा कलाकार अरनिको (निबन्ध) प्रकाशनसँगै लेखनयात्रा प्रारम्भ गरेका हुन् । उनले वि.सं. २०५४ सालमा संवेदनाका स्वरहरू संयुक्त निबन्ध संग्रहमा युवराज नयाँघरे, भीष्म उप्रेती र श्रीओम श्रेष्ठ 'रोदन'सँग सहकार्य गरेको पाइन्छ । यसपछि उनका प्रकाशित निबन्ध कृतिमा क्यानभासका तरङ्गहरू (२०५५), मृत्यु उत्सव (२०६०), आकृतिको आवाज (२०६१), अर्धकदको अवसान (२०८१) रहेका छन् । उनले नियात्रामा पनि आफ्नो सिर्जनात्मक उर्जा खर्च गरेका छन् । उनका राराकी अप्सरा (२०५८), प्रणय र पाइला (२०६१) नियात्रा कृति प्रकाशित छन् ।

अर्धकदको अवसान निबन्ध कृति वि.सं. २०८१ सालमा भुँडीपुराण प्रकाशनबाट प्रकाशित भएको हो । यस कृतिमा ३६ निबन्ध प्रकाशित छन् । कृतिका भूमिकाकार वरिष्ठ निबन्धकार तेजेश्वरबाबु ग्वंगःले निबन्धले वरण गरेका र गर्न खोजेका भाव कलामय संरचनामा सम्प्रेषित हुनु र तिनले पाठकका मनलाई पाठकीय आनन्द प्रदान गर्न सक्नु ठूलो उपलब्धि भएको विचार व्यक्त गरेका छन् । उनले ज्ञानेन्द्रका निबन्धमा प्रेम, प्रकृति र जीवनलाई उचाइमा पुऱ्याएर भावनाको खेती गरिएको विचार व्यक्त गरेका छन् । अर्का वरिष्ठ निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन' ले उनको

निबन्धकारिताको उच्च मूल्याङ्कन गर्ने क्रममा यो कृति ज्ञानेन्द्र विवशको मात्र प्रकाशन नभएर समकालीन निबन्धकारहरूका लागि पनि उपलब्धि भएको विचार व्यक्त गरेका छन् । ज्ञानेन्द्रका निबन्धहरू सामान्य विषयका भएपनि लेखकले यसलाई गम्भीर र अर्थपूर्ण बनाउनसक्ने सार्मथ्य राखेको बताएका छन् । श्रीओमले लेखक स्वयम् कलाकार र कलासमीक्षक भएकोले उनका निबन्धहरूमा पनि कलाचेतनाको सुवास भरिएको बताएका छन् । निबन्ध लेखनका वरिष्ठ लेखकका भनाइले पनि निबन्धकार विवशको लेखनको शक्ति र उनको सृजनात्मक सामर्थ्यलाई देखाउँछ ।

निबन्धकार ज्ञानेन्द्र विवश प्रकृतिका अथक गायक हुन् । उनका निबन्धमा नेपाली धर्तीको सुगन्ध पाइन्छ । उनले नेपालको हिमाल, पहाड, तराई, वनजंगल, पाखापखेराका गीत गाएका छन् । उनी प्रकृतिलाई जनजीवनका अनुभूतिसँग जोडेर प्रस्तुत गर्छन् । उनले प्रकृतिसँग जोडिएको मानवीय व्यवहारलाई प्रस्तुत गरेका छन् । उनले मानव जीवनको सृजना अनि प्रेरणामा प्रकृतिको प्रभावलाई दर्शाएका छन् । लेखकले प्रकृतिको वरदानलाई राम्ररी चिने मानव जीवन सार्थक बन्ने र मानिसले सफलताका सिँढी चढने विचार राखेका छन् । मानिसले प्राकृतिक प्रकोपको सामना गर्नुपर्ने अवस्थाको निर्माण मानिस स्वयंले निर्माण गरेको हो । प्रकृतिले दिएको वरदानलाई सही ढङ्गले उपयोग गरेर प्रकृति र जीवनलाई सँगसँगै लग्न सकेको खण्डमा जीवन सार्थक बन्दछ । उनको निबन्धकारिताको जग यही विचारको केन्द्रीयतामा उभिएको छ । लेखक ज्ञानेन्द्रका प्रकृति तिमीलाई सलाम, प्रकृति तिमी नभएर म, सौन्दर्यको व्यञ्जन, प्रकृति र जिन्दगी, पहाडसँग पैंठाजोरी, चरा चिरिबिरी, जन्तेढुङ्गा, बादल बयान, अनुपम प्रकृति, अपार अनुभूति हेर्नुको मज्जा, देख्नुको स्वर्ग, यात्रा र यादहरू निबन्धमा प्रकृतिको महिमागान गाइएको छ । उनका निबन्ध नेपाली प्रकृतिको गुणगौरव प्रस्तुत गर्नमा सक्षम छन् ।

निबन्धकार विवशका रचनामा हाम्रो देशको भूगोल र भूगोलसँग जोडिएको स्थानिय संस्कृतिलाई कुशलताका साथ प्रस्तुत गरिएको छ । शारदीय सौन्दर्य, ॠतुहरूमा मङ्सीर, चित्रमय क्यानभासमा मुस्ताङ, मुस्ताङी छटा र छवि, पहाडसँग पैंठाजोरी निबन्धमा मौसमको परिवर्तनसँगै समाजमा आउने परिवर्तनलाई प्रस्तुत गरिएको छ । उनले प्राकृतिक परिवर्तनले वातावरणमा परेको प्रभाव, मानवीय भावमा आउने परिवर्तन र अनुभूतिको सौन्दर्यलाई प्रस्तुत गरेका छन् । लेखकले नेपालको भौगोलिक विविधताको सम्मान गर्दै भूगोल विशेषको महत्व र त्यसले अर्थबोध गर्ने सौन्दर्यलाई कलात्मक तरिकाले प्रस्तुत गरेका छन् । उनको निबन्धमा अभावभित्रका सम्पन्नताको खोजी गर्ने, संस्कृतिको सुक्ष्मतालाई उत्खनन गर्ने अनि मानवीय निश्छलताको सजीव वर्णन गर्ने कार्य गरिएको छ । हिमाल अनि पहाडलाई दुःखको प्रतीक मान्नेहरू धेरै छन् तर यसलाई

प्रकृतिको वरदान, संघर्षको परिचायक, संस्कृतिको मौलिकपनले भरिएको, मानवीय सद्व्यवहारले सुन्दर र समृद्ध बनाएको देख्ने काम एक कुशल कलाकारले मात्र गर्न सक्छ । यसर्थमा निबन्धकार ज्ञानेन्द्र विवशभित्रको एक भावुक कवि र एक सचेत चित्रकारको छवि निबन्धमा आएको छ । उनको कवि र कलाकार व्यक्तित्वले निबन्ध लेखनलाई अझ प्रकाशमय पारेको स्पष्टतः देख्न सकिन्छ ।

निबन्धकार ज्ञानेन्द्र विवश मानवीय अनुभूतिलाई सजीवताका साथ प्रस्तुत गर्ने कलामा माहिर मानिन्छन् । उनको यही सजीवताको परिचायक बनेका निबन्धमा आफ्नो भनेको आफ्नै हुन्छ, हामी आफै आफ्नो होइनौं, भेटिनु-नभेटिनु, नभेटिएको भेट, जहाँ छन् बुद्धका आँखा, जिन्दगी जीवन्त जीउ तिमी, मायाको मीठास, माया-निर्माया, भेटिएको भेट निबन्धमा मानवीय व्यवहार र अनुभूतिलाई अघि सारिएको छ । आफ्नोपनको आभास, आत्मीयताका अनुभूति, सम्बन्धका विविध आयामलाई प्रस्तुत गर्ने कार्यमा निबन्ध सफल छन् । यी निबन्धमा एक आत्मपरक सौन्दर्यबोधी भावबाट पर समाजबोधी जीवनबोधका दृश्यावली प्रकट भएको हो । जीवन बाँच्ने क्रममा आउने उतारचढाव, मानिसका सम्बन्धका बहुआयामलाई देखाउनु, असल भावको चाहनाका साथै जीवनप्रतिको सार्थक चिन्तनलाई प्रस्तुत गर्ने काम निबन्धले गरेका छन् । यात्रा र अनुभूतिसँग जोडिएका निबन्धमा फडको मार्दै पाइलाहरू, हेर्नुको मज्जा, हेर्नुको स्वर्ग, यात्रा र अनुभूति यात्रा र जीवन अनुभूतिको रागले रङ्गिएका छन् । अर्धकदको सालिक सामाजिक दायित्वबोधले उत्प्रेरित निबन्ध हो । यसमा समसामयिक विकृतिको उत्खनन, शहीदको अपमान, राजनीतिले निम्त्याएका कलुषितता अनि सामाजिक विभाजनको चित्रणका साथै सामाजिक दायित्वबोध समेत आएको छ । झण्डा र झगडामा स्वाभिमानबोध, राष्ट्रियताबोधका साथै विसङ्गतिप्रतिको आलोचना पाइन्छ । रेडियो झङ्कारमा निजी अनुभूति आएको छ । जीवन यादहरूको दस्तावेज, यात्रा र यादहरू यात्रासँगै स्मृति-विम्बको प्रयोग गरिएका निबन्ध हुन् । यस्तो आर्शीवचनमाअसल बन्नुको भाव, शुभभावनाका साथै आदर्शको प्रस्फुटन पाइन्छ ।

ज्ञानेन्द्र विवश समयुगीन निबन्ध परम्पराका एक सशक्त हस्ताक्षर हुन् । उनले प्रकृति, संस्कृति र जीवनका विविध पक्षप्रति आफ्नो जीवनदृष्टि फुकाएका छन् । नेपाली प्रकृतिको महिमागान, नेपाली हुनुको गौरवबोध, मानव कल्याणको भाव, देश निर्माणको उत्कट चाहना, विकृतिमुक्त समृद्ध मुलुकको कल्पना उनको निबन्ध लेखनको खास पक्ष बनेर आएको छ । निजात्मक अनुभूतिलाई कलात्मक सौन्दर्यबोध गर्ने कार्यमा उनी कुशल मानिन्छन् । सृजना, सौन्दर्य र अनुभूतिका रङलाई समाजबोधी चेतनाले युक्त बनाएर जनजीवनका विविध पाटालाई उजागर गर्ने कार्यमा सफलता मिलोस् ।

*– धनगढी, कैलाली*

# वसन्तराज अज्ञातको कृति 'मखमली दरबार' को अभिरेखाङ्कन



**– प्रदीप सापकोटा**

अनुभूतिको गेयात्मक अभिव्यक्ति हो गीत । प्रबल प्रवाह गीत हो । काव्यविधामा गीतको आफ्नै पहिचान र स्थान छ । गीतको सम्बन्ध लोकसाहित्य र लिखित साहित्य दुवैसँग छ । गीत लयबद्ध हुनुपर्छ । गाउने उद्देश्यले लेखिएको हुनुपर्छ । मानवीय संवेगको सबैभन्दा बढी प्रतिनिधित्व गर्न सक्ने गेयात्मक सिर्जना हो गीत । गीतका सुरूका दुई (दुईभन्दा घटी-बढी पनि हुन सक्ने) हरफ स्थायी हुन्छन् भने बीचका चार चार हरफ रहेका हुन्छन् । जसलाई अन्तरा भनिन्छ । गीतको लागि अन्तरा अनिवार्य मानिन्छ । थालनीका दुई हरफ स्थायी भाग हुन् भने अन्तरा भाग गीतको मध्यभागमा हुने चार हरफको संरचना हो । गीतको अन्तरा जति पनि विस्तार हुन सक्छ । तर लयात्मकता चाहिँ गीतमा अनिवार्य छ ।

गीतकार वसन्तराज अज्ञात, निरन्तर सिर्जनाकर्ममा लागिरहेको व्यक्तित्व हो । उनका आधा दर्जन जति कृतिहरू नेपाली साहित्यले पाएको छ । यस्तै 'मखमली दरबार' उनको दोस्रो गीतिसङ्ग्रह हो । जसमा उनले प्रेमको बडो मार्मिक सम्बोधन गरेका छन् । मायाप्रेमका उत्ताल तरङ्गका अनुभूतिहरूलाई बडो मार्मिक ढङ्गले गीतमार्फत सार्वजनिक गरेका छन् । प्रेम गीतसँगै उनले विभिन्न विषयमा समेत गीत सृजना गरेका छन् ।

ऊनजस्तो न्यानो न्यानो माया तिमीलाई
जिन्दगीको सुख स्वर्ग सारा तिमीलाई (ऊनजस्तो न्यानो)

सङ्ख्याको हिसाबले बहत्तरवटा गीतहरू विषयगत हिसाबले पनि विविध छन् । तर शक्तिशाली छन् । भावनात्मक छन् । उनका जागृत आँखाहरूले देश देखेको छ । माटोको माया गरेको छ उनको मनले । देशप्रेमको छनक पनि मज्जैले उनका गीतमा पाइन्छ । विकृत वर्तमानमा देखिएका विभिन्न विसङ्गति विरूद्धको कडा शब्दप्रहार गीतमै पढ्न सकिन्छ । मनमा उठेका भावनाका लप्काहरू मज्जैले पोखेका छन् आफ्ना गीतहरूमा । भावनाहरूको मज्जेदार प्रस्तुति गरिएको छ । के छैन अज्ञातका गीतमा कल्पनाशीलता, भावुकता, कोमलता, सरलता सबै सबै छ । काव्यात्मक चेतको उच्चतम अभिव्यक्तिद्वारा भरिएका

गीतहरू उस्तै सुकोमल भावमा व्यक्तिएका छन् । हृदयलाई छोएर हृदयको नजिकबाट कलकल गीतका प्रवाहहरू बेजोड बनेर बगेका छन् । सामाजिक विकृति विरूद्धका सृजना पनि देख्न सकिन्छ ।

उनी अन्याय सहँदैनन् किनकि उनी सचेत कवि हुन् । सजग गीतकार हुन् । त्यसैले त अन्याय र अत्याचारको विरूद्ध शब्दहरू गुथेर सुन्दर तर तिखा मर्मभेदी प्रहार गर्न सक्षम देखिएका छन् ।

अन्तिम युद्ध लडौँ अब जित हाम्रै हुन्छ
काँतर भई भाग्यौँ भने इतिहास रून्छ (अन्तिम युद्ध लडौँ)

राजनीतिक बेइमानी गर्ने, जनतालाई झूट र भ्रामक शब्दको खेती गर्ने राजनीतिक दल र तिनका नेताहरूप्रति चट्याङ गर्जे जसरी कटाक्ष गरेको देखिन्छ । यसले गीतकारमा व्यङ्ग्यचेतको प्रबलता भएको कुरालाई प्रस्ट पार्छ । यसैगरी प्रस्तुत कृतिमा नमरूञ्जेल कुर्सीमोहमा लिप्त नेताहरूको विरूद्ध नयाँ पुस्ता राजनीतिमा आउनुपर्छ भन्ने भावनाका गीतहरू पनि छन् । भोगाइको संवेदना पनि उस्तै उम्दो ढङ्गले लेखेका छन् । आम जनताका समस्याहरू पनि गीतमार्फत उनले प्रकट गरेका छन् । समकालीन गीतकारहरूभन्दा उनी पृथक् देखिन्छन् कारण धेरै जसो गीतकारहरू मायाप्रेम, प्रणयबन्धन, मिलन बिछोड र राष्ट्रवादी गीत मात्र लेखेका देखिन्छन् तर उनी एक अपवाद लाग्छन् । हरेक क्षेत्र, समाजका हरेक पक्ष जसले उनको मस्तिष्क छोएर जान्छ त्यस विषयमा गीत लेखिहाल्छन् । अभावका पीडाहरू गीतमार्फत बोल्छन् । वर्तमानका पीडाबोधलाई समेत गीतमा उधिन्न भ्याएका छन् । प्रकृतिप्रेमी उनी प्रकृतिसँग सम्बन्धित विषयवस्तुका गीतहरू पनि कोर्छन् । पर्यावरणीय आवहवामा रङ्गिएर गीत कोर्न सदैव उद्दत देखिन्छन् । फूलजस्तै सुवासिला गीत, खोलाझैँ कलकल सङ्गीत भर्ने गीत आहा मनै पुलकित पार्छन् । मनका अतृप्त रहरहरू गीतमार्फत बर्हि‍र्‍याउँछन् । इमानदारीको फसल भित्र्याउनुको मज्जालाई पनि गीतमै व्यक्त गर्छन् । युवामा उत्साह भर्छन् । सत्कर्ममा एकताको आह्वान गर्छन् ।

बूँद बूँद मिल्यो भने सागर नै बन्न पुग्छ
युवाशक्ति जुटेपछि विकासको मूल फुट्छ । (बूँद बूँद मिल्यो)

गीतमा सृजनाका छाल उराल्न सफल गीतकार गीत र साहित्यप्रति समर्पित भावले गीत सृजना कर्ममा लागेका देखिन्छन् । सरलताका साथ गीतमा प्रस्तुत हुन सक्नु उनको सृजनाका विशेषता लाग्छन् । गीतमा व्यङ्ग्यको प्रहार गर्न सक्नु उनको समृद्ध चेतना लाग्छ । उनको निजीपन छ गीतमा । काव्य सौन्दर्यप्रति सचेत मर्मज्ञ लाग्छन् अज्ञात । भावनालाई सहजताका साथ सीधै पोख्न सक्नु गीतकारको खुबी लाग्छ । उनले हाम्रा सबै पक्षहरूलाई इमानदारिताका साथ बढी संवेदनशील भएर गीतमा उधिनेका छन् । यस्तो लाग्छ सृजनामा

कुनै परवाह गर्दैनन् गीतकार । गीत उनी मानवजातिको निम्ति लेख्छन् । हाम्रा भोगाइ र छटपटीहरूलाई गीतका रूपमा बाहिर ल्याएका अज्ञात सामाजिक, राजनीतिक, मायाप्रेम, प्रकृति, देशप्रेमबाट टाढा नभागी उत्तरदायित्वबाट बाँधिएका पनि छन् । भावनालाई अनुभूतिमा पर्गेलेर शिल्पमा कुद्ने उनको सत्प्रयास देखिन्छ ।

लाग्छ गीतहरू पढ्दा उनी गीतमै रमाउँछन् जसरी निर्बाध आकाशमा चरी स्वतन्त्रतापूर्वक कावा खाँदै उडिरहे झैँ । आहा, उनी जीवनका विभिन्न आयामलाई गीतमा गतिलो र मिहीन ढङ्गले उतार्न सिपालु छन् । गीतमा नकारात्मक भाव अहँ किमार्थ सोच्दैनन् । सत्कर्म, सत्प्रयास, सद्भाव र सामाजिक सन्तुलन उनका गीतका प्राण लाग्छन् । उनी आक्रोशमा पनि भाव ओकल्छन् । अभावमा पनि आशावादिताको पल खोज्छन् । सुदूरभविष्य सबैको होस् कामना र अपेक्षाका अक्षरको वर्षा गराउँछन् । उनका गीतले जीवन र जगत्लाई मज्जैले सम्बोधन गरेको पाउँछु । गीतमा पारङ्गत कुशल कालीगढ लाग्छन् वसन्तराज अज्ञात । मन्जुल छन् उनका गीतका शब्दहरू । भावहरू सुन्दर छन् । शब्दहरू सरल छन् । तपाईं-हामी सबैले महसुस गरेका कुराहरू गीतका बोल छन् । हाम्रै दैनिकी गीतका भाषा छन् । भावनात्मक रूपमा बलिष्ठ छन् । कला, भाषा, अनुभूति, भोगाइ, दैनिकी, मनको इच्छा सबैको साङ्गोपाङ्गो समेटाइले विविध विषयवस्तुका गति छन् । यसैले भन्न सक्छु 'मखमली दरबार' भित्र मुलायमताका भावहरू अभिव्यक्त गीतहरूको बाहुल्यता छ ।

गीतकै लयमा उनी अविछिन्न र अविराम बग्दै जाउन् । फूलको ठूलो थुँगाझैँ सुन्दर र महकिलो बास गीतले दिँदं जाउन् । पाठकको हृदय तरङ्गित पार्दै रचिएका गीतमा सङ्गीतहरू भर्ने अवसरहरू मिलुन् र स्रोताको समेत माया पाउन् कामना छ ।

*पनौती, काभ्रे*


**"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।"**

**हाम्रा सेवाहरु :-**

सावधिक जीवन बीमा, सावधिक (दोहोरो दुर्घटना लाभ समेत), बालबच्चाको शिक्षा तथा विवाह, जीवन साथी, जीवन सुरक्षा, म्यादी (मेरो जीवन बीमार हाम्रो जीवन बीमा) र सामूहिक सावधिक जीवन बीमा (राष्ट्रसेवक समेत) ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

**राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड**

**Rastriya Jeewan Beema Company Limited**

प्रधान कार्यालय :- रामशाहपथ, काठमाडौं, फोन नं. : ०१-५३६२५२०

इमेल :– info@rbs.gov.np, वेभसाइट : www.rbs.gov.np

# दिनेश थपलियाको कृति 'प्रेमिल जिन्दगी'भित्रको सौन्दर्य



– बद्रीप्रसाद ढकाल

दिनेश थपलिया (२०२०) मा संखुवासभा खाँदवारीमा जन्मेका हुन् । जनप्रशासन विषयमा स्नातकोत्तर गरेर २०४० साल देखि सार्वजनिक सेवामा संलग्न थपलिया साहित्यलेखनमा पनि सक्रिय व्यक्तित्व हुन् । कविता र मुक्तक विधामा साहित्य रचना गर्ने थपलियाको 'म गाउँ फर्किन्छु' (२०८०) कवितासङ्ग्रह प्रकाशित छ । 'प्रेमिल जिन्दगी' (२०८१) उनको अर्को प्रकाशित कृति हो । मुक्तक, गीत, कवितालगायत साहित्यिक विधा र विकेन्द्रीकरण, विकास प्रशासन तथा निर्वाचन केन्द्री विभिन्न विषयवस्तुमा आधारित रचनाहरू प्रकाशित भइरहेका पाइन्छन् । थपलियाभित्र प्रेमिल जागृतिका लहरहरू लहरीरहँदाको परिणामस्वरूप रचना भएको मुक्तकसङ्ग्रह हो, जसमा प्रेम-प्रणयका भाव र विचार बोकेका २४९ मुक्तक छन् ।

मुक्तक संस्कृत काव्यबाट आएको तत्सम् नेपाली शब्द हो । मुक्तक कविताको प्रगीतात्मक संरचनाभित्र पर्दछ । कविताको वृत्तात्मक अथवा चक्रात्मक ढाँचानुसार यसको विकास एवम् प्रसार गर्दा पटकपटक गरिने आवृत्तिको एक झड्का नै मुक्तक हो, जुन एक श्लोक अर्थात् चार हरफमा पूर्ण हुन्छ । मुक्तक शब्दले दिने अर्थ खुल्ला, स्वतन्त्र, बन्धनहीन, छुट्करित तथा फन्दामुक्त वा कुनै पनि कथासूत्रसँग निरपेक्ष भएको भन्ने हुन्छ । मुक्तकको शास्त्रीय मान्यता र मानक रूप चतुष्पदी हो । चार पदभन्दा माथि कविताले हाँगा विस्तार गर्न पुग्यो भने त्यो रचना मुक्तक बन्न सक्तैन । एकै श्लोकमा पूर्ण र समाप्ति भइकन पनि कम शब्दावलीले एकै झड्कामा चमत्कारिक तवरले गहनभाव सम्प्रेषण गरी पाठक हृदयमा आह्लाद पुऱ्याउनु मुक्तकको खास पहिचान तथा वैशिष्ट्य हो । पूर्वीय काव्यशास्त्रमा वर्गीकृत काव्यका विभिन्न भेदोभेदमध्येको मुख्यः भेद मुक्तककाव्यअन्तर्गत सम्पूर्ण लघु तथा लघुत्तम् आयामका रचनाहरूको आ–आफ्नै शैली शील्प र संरचना छन् । मुक्तकको कालक्रमिक अर्थमा मुक्तक काव्यभित्रका सम्पूर्ण आयामलाई मुक्तक मानिएता पनि मुक्तकको समकालिक वा एककालिक अर्थमा भने भिन्नता छ । समसामयिक अर्थमा मुक्तक भनेपछि स्वयम्मा पूर्ण एक चतुष्पदी रचना भन्ने ठहर्छ । मुक्तक कुल चार समवृत्त पदमा संरचित हुन्छ । मुक्तकले कथ्यभावको वर्णन

र व्याख्या गर्दैन । मुक्तकलाई केन्द्रीय मूलभावमा आनुप्रासिक संयोजनका साथ प्रस्तुत गरिन्छ । मुक्त शब्दले बन्धनहीन, स्वतन्त्र, फुक्का अर्थबोध गराए पनि मुक्तक उपविधाको संरचना छ । संरचनागत हिसाबले या उपविधा स्वतन्त्र छैन । यसका पनि आफ्नै नीतिनियमहरू छन् ।

मुक्तक जीवन जगत्का अनुपम अनुभूतिलाई रचनाको प्रवाह र काव्यिक अन्त्यका आधारमा तयार पारिएको रचना हो । छोटो चतुष्पदी रचनाका मुक्तकले मानवीय प्रवृत्तिका स्वाभाव प्रस्तुत गर्दै समाजमा देखिएका विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गर्छ । यसका साथै समस्याहरूलाई प्रतीकात्मक ढङ्गले व्यवस्थापन पनि गर्छ । सुझाव, सल्लाह, परामर्श र अर्ति उपदेश दिई सुधारको अपेक्षा पनि गर्दछ । त्यसैले मुक्तक सानोमा पूर्ण तथा चोटिलो रचना हो भनेर मानिएको छ ।

यस प्रेमिल जिन्दगी मुक्तकसङ्ग्रहमा समाविष्ट मुक्तकका विषयवस्तु हेर्दा विविधता पाउन सकिन्छ । अर्थात् सङ्ग्रहमा सङ्गृहित मुक्तकहरू एक नभएर अनेक विषयका छन् जसले धेरै विषयवस्तु र सन्दर्भलाई समेटेको पाइन्छन् । यहाँ समेटिएका केही मुक्तकमध्ये पहिलो मुक्तकमै राष्ट्रवादी चेतना र देशभक्तिको भावना यसरी अभिव्यक्त भएका छन् :

म जन्मेको गाउँ र हिंडडुल गरेको बाटो त्यहीँको

म हुर्केको ठाउँ र खनजोत गरेको माटो त्यहीँको

जहाँ पुगेपनि कहिले भुल्न सकिनँ मेरो जन्मभूमि

यो मुटुमा खोपेको जन्मस्थानको टाटो त्यहीँको । (-पृ.१)

आफू जन्मेको गाउँ र आफ्नो जन्मभूमिलाई सम्झेर मुक्तककार थपलियाले आफ्नो जन्मस्थानलाई विषय बनाएर मुक्तक रचना गरेका छन् । मुक्तक सङ्क्षिप्त, मितव्ययी, सूत्रात्मक, तुकान्त हुनुपर्छ भन्ने अनेकौं मुक्तकीय प्रवृत्तिलाई प्रायः हरेक मुक्तककारले आत्मसात् गर्दछन् मुक्तककार दिनेश थपलियाका मुक्तकमा पनि यी प्रवृत्तिहरू रहेका छन् । उनका प्रत्येक मुक्तकमा नवीनता वा नवनवोन्मेषिता देखिन्छन् । उनका मुक्तकमा यस्ता प्रवृत्ति यसरी व्यक्त भएका छन् :

म तिमीले रोजेजस्तो कसरी हुन सक्छु ?

म तिमीले खोजे जस्तो कसरी हुन सक्छु ?

आफैंले सोचे जस्तो त हुन सकेको छैन ?

म तिमीले सोचे जस्तो कसरी हुन सक्छु ? (पृ.११)

मुक्तकले उन्मुक्त भाव बोकेको हुन्छ । थोरै कुराले धेरै कुरा व्यक्त गर्न सक्ने सामर्थ्य राख्दछ । त्यसमा पनि एउटै विषयबीजलाई विभिन्न रूप, रङ, छटा, स्वाद र शिल्पसज्जामा रूपान्तरण गर्न सक्नु मुक्तककार थपलियाको प्रतिभाचातुर्य र कलाकौशलताको दृष्टान्त बन्न पुगेको छ । यस कृतिमा मुक्तकीय विषयले अधिकतम प्रणयजन्य अनुरागलाई व्याप्ति बनाइरहँदा पनि त्यसको प्रस्तुतिगत सौन्दर्य पटकपटक प्रेमिल रतिरागतर्फ उन्मुख गराउन सक्नु नै कवि थपलियाको प्राप्ति देखिन्छ । यसलाई मुक्तकमा

यसरी व्यक्त गरेका छन् :

तिम्रो तिर्सनामा कैयौँ रात
अनिंदो बिताएको छु
तिम्रो सम्झनामा कैयौँ रात
तकिया भिजाएको छु
हाम्रो सम्बन्धले अनौठो खेल
खेल्यो नियतिले,
जिन्दगीका कैयौँ हार सहेर
तिमीलाई जिताएको छु । (पृ.५०)

त्यस्ता शैलीशिल्पगत वा संरचनागत वैविध्यका कोणबाट हेर्ने हो भने पनि एउटै अनुप्रासीय कलालाई उनले अन्त्यानुप्रास, पदगत मध्यानुप्रास, पदांशगत मध्यानुप्रास तथा आदिमध्यानुप्रासका रूपमा प्रस्तुत गरेका छन् । थपलियाका मुक्तकमा प्रेमिल चिन्तन, अस्तित्ववादी चेतना, स्वअवस्थाबोध, पारिवारिक अवस्थाजस्ता कुराहरू प्रशस्त पाइन्छन् । उनका मुक्तकमा पर्यावरणदेखि व्यक्तिगत चरित्रका सूक्ष्म पक्षसम्मका यावत् कुराहरू आएका छन् । जीवन नकारात्मक नभएर सधैं सकारात्मक हुनुपर्छ र एउटा आदर्श बोकेर हिँड्नुपर्छ भन्ने मान्यताका साथ प्रेमिल कुरालाई खोज्दै आदर्श र सुखमय जीवनको कामना यसरी व्यक्त गरेका छन्ः

तिमी मायाको सुवास बनेर
छाइरहे हुन्थ्यो
तिमी पिरतीको मुस्कान बनेर
आइरहे हुन्थ्यो
तिम्रो अनुपस्थिति अभाव बनेर
दुखिरहन्छ मलाई
तिमी निरन्तर जवान बनेर
धाईरहे हुन्थ्यो । (पृ.६७)

यस प्रकारका प्रेम, प्रणय र रतिभाव व्यक्त भएका उनका मुक्तक सरल र सुबोध्य छन् । विचार र भाव व्यक्त गर्न तिनीहरूलाई सामान्यीकरण गर्न उनले सरल बोधगम्य शब्दको चयन गरेका छन् । यस हिसाबले उनीभित्र शैलीशिल्पमा पर्याप्त परिपक्वता पाइन्छ । यहाँका मुक्तकहरूमा जीवनका प्रेम, खुशी, पीडा, अभाव, सन्तुष्टि र अतृप्तीलाई छुने तथा आघातलाई सुमसुम्याउने क्षमता समेत् देखिन्छ । यसैबाट सांसारिक सन्तुलनको चाहना पनि अभिव्यञ्जित भएको प्रतीत हुन्छ । विविध विषयको अध्ययन, साधना र समर्पणका अनेक चरणपछि रचना गरिएका यी मुक्तकले उनलाई सम्भावना बोकेका मुक्तककारका रूपमा उभ्याएको छ ।

यस सङ्ग्रहमा समेटिएका मुक्तकहरू बहुमुखी जीवनचेतना बोकेर आएका भएपनि सौन्दर्यका दृष्टिले कलात्मक रहेका छन् । चतुष्पदीय ढाँचाका प्रायः अन्त्यानुप्रास मिलेका उनका मुक्तक सौन्दर्यका दृष्टिले पनि उपयुक्त छन् । विषयवस्तु, भाव, रूपक, सामर्थ्य र लोकोक्तिको प्रयोग आदिमा पनि मुक्तकहरूको गुण प्रचुर मात्रामा देखिन्छ । समग्र दृष्टिले उनका मुक्तक सिर्जना पठनीय र दीर्घप्रभावी देखिन्छन् । यसर्थ निर्धक्कसँग भन्न सकिन्छ थपलिया प्रमिल जिन्दगी मार्फत प्रतिनिधि नेपाली मुक्तककारका रूपमा उभिएका छन् । भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित मुक्तककार दिनेश थपलियाको प्रेमिल जिन्दगी मुक्तकसङ्ग्रह २७६ पृष्ठमा संरचित छ । पठनीय तथा सङ्ग्रहनीय यस पुस्तकको मूल्य रू. ५०० रहेको छ ।

*चिसापानी, चन्द्रागिरी*
*नगरपालिका -०२, काठमाडौँ ।*

# मञ्जु घिमिरे दाहालको 'चेतनाको तरङ्ग' भित्र आदर्शमय चेतलाई चिहाउँदा



– बाबुराम पोखरेल

सङ्क्षिप्त सम्प्रेषणमा एउटा सिङ्गो विचार प्रभावकारी रूपबाट अभिव्यक्त गर्न सक्ने लोकप्रिय अभिव्यक्ति मुक्तक हो । विम्ब र प्रतीकको संयोजन, व्यञ्जनात्मक प्रस्तुति, व्यङ्ग्यात्मक अभिव्यक्ति, दृष्टान्त सामर्थ्य र शब्दार्थगत सौन्दर्यमा मुक्तकको तीव्र भावात्मक शक्ति निहीत हुन्छ । मुक्तक चोटिलो र गहन भावमय चतुष्पदीय र अनुप्रासयुक्त आवरण संरचनामा संरचित प्रभावोत्पादक पूर्ण कविता हो ।

संस्कृत साहित्यतर्फ हेर्दा ऋग्वेदकालीन एक श्लोकी सूक्त तथा मन्त्रहरू मुक्तकका प्रारम्भिक रूपहरू हुन् । संस्कृत साहित्यदेखि वर्तमानसम्म आइपुग्दा मुक्तक लेखनमा नारी स्रष्टाहरूको कलम पनि उत्तिकै तेजमय बन्दै गएको छ । उषा शेरचनको अक्षरहरूका शिविरबाट (२०५६), यकिना अगाधको ज्युँदो लास (२०५८), ऋचा लुइटेलको पग्लेर घाइते मनहरू (२०६१), सीता शर्मा उपासनाको निशा निमन्त्रण (२०६२), सृजना शर्माको जूनकीरीको उडान (२०६२) जस्ता कृतिहरूले मुक्तक लेखनमा नारी स्रष्टाहरूको अग्रता दर्शाएको छ । यस पछाडिका थुप्रै नारी मुक्तककारहरूका क्रममा विराटनगरलाई आफ्नो साहित्य सिर्जनाको कर्मथलो बनाएर साहित्य साधनामा तल्लीन मुक्तककार मञ्जु घिमिरे दाहाल पनि आफ्नो मुक्तकसङ्ग्रह 'चेतनाको तरङ्ग' (२०७९) लिएर मिसिएकी छन् ।

जन्मस्थान मुगा धनकुटा भएर पनि हालको कर्मभूमि विराटनगरलाई बनाइरहेकी मुक्तककार मञ्जु घिमिरे दाहालको यस कृतिमा जम्मा १५६ मुक्तकहरू रहेका छन् । नेपाल मुक्तक प्रतिष्ठान कोशी प्रदेश शाखा प्रकाशक रहेको चेतनाको तरङ्ग मुक्तकसङ्ग्रह भित्रका सबै मुक्तकहरू चतुष्पदीय र अनुप्रासयुक्त छन् । यस कृतिमा रहेका धेरैजसो मुक्तकहरू ओजपूर्ण र चामत्कारिक छन् ।

अभिधात्मक कथनको न्यूनताले लाक्षणिक र व्यञ्जनात्मक कथनको आधिक्यताको सङ्केत गर्छ । अलङ्कारवादीभामहलेअतिशयोक्तिभित्र वक्रोक्तिको उपस्थिति देखेजस्तै मञ्जु घिमिरे दाहालका मुक्तकहरूमा व्यञ्जनात्मक अभिव्यक्तिमा वक्रोक्ति समाहित छ । लौकिक कथनको गर्भमा अलौकिक उक्तिको उपस्थितिले उनका मुक्तकहरू आलङ्कारिक बनेका छन् । अलङ्कार बाह्य सौन्दर्यात्मक मात्र नभए आन्तरिक क्षमता र

सशक्तिकरणका माध्यमबाट प्रकट भएका देखिन्छन् । कतिपय साहित्यकारहरू आवरणात्मक सौन्दर्यमा रम्छन् भने कतिपयको आलङ्कारिक सौन्दर्य भावको गर्भमा हुर्किएको हुन्छ । यसरी अर्थालङ्कारको उपस्थितिले चेतनाको तरङ्ग आलोकित छ । चातुर्यपूर्ण, सुन्दर र विनोदात्मक उक्तिलाई धेरै विद्वान्हरूले वक्रोक्ति मानेका छन् । लोकप्रचलित कथनमा अलौकिक तथा वैचित्र्यपूर्ण कथनको सम्मिश्रण र अन्तरघुलनको प्रभावका कारण यी मुक्तकहरू चातुर्यपूर्ण विनोदात्मक कथनले परिवेष्ठित देखिन्छन् । यो उनको काव्यात्मक विशेषता हो ।

सौन्दर्य-छटाले युक्त कवि-कर्मकौशल सफल साहित्यको आन्तरिक स्वरूप हो । बाह्यभन्दा आन्तरिक सुन्दरताले बौद्धिक र सहृदयी पाठकहरू आह्लादित बन्दछन् । चेतनाको तरङ्ग कृतिले सहृदयी र सुकोमल पाठकको खोजी गरेको छ । 'सादा जीवन, उच्च विचार' भन्ने उक्ति मानौँ यसै कृतिको विश्लेषणका लागि लोकमा चलेको होस् भन्ने आभाष हुन्छ ।

चेतनाको तरङ्ग मुक्तकसङ्ग्रह भित्रका मुक्तकहरू केलाउँदा यस्तो लाग्छ- समाज, राष्ट्र, घटना, परिघटना, जीवनदर्शन, जीवन भोगाइका सन्तोष-असन्तोष, जीवनका सुखदुख, विकृति विसङ्गति, आदर्श उपदेश आदि विविध विषय क्षेत्रहरू समेटेर यो कृति आएको छ । यस कृतिभित्रका अधिकांश मुक्तकहरू गहन भावलाई उजागर गर्न सक्षम छन् । नारी अस्मिताको रक्षा गर्न निकै सकस खेपिरहेको नेपाली समाजलाई एउटा पाठ सिकाउनै पर्ने महशुस भइरहेको बेला मुक्तककारको उद्घोष आएको छ-

जागरणको चौतारीमा सुस्ताउँदै उभिन मन छ
देशमा क्रान्तिकारी अगुवाइ मलाई लिन मन छ
'महिला पनि मान्छे हो त?' शंका अझै देख्दा
नारीशक्ति यही हो भन्ने चिनाइदिन मन छ ।

नारीवादी भावनाले भरिएको र रमरम क्रान्तिकारी चेतसहितको यो मुक्तकले समाज रूपान्तरणको बाटोमा समेत भूमिका निर्वाह गर्नेछ । अहिले महिला साहित्यकारले मात्र होइन जोसुकै सचेत नागरिकले नारी शक्तिलाई अब्बल शक्तिको रूपमा स्वीकार्न आवश्यक छ । महिला अस्तित्वबोधलाई आफ्नो आदर्श बनाएर मुक्तकमा प्रस्तुत हुनुले मुक्तककारको कोमल र आदर्शमय नारीवादी चिन्तन यहाँ देख्न सकिन्छ ।

जीवन के हो ? जगत् के हो ? यी प्रश्नहरूको उत्तर जटिल छ । जटिल हुँदाहुँदै पनि यस पक्षमा विविध विचारहरू आइरहन्छन् । यसै सन्दर्भमा जीवनदर्शनका पक्षमा आफ्नो प्रतीकात्मक धारणा यस मुक्तकमा अभिव्यक्त भएको पाइन्छ ।

चौतारीको भेटघाट पनि पर्खिनलाई गारो हुन्छ
महत्त्वपूर्ण भन्दाभन्दै जीवन एकदिन छारो हुन्छ
लामोछोटो भन्दा पनि जीवन मीठो पर्खाइ हो,
मैत्रीपूर्ण साथ यहाँ सबैभन्दा प्यारो हुन्छ ।

प्रेम सुखद् जीवनको पर्याय हो । प्रेमको वारेमा यो सकारात्मक धारणा

हो । प्रेमलाई पिडकको रूपमा लिने अभिव्यक्तिहरूको पनि नेपाली जगत्मा कत्ति खाँचो छैन । तर यस कृतिमा मुक्तककारको दृष्टि अटल, दिगो, विश्वासिलो र भरपर्दो प्रेमका पक्षमा छ । अति शिष्ट र सरल भाषामा प्रेमलाई जीवनको अभिन्न अङ्गको रूपमा स्वीकारेर प्रेमलाई धोकाभन्दा निकै टाढा राख्नु मुक्तककारको सफलता हो ।

यस कृतिभित्र ठाउँठाउँमा मीठो मायाको ब्याख्यान छ । निकै श्लिल र शिष्ट भाषाको माध्यमबाट दिगो र भरपर्दो मायालाई प्राथमिकतामा राखेर जीवन धान्ने कला सिकाउन यहाँका कतिपय मुक्तकहरू सफल छन् । माया अपरिहार्य छ तर मायाका नाममा भएका उत्शृङ्खल परिवेशप्रति मुक्तकहरू सचेत छन् ।

देशको माया मुटुभरि राखेर देशप्रेम ओकल्ने मुक्तककारहरूको लहरमा यस कृतिका सर्जकलाई उभ्याइएन भने हाम्रो दृष्टि अधुरो ठहर्छ । यस पुस्तकमा मातृभूमिप्रतिको अगाध माया सँगालिएका देशप्रेमले ओतप्रोत अभिव्यक्तिहरू धेरै छन् । जननी र जन्मभूमि समान हुन् भन्ने अभिव्यक्ति हामीले धेरै सुन्ने गरेका छौँ । जसरी जननीले दुख पाउँदा हाम्रो मुटु चोइटिन्छ । ठिक त्यसै गरी जन्मभूमिमा पनि सुखका अनुभूतिहरू यत्रतत्र अनुभूत गर्न पाइयोस् । यो कामना र देशलाई सपार्ने मोह मुक्तकहरूमा मुखरित भएको पाइन्छ । यहाँ देश बिग्रिएकोमा चिन्ता छ ।

काव्यमा अलङ्कारजन्य सौन्दर्य आशातित हुन्छ । अर्थालङ्कारको अतिरिक्त मुक्तककारले आफ्ना कतिपय मुक्तकहरूमा आलङ्कारिक पदावलीहरूको प्रयोग गरेको पाइन्छ । विविध शब्दालङ्कारको प्रयोगले मुक्तकहरू सौन्दर्यमय बनेका छन् । एउटा मुक्तकका पछिल्ला दुई हरफलाई यहाँ हेरौँ–

रङ्ग फेर्ने दोष जति छेपारोले पाए पनि, सङ्गतले
कोइलाले कित्लीलाई कति सारो कालो बनायो !

यहाँ कोइला, कित्ली, कति र कालो शब्दहरूले गर्दा एकै हरफमा 'क' ध्वनिको बहु–आवृत्ति छ । यस्तो अवस्थामा वृत्यानुप्रास प्रयोग भएको मानिन्छ । सबै मुक्तकहरूमा अनुप्रासको प्रयोग त भएकै छ त्यसमा पनि कतिपय मुक्तकहरूमा भने अन्य विविध अलङ्कारहरूको प्रयोग भएको हुनाले यस कृतिको गरिमा बढेको छ ।

अस्तित्वबोध, महिला सशक्तीकरण, भरपर्दो, दिगो र विश्वासिलो प्रेम, देशभक्ति, समाजबोध, सामाजिक विकृतिहरूको सुधार, विसङ्गतिप्रति व्यङ्ग्य आदि विविध चेतनाहरूले भरिएको यो एउटा आदर्शमय कृति हो । यस कृतिमा कुनै गालीगलौज, छेडछाड, तछाडमछाड छैन, अरूको अस्तित्वलाई समेत स्वीकारेर आफ्नो अस्तित्वलाई स्थापित गर्ने आदर्शमय चेतले भरिएको यस कृतिमा तीव्र भावबोधका दृष्टिले उत्तम मुक्तकहरू सँगालिएका छन् । अत्यन्त गहन भावलाई समेट्न सक्षम सुललित र नरम मुक्तकहरूले भरिएको यो कृति उत्तम साहित्यिक खुराक हो । गालीगलौज भन्दा अर्ति र उपदेश, आक्रमणभन्दा सल्लाह र सुझाव निश्चय नै प्रभावोत्पादक हुन्छ । यो कृति नरम, सौम्य, सुशील र आदर्शमय भावनाहरूको प्रस्तुती हो ।

– *बिराटनगर, मोरङ*

# परशुराम पराशरको लघुकथा कृति 'सावधान !' का विविध प्रसङ्गहरू



**– रामकुमार पण्डित**

थोरै शब्दमा धेरै भन्न सकिने, प्रतीकात्मकता, द्वन्द्व,संवादयुक्त, व्यङ्ग्यात्मक र चोटिलो अन्त्य भएको सिलसिलाबद्ध आख्यान, जसमा सुरु र अन्त्यमा विपरीत भाव रहेको हुन्छ । कथा डालीमा फक्रिएको एउटा फूल हो । जुन फूलको सुवास त्यसको प्रकृतिअनुसार वर या परसम्म फिँजिएको हुन्छ । कथा र लघुकथाका अन्तर्य धेरै मिल्दछन् । फरक यत्ति छ कि, लघुकथाले थोरै शब्दमा धेरै भन्ने क्षमता राख्दछ । यसको अन्त्य अणु बमझैँ विस्फोटककारी हुन्छ । झट्केदार अन्त्यले पाठकलाई सोच्न बाध्य बनाउँछ । यसै क्रममा हालै मात्र स्रष्टा परशुराम पराशरले पाठकमाझ सावधान लघुकथासङ्ग्रहको फूलको बोट लहलह पारेर देखाएका छन् । यसको डालीडालीमा बाउन्न ओटा फूलहरू फुलेका छन् ।

झापामा जन्मथलो भए पनि काठमाडौँलाई कर्मथलो बनाउँदै आएका परशुराम पराशर आधा दर्जन जति साहित्यक सङ्घसंस्थाहरूमा सक्रिय सहभागी छन् । अभिनवप्रभा त्रैमासिक साहित्यिक पत्रिकाको सम्पादक भएर कार्य गर्दै आइरहेका छन् । शिक्षण पेशामा आबद्ध पराशर मिलनसार व्यक्तित्वको रूपमा परिचित छन् । यो कृतिभन्दा अगाडि उनको "परिचय" कवितासङ्ग्रह प्रकाशित भएको थियो ।

'सावधान' लघुकथासङ्ग्रहको एउटा रूखमा नौ थरिका हाँगाबिँगा रहेकोले यो फूलको रूख कलमी गरेर फुलाएजस्तो आकर्षक रङ्गीचङ्गी देखिन्छ । यसमा रहेको हाँगाबिँगा यसप्रकार छन् ।

१ राजनीतिक हाँगा: राजनीतिक विषयवस्तुले भरिएको यस हाँगाको डालीमा 'भाषण, एकादेशको कथा, राजाको भ्रमण, रूख, सम्मान र सरसफाइ अभियान' शीर्षकमा फूलहरू फुलेको देखिन्छ । देशमा विद्यमान राजनीतिक विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै यस हाँगाका फूलहरू हाँसिरहेका छन् । स्वयं राजनीतिकर्मी आएर यो हाँगाको फूल हेऱ्यो भने ऊ रिसाउँदैन बरू कति सुन्दर रहेछन् यी फूलहरू कोही बेलीजस्ता, कोही चमेलीजस्ता भनेर आनन्दित हुँदै सुवास लिन्छ ।

नेताहरू भाषण मात्र गर्न जान्ने, काम गर्नलाई आलटाल गर्ने, भन्ने एउटा गर्ने अर्को बानी भएको आदि जस्ता भावहरू यी फूलभित्र रहेका छन् ।

२ साहित्यिक हाँगाः साहित्यिक क्षेत्रभित्र मौलाएका बेथितिहरूका फूल यस हाँगामा झुलेका छन् । 'कविता वाचन, सम्मान कार्यक्रम, प्रश्न, पुरस्कार, ताली, नियत र उपाय' शीर्षकका फूल बडो सुन्दर देखिन्छन् । कविता वाचनमा राजनीतिक नेतालाई प्रमुख अतिथि बनाउँदा, ती व्यक्ति ढिलो गरी आएर कार्यक्रम कुसमयमा हुन जाने, सम्मान आदि आफ्नैलाई दिने आदिजस्ता भाव यो हाँगाको फूल भित्र रहेका छन् ।

३ धार्मिक हाँगाः धर्मको नाममा अन्धोश्रद्धा, आडम्बर, पछौटेपनजस्ता पक्षलाई देखाएर अट्टहास गर्दै यस हाँगामा फूलहरू फुलेका छन् । ' विश्वास, धर्मभिरू, फरक, जुत्ता, कस्तो अचम्म र पूजा' शीर्षकमा फूल रहेका छन् । सयपत्री, थुङ्गे, मखमलीजस्ता फूलहरू यो हाँगामा देखिन्छ ।

४ सामाजिक हाँगाः जे भए पनि समाजको क्षेत्र अरू भन्दा फराकिलो हुन्छ । यहाँ पनि सामाजिक हाँगो ठुलो छ, जसमा अरू हाँगाका भन्दा धेरै फूलहरू फुलेका छन् । समाजमा भएका विकृति र विसङ्गतिलाई यहाँ फूलेका फूलको माध्यमबाट प्रष्ट बुझ्न सकिन्छ । 'महिलामुक्ति, चेतना, बैठकभत्ता, सावधान, राहत, वृद्धभत्ता, धारणा, युवाजोस, घर, हजुरबा, रिङटोन, सस्तो, सभ्यता, बुबाका कुरा, संस्कार, मनसाय, गज्जवको राहत र सपना' शीर्षकमा समाजलाई दर्साउने फूल फुलेका छन् । शीर्ष लघुकथा सावधानमा घरबेटीको घटिया चरित्रप्रति व्यङ्ग्य प्रहार भएको छ भने अरू लघुकथाले पनि समाजलाई नै सावधान गराउने प्रतिनिधित्व गर्दछन् ।

५ शैक्षिक हाँगाः लघुकथाकार शिक्षक भएकाले आफ्नो क्षेत्रमा देखिएका विसङ्गतिको फूल फुलाउन उनी पछि हटेका छैनन् । 'ए प्लस, बेतलबी वार्ता, होमवक, रहस्य र खोट' शीर्षकका फूल यहाँ फुलेका छन् । गृहकार्यको बोझ ससानो नानीहरूलाई हुनु, चर्को शुल्क असुल्नु तर ऐनमौकामा कर्मचारीलाई तलब नदिइनुजस्ता भाव यस हाँगाको फूलभित्र रहेका छन् ।

६ वैदेशिक रोजगारी हाँगाः स्वदेशमा रोजगारीको अभाव भएपछि विदेशिएका नागरिकको अवस्थालाई देखाउँदै यहाँ 'भाग्यमानी र काम' शीर्षकका दुई वटा फूल फुलेका छन् ।

७ पारिवारिक हाँगाः परिवार भित्र आधुनिक सोचविचार मौलाउँदै गएर देखिएको विसङ्गतिलाई एउटा मात्र 'उत्तरआधुनिकता' शीर्षकको फूलले निर्मम प्रहार गरेको छ ।

८ कर्मचारीतन्त्रको हाँगाः राष्ट्रसेवकहरूको अराष्ट्रिय कमीकमजोरी रहेछ । त्यसलाई प्रस्ट्याउने एउटा फूल यहाँ फुलेको छ, त्यो हो 'आन्तरिक घुस' ।


९ कोरोना हाँगाः केही वर्षअघि संसारलाई नै कोरोनाले एकक्षत्र

राज गऱ्यो । त्यस क्रममा मानवीय कमीकमजोरीहरू छरपस्टिए । शासकहरू पनि नाङ्गिए । यसको झझल्को दिने फूलहरूमा 'जरिवाना, जनमुखी निर्णय, कमाइ, मास्क, मेहेन्दी र राहत वितरण' शीर्षकका फूलहरू यस हाँगामा फुलेका छन् ।

यसरी नौ थरी हाँगामा बाउन्न वटा फूलहरू फुलेर आकर्षक देखिएका छन् । धेरै फूलहरू एकैनासका छन् । एक बसाइ र एक घटनामा आधारित फूलको सङ्ख्या धेरै छ । लघुकथाको फूल एउटै घटना र एक बसाइमै हुनुपर्छ भन्नेजस्तो मान्यताबाट विमुख रही कथाले मागेबमोजिमका घटना र बसाइ यहाँ प्रयोग भएको छ । जसरी कुनै फूल बिस्तारै फुल्छ, कुनै एकैपटक फुल्छ, कुनै रातीमात्र फुल्छ, कुनै सूर्योदयसँगै फुल्छ, त्यसैगरी आफ्नै विशेषताअनुसार यस पुस्तकभित्र फूल फुलेका छन् । एउटा 'हजुरबा' शीर्षकको फूल लघुकथाको आकारभन्दा अलिकति ठुलो हो कि जस्तो लाग्दछ । तर मनमोहक भएकाले पाठकलाई स्वीकार्य छ । विभिन्न फूलका आकृतिप्रकृतिजस्तै विभिन्न खालका फूलहरूको सुगन्धजस्तै आफ्नै प्रकृतिअनुसार "सावधान" भित्रको फूलको सुगन्ध फैलिन सक्ने देखिन्छ ।

कथामा हुनुपर्ने तत्व जस्तै, घटना, पात्र, विषयवस्तु, उद्देश्य, कथोकपन आदिलाई यी फूलहरूले प्रतिनिधित्व गरेका छन् । पुस्तकको नाम सावधान अभिधाजस्तो लागे पनि यस भित्र सावधान शीर्षककै फूल फुलेको छ भने समग्र लघुकथाहरूले विसङ्गति र विकृतिप्रति धावा बोलेकाले लाक्षणिक रूपमा पनि यो नाम सार्थक देखिन्छ । यसरी लघुकथाको बगैँचामा माली पराशरले सुन्दर फूलको बोट झुलाउन सफल भएकामा उनलाई बधाई भन्दै आगामी दिनमा अझ सशक्त फूल फुलाउने प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु । अभिनव साहित्य समाजले प्रकाशन गरेको यस लघुकथासङ्ग्रहको मूल्य रू.२००।- रहेको छ ।

*सिमलटार, का.म.पा-६, काठमाडौँ*



# 'ससुरालीदेखि सुस्तासम्म' कृतिमा विनोद नेपालको अभिव्यक्ति



– डा.शंकरप्रसाद गैरे

विषयपरिचयः ससुरालीदेखि सुस्तासम्म विनोद नेपालद्वारा लेखिएका नियात्राहरूको सङ्ग्रह हो । २०२२ साल साउन २६ गते पाल्पा जिल्ला बगनासकाली गाउँपालिका-२ पोखराथोकमा जन्मिएका नेपाल हरिप्रसाद उपाध्याय र मुगकुमारीका पुत्र हुन् । स्नातक तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका नेपालले लामो समय बैंकिङ क्षेत्रमा काम गरेका थिए । पछिल्लो समय काठमाडौँमा बस्दै आएका उनी साहित्यसाधनामा क्रियाशील छन् । यिनको साहित्ययात्राको आरम्भ २०४० तिरबाट भएको हो । आरम्भमा कविता गजल लेखनमा सक्रिय नेपाल पछिल्लो समयम नियात्रा लेखनमा केन्द्रित छन् । उनका देशविदेश नियात्रासङ्ग्रह (२०७६), गोदान लघुकथासङ्ग्रह (२०७७), हल्लै हल्लाको देश कवितासङ्ग्रह (२०७८) र ससुरालीदेखि सुस्तासम्म नियात्रासङ्ग्रह (२०८०) कृति प्रकाशित छन् । विभिन्न विधाका लेखरचनाहरू पत्रिपत्रिकामा प्रकाशित छन् । उनी विभिन्न साहित्यिक तथा सामाजिक संघसंस्थामा आवद्ध रहेर काम गर्दै आएका व्यक्तित्व हुन् ।

कृतिसमीक्षा : ससुरालीदेखि सुस्तासम्म विनोद नेपालको पछिल्लो प्रकाशित कृति हो । परिष्कृत र सुललित नियात्राहरूको सङ्ग्रहका रूपमा देखिएको प्रस्तुत कृतिमा १५ वटा नियात्रा समाविष्ट छन् । लेखक स्वयंले नेतृत्व गरेको भूगोल साहित्य समाज, काठमाडौँले प्रकाशन गरेको प्रस्तुत कृतिमा संस्थाका उपाध्यक्ष दिनेशविक्रम थापाको प्रकाशकीय मन्तव्य, साहित्यकार डा.टंकप्रसाद पन्थको "देशको खोजीमा ससुरालीदेखि सुस्तासम्म" शीर्षकको भूमिका र लेखकको मन्तव्य समेत रहेको छ । ससुरालीदेखि सुस्तासम्म नियात्रासङ्ग्रहभित्रका १५ वटा नियात्राहरूलाई काठमाडौँ उपत्यकाको यात्रामा केन्द्रित नियात्रा र काठमाडौँ बाहिर नेपालका विभिन्न भूगोलमा गरिएको यात्रामा आधारित नियात्राका रूपमा विभक्त गर्न सकिन्छ । शीर्षकले प्रायः रोमान्टिक भावसन्दर्भलाई सङ्केत गर्न खोजेको देखिए पनि विषयको प्रस्तुतिका दृष्टिकोणले अत्यन्त गम्भीर र संवेदनशील सन्दर्भहरूलाई उठाउने विनोद नेपालका नियात्रा मर्मस्पर्शी विषयमा केन्द्रित देखिन्छन् । देशको सिमाना, नदीनाला अतिक्रमणमा परेका प्रसङ्गका साथै मानवीय संवेदना, पौराणिक ऐतिहासिक, पुरातात्विक धरोहरहरूको संरक्षण संवर्द्धनमा राष्ट्र

र समाजको ध्यान पुग्न नसकेका सन्दर्भ, आम जनताका लापर्वाहीका कारण सुव्यवस्थामा देखिन गएका जटिलता लगायतका सन्दर्भलाई आफ्ना नियात्राहरूमा प्रस्तुत गरेको देखिन्छ ।

विनोद नेपालको ससुरालीदेखि सुस्तासम्म नियात्रासङ्ग्रहले एकातिर लेखकको अतिशय भ्रमणप्रिय स्वभावको परिचय प्रस्तुत गरेको छ भने अर्कोतर्फ यात्राका क्रममा देखिएका विषय सन्दर्भ र प्रसङ्गप्रति सूक्ष्म दृष्टिकोण रहेको कुराको परिचयसमेत पाइन्छ । आफ्ना प्रत्येक नियात्राको आरम्भ यात्राको महत्त्व, फाइदा र उपलब्धिबारे चर्चा गर्दै आफूले बनाएको यात्रासम्बन्धी योजना र यात्रा आरम्भ गरिएको तिथिमितिसमेतको उल्लेख गरेर आफ्ना नियात्रालाई ऐतिहासिक तथ्यको पहिचानका दृष्टिले समेत महत्त्वपूर्ण तुल्याउने गरेको पाइन्छ । लेखकको भ्रमणप्रतिको रूचि र चासोलाई कोरोना सङ्क्रमणको समयमा समेत छोटो दुरीको भ्रमणमा निस्किएको विषयका माध्यमबाट पुष्टि भएको छ । जोखिमको समयमा गर्नुपर्ने सावधानीका सन्दर्भहरूसमेत नियात्रामा स्पष्ट रूपमा उल्लेख छन् ।

नियात्रा लेखनका निम्ति लामो र विशिष्ट यात्रा नै हुनुपर्छ भन्ने छैन भन्ने कुराको पुष्टिका लागि नेपालको सङ्ग्रहमा समाविष्ट पहिलो क्रममा रहेको 'चक्रपथको फन्को' शीर्षकको नियात्राले पुष्टि गरेको छ । कोरोना कालमा लकडाउनको समयमा वनस्थलीस्थित घरबाट मोटरसाइकलमा निस्किएर चक्रपथको एक फन्को लगाएर घरमा आइपुगेको छोटो दुरीको यात्रालाई नियात्राको विषय बनाएको देखिन्छ । परन्तु यही छोटो दुरीको काठमाडौँ उपत्यकाभित्रको चक्रपथको फन्को लगाएको विषयको प्रस्तुतिका क्रममा लेखकले धुम्बाराहीको सुनसान शङ्ख पार्क, नेपाल कम्युनिस्ट पार्टी कार्यालयको सुनसान अवस्था, सेवा र उपचारमा केन्द्रित रहुनपर्ने अस्पतालहरूका व्यापारिक चरित्र, नेपालको विकासमा मुख्य बाधक बनेको ठेकेदारी प्रथा, गफाडी नेता, गैरजिम्मेवार कर्मचारी, पुनर्निर्माण प्राधिकरणका गतिहीन निर्माण कार्य, ट्राफिक नियमका अव्यवहारिक प्रक्रियाहरू, वाग्मतीको फोहोर, तिलगङ्गा अस्पतालको ख्याति, त्रिभुवन विमानस्थल, दातृसंस्थाको सहयोगमा निर्माण भएका व्यवस्थित सडक पानीजहाजको बोर्ड र नेताहरूका असान्दर्भिक अव्यवहारिक नीति लगायतका विषयलाई प्रस्तुत गरेका छन् । एउटा छोटो दुरीको यात्रावर्णनभित्र रहेर यति धेरै विषय र क्षेत्रमाथि लेखकीय टिप्पणी प्रस्तुत गर्न सक्नु नेपालका नियात्राको महत्त्वपूर्ण वैशिष्ट्य हो भन्ने देखिन्छ । लेखकीय कथन कौशलले विषयलाई पठनयोग्य तुल्याएर पाठकको ध्यानाकर्षण गर्ने क्षमता महत्त्वपूर्ण मान्न सकिन्छ । यात्रा लामो र खर्चिलो नै हुनुपर्दैन भन्ने दृष्टिकोण प्रस्तुत गर्दै लेखकले पाठकसँग ठाउँठाउँमा संवाद समेत गरेको पाइन्छ । उनी भन्छन् "पाठकहरूलाई लाग्ला कस्तो यात्रा हो त्यस्तो ? नआत्तिनोस्, सत्य भन्दैछु" बीचबीचमा प्रसङ्गअनुसार गरिएका यसप्रकारका संवादका माध्यमबाट पाठकलाई सहयात्री हुनुको अनुभूति र बोध गराउन सक्नु लेखकको विशिष्ट कलाकौशल हो भन्ने देखिन्छ ।

'ओफेलमा इचङ्गु', 'स्वयम्भूको थुम्कोमा', 'गुफामा देउता', 'दहचोकमा सेतो हात्ती' शीर्षकका नियात्राहरूमा काठमाडौँ सेरोफेरोमा केन्द्रित रहेर गरिएका यात्राहरूको चर्चा गरिएको छ। यी नियात्राहरूले सम्बन्धित ठाउँ वा क्षेत्रको वर्णनमात्र गरेका छैनन्। यसका साथसाथै ती विषयका माध्यमबाट नेपाली समाज, नेपाली राजनीति, नेपाली कलासंस्कृति, भाषासाहित्य, लगायतका विषयहरूमाथि आफ्नो दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ। जस्तै धार्मिक पुरातात्विक दृष्टिकोणले महत्त्वपूर्ण इचङ्गु नारायण ओफेलमा परेको विषय, देशमा जनताका आधार भूत आवश्यकताका विषयको विकास नगर्ने र भ्यूटावरहरू निर्माण गर्ने राज्यको नीतिप्रतिको असन्तुष्टि तथा व्यङ्ग्य लगायतका विषयहरू यिनका नियात्राहरूमा प्रस्तुत भएका छन्।

काठमाडौँ बाहिरका विभिन्न स्थानमा गरिउका भ्रमणसँग सम्बन्धित नियात्राहरूमा लेखकले राज्यको सीमा समस्या र नेपालको निरीहता, भाषाको बोधगम्यताको अभावमा अर्थको अनर्थ लाग्ने अवस्था, विभिन्न खालका विभेदको विरूद्धमा धेरै अघिदेखि आवाज उठ्दै र उठाउँदै आएको प्रसङ्ग पौराणिक महत्त्वका किंवदन्ती जोडिएका पर्यटकीय गन्तव्य, नेपाली नदीनालाको प्रकोप र जीवनयापनका जटिलताहरू, राजनेता र तिनका विचार व्यवहारप्रतिको श्रद्धा लगायतका अनेक मर्मस्पर्शी विचारसन्दर्भहरू विनोद नेपालका नियात्रामा प्रस्तुत भएको पाइन्छ। 'बाँदरलाई सुर्ती', 'खोया खाँदै बैतडी', 'ससुरालीदेखि सुस्तासम्म' जस्ता कौतुहलपूर्ण भावका शीर्षक तथा 'आँसु बगेको छ इन्द्रावतीमा' जस्ता संवेदनशीलतालाई अभिव्यक्त गर्ने शीर्षकका नेपालका नियात्राहरू पाठकलाई कौतुहलपूर्ण ढङ्गले पठनसँगै यात्राको अनुभूति गराउने नेपालका नियात्राहरू शिल्पशैलीका दृष्टिले विशिष्ट नियात्राका रूपमा देखापर्दछन्।

**निष्कर्ष :** पौराणिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाका साथै प्राकृतिक महत्त्वका विविध पक्षको प्रस्तुति रहेका नेपालका नियात्राहरूले विषयगत विविधतालाई प्रस्तुत गरेको पाइन्छ। धार्मिक पौराणिक सन्दर्भका विषयहरू मूलतः काठमाडौँ केन्द्रित नियात्राहरूमा प्रस्तुत भएको पाइन्छ भने प्राकृतिक सन्दर्भका नियात्राहरू मूलतः नेपालका अन्य विभिन्न नियात्रामा प्रस्तुत भएको पाइन्छ। राष्ट्रियताको सन्दर्भ विभिन्न नियात्राहरूमा प्रस्तुत भएको पाइन्छ भने विकृति–विसङ्गतिप्रतिको व्यङ्ग्य प्रहार लगायतका विभिन्न विषयसन्दर्भहरू यिनका नियात्राहरूमा प्रस्तुत भएको पाइन्छ। देशविदेशका विविध विषयमा केन्द्रित नियात्राहरूको सङ्ग्रहबाट कृति प्रकाशनको यात्रा आरम्भ गरेका नेपालको पछिल्लो कृति ससुरालीदेखि सुस्तासम्म नेपालका विभिन्न ठाउँका लामा छोटा यात्रामा आधारित भएर गरिएको नियात्राहरूको सङ्ग्रह हो। नियात्रा कलाका दृष्टिले महत्त्वपूर्ण नेपालका नियात्राहरू महत्त्वपूर्ण कलाकौशलले युक्त छन्।

## सन्दर्भसामग्री

गैरे, शंकरप्रसाद (२०७९), साहित्यमा बगनासकाली, पाल्पा : बगनासकाली गाउँपालिका।

नेपाल, विनोद (२०८०), ससुरालीदेखि सुस्तासम्म, काठमाडौँ : भूगोल साहित्य समाज।

# प्रदीपरत्न शाक्यको कविता कृति 'म सडकको प्रतिबिम्बि' चिहाउँदा



**– शारदा पराजुली**

'कविता !
तिमीमा म फूलझैँ
फुलिरहेको अनुभूति गर्छु
अनुपम आत्मानुभूति
सँगालिरहेको अनुभव गर्छु ।'
(ए कविता पृ २७)

हो कवि प्रदीपरत्न शाक्य कवितामै मुस्कुराउँछन्, कवितामै आत्मालाप गर्छन्, कवितामै रम्छन् कवितामै रमाउँछन् भन्ने कुराको उदाहरण माथिका कवितांशबाट पुष्टि हुन्छ । उनी कवितामा यति डुब्छन् कि आफ्नो व्यवसायमा संलग्न भएका बेला जब शून्य समय पाउँछन् तब मोबाइलमा कविता लेख्न थालिहाल्छन् । उनी फुर्सदका समयमा कविता लेख्ने कार्य मात्र गर्दैनन् बरू लेखिएका कवितालाई दोहोऱ्याई तेहेऱ्याई पढ्छन् र तिनलाई पुनर्लेखन गर्छन् । उनको कवितामोह कस्तो छ भन्ने कुराको प्रत्यक्षदर्शी म आफैँ पनि हुँ । उनको पसलमा म कहिले कहीँ पुग्ने गर्छु । जब म उनको पसलमा पुग्छु तब उनी कविता निकाल्दै भन्छन् "मेरो नयाँ कविता सुन्नुहोस् न शारदाजी !" मैले हुन्छसम्म भन्न नभ्याउँदै उनी सुनाउन थालिहाल्छन् । उनी आफ्ना रचना लेख्ने र सुनाउने मात्र गर्दैनन् । उनका गल्ती कम्जोरी औँल्याइदियो भने खुसीसाथ सच्याउने काम पनि गर्छन् । मैले कवि प्रदीपरत्न शाक्यलाई सकारात्मक सोच राख्ने व्यक्तित्वका रूपमा लिने गरेकी छु ।

शाक्यले तीस वर्ष अगाडिदेखि नै नेपाल भाषामा कविता लेख्दै आएका थिए । उनले नेपाली भाषामा कविता लेख्नुभन्दा अगाडि नेपाल भाषामा एकल कविता वाचन गरिसकेका थिए । 'सङ्गत गुनाको बुद्धि बिउ गुनाको फल' भनेझैँ कवि व्यक्तित्वहरूसँगको सान्निध्यता पाएपछि उनको लेखन दिन प्रतिदिन मौलाउन थाल्यो । अभिनव साहित्य समाजको अन्तिम शनिबार हुने कार्यक्रम र घुम्ती कविगोष्ठीको दोस्रो शनिबार हुने कार्यक्रममा कविता वाचन थाले । बिस्तारै विविध गोष्ठीहरूमा पुगेर कविता वाचन गर्दा गर्दै लेखनले मूर्त रूप लिन चाह्यो । लेखन शुद्धीकरण गर्दै गए । फलस्वरूप ७६ ओटा कवितालाई सङ्ग्रहीत गरेर 'म सडकको प्रतिबिम्बि' (२०८०) नामक कवितासङ्ग्रह प्रकाशित गरे । प्रदीपरत्न शाक्यको 'म सडकको प्रतिबिम्बि' कवितासङ्ग्रहको टाइपिङ

गर्ने कार्य मैले नै गरेकी थिएँ । त्यसैले उनका कविता सबै पढेकी छु । अन्य कविहरूका कविताभन्दा विचारका दृष्टिले, चेतनाका दृष्टिले, भावनाका दृष्टिले र विषयवस्तुका दृष्टिले फरक छन् । उनका कवितामा आफू बाँचेको समाज छ, आफैले भोगेको बाध्यात्मक परिस्थिति छ, राजनीतिक खिचातानी छ अनि पारिवारिक मायाप्रेम छ । शाक्य एकतिर हाम्रो देशको राजनैतिक अवस्थाले आहात भएका नेपाली जनताको बोली बोलिदिन्छन् भने अर्कातिर नेपाल आमाको उद्धारका लागि क्रन्ति चेत फैलाउँछन् । उनी पाप र धर्मका कुरा 'धर्म' कवितामा गर्दै 'एक छिटा पानी' कवितामा सबैका ईश्वर एकै हुन् भन्ने भाव देखाउँदै धार्मिक भेदभाव हैन सहिष्णुता हुनुपर्ने भाव राख्छन् ।

धर्मशास्त्रले आमाबुबालाई संसारकै सबैभन्दा ठुला देवता मानेको छ । कवि शाक्यका कविता पढ्दा उक्त कुरा पुष्टि हुन्छ । जो व्यक्ति आफ्ना वृद्ध आमाबुबालाई उपेक्षा गर्छ त्यसले शाक्यका 'बा','आमा', मेरो जन्म', 'मेरा भगवान्', 'अभिभावक', 'आमाको सपना' जस्ता कविता पढ् नुपर्छ । उनी कतै ममतामयी आमाको वासत्यमय काख छुटेकामा मर्माहित हुन्छन् त कतै बुबाप्रति नतमस्तक हुँदै बुबाको अमूल्य योगदानको खुलेर यसरी प्रशंसा गर्छन् –

बा जिन्दगीको मगमगाउँदो सुवास
बा जीवनको जगमगाउँदो आकाश
बा सामु हुँदा
म शिखरमाथिकै सूर्य हुन्थेँ ।
(बा–प४८)

उनका 'झण्डा', 'नागरिकता' जस्ता कवितामा राष्ट्र र राष्ट्रियता छताछुल्ल पोखिएका छन् भने ' शहीद जन्मन्छ मर्दैन', 'चक्रव्यूह', 'म सडकको प्रतिबिम्बि' कवितामा देशको अवस्था चित्रण गरेका छन् । भनिन्छ नि क्रान्तिबिना शान्ति आउँदैन त्यसैको ज्वालन्त उदाहरण हुन् उनका 'क्रान्ति', 'पागल', ' लडाइँ', 'क्रन्दन', 'कात्रो' जस्ता कविता । भूकम्पले थिल्थिलाएको यस मातृभूमिमाथि कोरोनाले दिएको प्रताडनाले झन् आहात थपेको थियो । जति नै कष्ट आइपरे पनि आफ्ना सन्तानलाई खोकिलामा लुकाउन नेपाल आमाले भत्केका संरचना पुनर्निर्माणको पर्खाइमा रहेको कुरा 'पर्खाइ कविताका माध्यमबाट देखाएका छन् । 'लय', 'कविता', ' नयाँ वर्ष', 'नयाँ पात्रो' आदि पनि परिवर्तनको चाह बोकेका कविता हुन् भन्दा अत्युक्ति नहोला ।

मानिसमा आँट र सहास भयो भने मान्छेले जस्तासुकै चुनौतीको पनि सामना गर्न सक्छ भन्ने कुराको सङ्केत गर्दै 'भाग्य त साहसले बदलिन्छ' कविता लेखेका छन् भने मान्छेको चरित्र र उसको सकारात्मक तथा नकारात्मक प्रवृत्ति देखाउँदै ' मनोभाव', 'मान्छेलाई पढ्दै गर्दा', म गरिब कहाँ छु र', 'वारि किनारबाट', 'म अझै जीवित मान्छेमै छु', 'मान्छे', 'तेरो जन्म' जस्ता अनेकौँ कविता रचना गरेका छन् ।

मान्छेको जीवन मायाप्रेमले जिवन्त बन्छ । जिउनका लागि आमाबुबा, जीवनसङ्गी, साथीभाइ,

छरछिमेकी सबैको मायाप्रेम चाहिन्छ। प्रेमको एउटा झिल्कोले मात्रै पनि मानिसको जीवनलाई रसिलो र सार्थक बनाइदिन्छ भन्ने सन्देश छर्दै उनले 'प्रीतिको पल', 'यो प्रेमलाई के नाम दिऔँ' जस्ता कविता रचना गरेका छन्। मानिसको जीवन कि त प्रेमले मगमगाउँछ कि त साहित्यले जगमगाउँछ भनेझैँ उनले 'कविता', 'म कवि कविताको', 'कविताको चिच्याई', 'कवि', 'अक्षर' जस्ता कविता लेखेर साहित्यबाट पाएको सन्तुष्टि देखाएका छन्। समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य चेत छर्नु पनि एउटा साहित्यकारको धर्म हो। जुन धर्म उनले 'मृत्यु तँ जस्तै हुन्छ', 'परदेशिएको दशैँ, मूल्याङ्कन', जस्ता कविताका माध्यमबाट पुरा गरेका छन्।

उनले पारिवारिक पृष्ठभूमिका कविता पनि रचेर घरपरिवार भित्रै कविता खोज्न सकिँदोरहेछ भन्ने उदाहरण प्रस्तुत गरेका छन्। त्यस्ता कवितामा 'विदाइ', 'जन्मघर' 'सापटी', 'आशीर्वाद, 'आकृति', 'मस्तिष्क' जस्ता विषयवस्तुलाई भावनाका माध्यमबाट कलात्मक प्रस्तुति दिएका छन्। नारी चेतनाका कुरालाई पनि उनले कवितामा छुटाएका छैनन् भन्ने कुरा 'नारी एकता' कविताले पुष्टि गरिदिएको छ। उनी सामान्य विषयवस्तुलाई बिम्बात्मक र प्रतीकात्मक रूपमा प्रस्तुत गर्छन् भन्ने कुरा निम्न कवितांशबाट पुष्टि हुन्छ–

दुरूस्त<br>
चेसबोर्ड धरती हाम्रा<br>
दुरूस्तै गोटी हामी (चेसबोर्ड-पृ १४४)

उनका कविता दुर्बोध्य नभएर गँठिला र खँदिला छन्। यति मात्र होइन उनका कवितामा शालिनता र कोमलता पनि पाइन्छन्। कवि शाक्य कलमको अखनीले आफू बाँचेको समाजका यावत् पक्ष खोतल्छन् र अक्षरका लिउन लाउँदै एकालाप ढङ्गले चित्रात्मक अभिव्यक्ति दिन्छन्।

उनी समस्याको समाधानको सङ्केत पनि गरिदिन्छन्। यस्तै भाव बोकेका उनका समस्या -१ र समस्या -२ कविता पनि यस सङ्ग्रहमा सङ्ग्रहित छन्। उनले कवितामा मानिस सभ्य र सुशील हुन त समस्याको समाधान गर्न सक्ने हुनैपर्छ भन्ने भाव पोखेका छन्। यति मात्र होइन उनका कवितामा युग बोलेको छ, क्रान्ति चेत उर्लेको छ, मानवीयता जगमगाएको छ अनि भावको तारतम्य मिलेको छ। शैलीशिल्प केलाउने हो भने उनका कविता छोटा र समासरहित शब्द प्रयोग भएका छन्। कविता गद्यात्मक भए पनि लयात्मक छन्। उनी कसैप्रति आक्षेपको हिलो छ्याप्दैनन् बरू हरेक कवितामा स्वयम् आफैँ उपस्थित भएर आफैँप्रति कटाक्ष गर्छन्। सरसरर्ती पद्दा कविताले उनीप्रति नै केही बोलेझैँ लाग्छ तर उनले समाजका तमाम विषयवस्तुमाथि वाण हानिरहेका हुन्छन्। यसरी कविताका माध्यमबाट विविध विषयवस्तुको प्रस्तुति दिन सक्ने शाक्यको लेखनले निरन्तरता पाओस् भन्ने शुभेच्छासहित शुभकामना व्यक्त गर्दछु।

*गौरादह ७, झापा*

# विष्णुप्रसाद शर्मा पराजुलीको कृति 'डोल्पो'को सेरोफेरो भित्रको चित्र



– डा. श्रीराम खनाल

विष्णुप्रसाद शर्मा पराजुली नेपाली साहित्यमा सशक्त हस्ताक्षर हुन् । पर्वत जिल्लाको विहादीमा जन्मिएका उनको कर्म थलो काठमाडौं बन्न पुग्यो । प्रेस काउन्सिल नेपालमा २० वर्ष सेवा गरे पछि स्वेच्छिक अवकाश लिए । राष्ट्रिय सञ्चार विकास केन्द्रमा कार्यकारी निर्देशकको रूपमा १० वर्ष सेवारत रही नेपालका मनाङ बाहेक अन्य सबै जिल्ला पुगेर पत्रकारिता तालिम सञ्चालन गरे । अनुभवले खारिए पछि पराजुली नियात्रा लेखनमा लागे । तिब्बत यात्रा (२०७२) पहिलो नियात्रा कृति हो । लेखनमा खरो उत्रिएका उनी दोस्रो कृति डोल्पोः विश्वको जीवित संग्रहालय (२०७४) नियात्रामा अझ बढि सशक्त र परिपक्व देखिएका छन् । अन्नपूर्णा र धवलागिरि वरपरका हिमाल, हिमाली सभ्यता, भौगोलिक अवस्था, संस्कृति र प्रकृति चिनाउने उत्कृष्ट कृतिका रूपमा श्वेतपर्वत (२०७८) तेस्रो कृति प्रकाशित छ । चौथौ कृति जर्नी टु टिबेट अङ्ग्रेजी संस्करण (२०७८) र पाँचौ कृति कर्णालीमा प्रचलित दर्शन-परम्परा (२०७८) चर्चित छन् ।

पदयात्रामा विशेष रूचि राख्ने पराजुलीले नेपालको उच्च हिमाली क्षेत्र कन्चनजङ्घा आधार शिविर (ताप्लेजुङ) देखि दार्चुला-बझाङ हुँदै हुम्लाको हिल्सासम्म द ग्रेट हिमालयन ट्रेल्स खण्डको पदयात्रा सम्पन्न गरेका छन् । उनमा साधारण विषयवस्तुलाई सटिक ढङ्गमा उतार्ने र जीवन्त बनाउने शिल्प छ । पदयात्रा क्रममा डोल्पा सहित जुम्ला, बाग्लुङ, मुस्ताङ, रूकुम भ्रमण गर्छन र पाठकलाई भ्रमण गरेको सटिक आभास 'डोल्पोः विश्वको जीवित संग्रहालय' दिलाउँछन् । नियात्रालाई आधिकारिक, सटिक, सूचनाप्रद र ज्ञानवर्द्धक बनाउन लेखकले आफूभन्दा पहिले प्रकाशन भएका विदेशी तथा स्वदेशी लेखकका कृतिलाई समेत उद्धृत गरेका छन् । डोल्पाको अनुपम संस्कृतिको जर्गेना गर्न र यस क्षेत्रको विकास गरी पर्यटन प्रवर्धन गर्न योजनाविद्, संस्कृतिविद् र राज्यको ध्यानाकर्षित गर्छन् ।

वास्तवमा डोल्पा आश्चर्यजनक ठाँउ हो । भ्रमणमा रम्नेहरू तिब्बतलाई संसारको छानो मान्दछन्

र जसरी पनि एक पटक उक्त ठाउँ पुग्नैपर्ने योजना बनाउछन् । साहसिक पदयात्रीहरू डोल्पो पुग्न त्यसरी नै आकर्षित हुन्छन् । धवलागिरी हिमशृङ्खलाभन्दा ठीक उत्तरमा तिब्बतको पठारसम्म फैलिएको डोल्पो प्रकृति र पुरानो संस्कृतिको खानी हो। पश्चिमाहरूले डोल्पोलाई स्वर्ग, अमूल्य हिरा, लुकेको उपत्यका, पृथ्वीभित्रको अर्को सुन्दर पृथ्वी भन्ने गर्छन् । विदेशी लेखकहरूले डोल्पाको भाषा, संस्कृति र धर्म तिब्वतभन्दा फरक छैन भनेका उनले आलोचना गरेका छन् । उनीहरूको आफ्नै ंसंस्कृति, धर्म परम्परा, ज्ञान, सिप र जीवन पद्धति छ, त्यो त्यही भूमिको मौलिक संस्कृति हो। बौद्ध धर्म र संस्कृति नेपालबाट नै तिब्बत पुगेको हो । त्यसो त नियात्राकारले पाठकलाई आफूसँगै जुम्लामात्र नभएर माथिल्लो डोल्पा र माथिल्लो मुस्ताङसम्म हिँडाउँछन् । हिमाली उपमहादेशमा रहेको अति प्राचीन प्रकृतिपूजा, बोन दर्शन र धर्म, बौद्ध धर्म, हिन्दु धर्म र संस्कृतिबीचको एकता, मिश्रण र समन्वयात्मक संस्कृतिको चित्र गर्दै वेवास्ता गर्ने सरकारी निकायप्रति निर्मम प्रहार गर्छन् ।

त्यहाँको भूगोल, प्रकृति, जीवजन्तु, मानवजाति, कला र संस्कृतिलाई संरक्षण गरिनुपर्ने उनको आवाज छ । प्राचीन धर्म संस्कृति अहिलेसम्म जीवित रहेको एउटै क्षेत्र डोल्पो हो । यसलाई हिरा जस्तै बहुमूल्य मानेका छन् । माथिल्लो डोल्पालाई लुकेको उपत्यका र सुन्दरताको खानीका र प्रकृतिको राजधानी मानेका छन् । यहाँका नदीनाला, तालतलैया, भन्ज्याङ, लालीगुराँस, धूपी सल्ला, डाँफे, मुनाल, हिमचितुवा, त्यहाँका बासिन्दा र उनीहरूको धर्म, संस्कृति, भाषा, वेशभूषा आदि नेपालको जीवित संग्रहालयका बहुमूल्य निधि हुन भन्ने दावी गरेका छन् । डोल्पामा रहेका प्राकृतिक सम्पदा, जीवजन्तु, मानवनिर्मित सम्पदा, यस क्षेत्रमा संसारकै उच्च ठाँउमा भएका मानववस्ती बुद्ध, बोन र हिन्दु धर्मको समिश्रण, गुम्बा, चोर्तेन तिनको भित्ते चित्र, जीवन्त संस्कृति र संस्कार अन्यत्र नभएको र आधुनिकताको प्रवेशसँगै ती पनि लोप हुन सक्ने खतारालाई सचेत पारेका छन् ।

संसारको जीवित संग्रहालय विदेशीको सपना, डोल्पो नेपाल र नेपालीबीच परिचित नभएको लेखकको ठोकुवा छ । नेपाल र नेपालीकालागि यो साइबेरियाको हिमचट्टान एवं वृहस्पति ग्रहजस्तै टाढाको ग्रह हो । राज्यले कञ्चन चट्टान भित्र लुकेको बहुमूल्य चम्किलो हिरा जस्तो डोल्पालाई दास जस्तो हेला गरेकोमा उनमा आक्रोस छ । राणा शासन, पञ्चायती व्यवस्था, प्रजातान्त्रिक र लोकतान्त्रिक गणतन्त्रसमेतले डोल्पालाई आफ्नो ठानेन । डोल्पा प्राकृतिक सम्पदा र संस्कृतिको खानी भएर पनि टुहुरो छ । विश्वबाट लोप हुदै गएको प्रकृति,

नदीनाला, जीवजन्तु, वोटविरूवा, जीवन पद्धति, संस्कृति, वेशभूषा, धर्म, परम्परा, मठ मन्दिर, गुम्बा, स्तुप, चैत्य आदि भावी पुस्ता वा सन्ततिका लागि संरक्षण गर्न वा बचाई राख्न नितान्त आवश्यक छ ।

हिउँदमा हिउँले पुरिएर वल्लो गाँउदेखि पल्लो गाँउसम्म पुग्न सकिदैन । एक गाँउदेखि अर्को गाँउसम्म पुग्न दुईदेखि तीन दिनसम्म उच्च लाग्ना (भन्ज्याङ) कठिन र साहसिक यात्रा गर्नु पर्दछ । उब्जनीले मुस्किलैले तीन महिना धान्छ । नुन लिनका लागि तिब्बत पुग्नु पर्दछ । डोल्पा शिक्षा, सञ्चार र स्वास्थ्यका हिसाबले निकै पछि पछ । विद्यालय पनि वर्षमा छ महिनामात्र खुल्छ । सरकारले स्वास्थ्य चौकीको व्यवस्था गरे पनि न स्वास्थ्यकर्मी जान्छन् न औषधि नै पाइन्छ । गणतन्त्र नेपालको खाका कोरिए पनि राज्यले डोल्पालाई बुझ्ने प्रयास अझै गरेको छैन् । उनकै शब्दमा भन्दा यात्रा निकै कष्टकर थियो जहाँबाटो निकै साँगुरा र डरलाग्दा आँखा तिरीमिराउने र मुटु सिरिङ्ग पार्ने कहालीलाग्दो बाटो थियो । यात्रा सुखद दुखद जे भए पनि पश्चिमा प्रकृतिवादी कवि रबर्ट फ्रष्टले भने झै प्रकृतिको आनन्द अनुपम हुने उनले बताएका छन् ।

शे-फोक्सुण्डोको वर्णन अर्को रूचिकर सामग्री हो । क्षणक्षणमा पानीको रंगमा हुने अपत्यारिलो परिवर्तन र यसबाट मोहित भएर धेरै विदेशी पर्यटकले त्यसलाई गाढा नीलम भनेका हुन् । रारा, मानसरोवर आदिको सुन्दरताले मन लोभ्याउने प्रसंग पनि पुस्तकमा समाहित छ । पर्यटनविद् कर्ण शाक्यको डोल्पो : दि हिड्न प्याराडाइज, यस अघि नै पुरातत्वविद् तथा इतिहासकार जनकलाल शर्माको कौतुकमय डोल्पो, प्राध्यापक घटराज भट्टराईको डोल्पाकी छोटी यात्रा निबन्धकृति प्रकाशित भएका छन् । पछिल्लो समयमा साहित्यकार लगायत धेरै नेपाली युवायुवती डोल्पाको शे-फोक्सुण्डो तालसम्म पुग्ने गरेको र डोल्पाबारे लेख्ने गरेको पाइन्छ ।

लेखनलाई सटिक, सूचनामूलक, ज्ञानबर्द्धक र आधिकारिक बनाउन उनले गरेको कोशिस सराहनीय छ । छोटकरीमा भन्दा उनले डोल्पालाई विदेशीभन्दा पनि स्वदेशी आँखाले चिनाउन कोशिस गरेका छन् । चार खण्डमा विभाजित पुस्तकमा सन्दर्भ सामग्री सहित ३९ निबन्ध, रङ्गिन तस्वीर, नक्शा छन् । कृति मुख्य हिमालयभन्दा टाढा तिब्बती पठारको भूगोलसँग मिल्ने क्षेत्रमा उनले गरेको यात्राको पठनीय, रोचक र जीवन्त दस्तावेज बन्न पुगेको छ । श्वेत पर्वत र कर्णालीमा प्रचलित दर्शन-परम्परा पछि नयाँ कृति पढन पाईएको छैन । तर पनि फुटकर रचनाहरू रचना, अभिव्यक्ति, दायित्व, मधुपर्क, जनमत, शिवपुरी सन्देश, रूपायन, अभिनव नगायतका पत्रिकाका निरन्तर प्रकाशित छन् । नियात्राकार पराजुलीलाई सूचनामूलक लेखन यात्रामा अझै सफलता मिलोस् हार्दिक शुभकामना ।

# पुष्करराज भट्टको शिखर यात्रा लघुकथासङ्ग्रहभित्रका कथाहरू



**– शेखर अर्याल**

**विषयप्रवेश** : लघुकथाकाकार डा. पुष्करराज भट्टको जन्म वि. सं. २०३१ असार ४ गते दशरथचन्द्र नगरपालिका वडा नं ५, बैतडीमा आमा राधिकादेवी भट्ट र बुबा गोपालदत्त भट्टबाट भएको हो । त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा लघुकथाबाटै एमफिल र विद्यावारिधि हासिल गरेका भट्ट नेपाली आख्यान विधामा बढी सक्रिय देखिन्छन् । हालसम्म उनका कर्ययोद्धा (२०५९), मुक्तिदुत (२०६२), एक थोपा सागरको (नेपाली र डोटेली भाषामा २०६४), आजका लघुकथा (संयुक्त लघुकथा कृति २०७४), मन्त्री र माक्स (२०८०) र शिखर यात्रा (२०८०) लघुकथासङ्ग्रह प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा सम्पादनको भूमिकामा रहेका उनी क्षेत्रीय प्रतिभा पुरस्कार, युवा मोती पुरस्कार, लघुकथा सम्मान, भानु स्वर्ण पदक, मनुमत्त मानव स्मृति लघुकथा साधना सम्मान भारत, नेपाली विद्याभूषण 'क' बाट पुरस्कृत र सम्मानित भएका छन् । समाजका विकृति, विसङ्गतिलाई टपक्क टिपेर कथाको विषयवस्तु बनाउनु उनको लघुकथागत विशेषता हो । लघुकथामा आधा दर्जनको शिखरतर्फ लागेको यस सङ्ग्रहलाई यहाँ सूत्रात्मक रूपमा चर्चा गरिएको छ ।

**शिखर यात्रा लघुकथासङ्ग्रहले चुमेको शिखर** : शिखर यात्रा लघुकथासङ्ग्रह २०८० सालमा भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित कृति हो । यसमा एकाउन्न वटा लघुकथा समाविष्ट छन् । लघुकथाले चर्चेको समय २०६५ देखि यताको नेपाली समाजमा रहेका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक, प्रकाशन, मानसम्मान, बन्दव्यापार, खेलकुद, एकआपसको सामाजिक सम्बन्ध, जस्ता पक्ष समावेश गरिएको छ । सामाजिक विकृति र विसङ्गतिलाई आत्मसाथ गरी लघुकथाको शिखरतर्फ लम्कँदै गरेका भट्टका सङ्ग्रहमा सङ्गृहित लघुकथामा सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिकलगायतका विषयमा भण्डाफोर गर्दै सुधारको अपेक्षा गरिएको छ ।

सामाजिक विषयवस्तुका लघुकथाहरू : डा.पुष्करराज भट्टको शिखर यात्रा लघुकथासङ्ग्रहका ज्यादा लघुकथा सामाजिक विषवस्तुमा संरचित छन् । यस सङ्ग्रहमा ' झिङ्गा', 'मुर्दापूजा', 'प्राध्यापकको

दैनिकी', 'इज्जत', 'भविष्यका कर्णधार', 'अपाङ्गता', 'फोहोर', 'भ्रम', 'आवश्यकता', 'उदारता', 'व्यवहार', 'जीवनको अङ्कगणित', 'शिखर यात्रा', 'आफ्नो मान्छेको खोज', 'सत्य', 'बिमार', 'गधा', 'कृतज्ञता', 'पैसा मान्छे', 'सम्बोधन', 'अहङ्कार' जस्ता सामाजिक विषयवस्तुका लघुकथाहरू रहेका छन् । यी लघुकथाले समाजमा हुने पारिवारिक अवस्था, सामाजिक विभेद, सामाजिक चिन्तन, समाजमा हुने एकआपसको सरसहयोग, एकअर्काप्रति गरिने व्यवहार, देखावटीपन, स्वदेशप्रतिको बेवास्ता र विदेशप्रतिको मोह, समाजमा रहेका वृद्ध र अपाङ्गप्रति गरिने व्यवहार र हुनुपर्ने सहयोग, युवाको समाजप्रतिको जिम्मेवारी, मानवीय स्वार्थीपन, व्यक्तिभित्रको अहङ्कार, समाजमा बढ्दै गएको कुरालाई इङ्कित गरिएको छ ।

**राजनीतिक विषयवस्तुका लघुकथाहरू** : राजनीति राज्यको शासनव्यवस्थासम्बन्धी नीति हो । यो राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त पनि हो । यसकै आधारमा राजनीति तय भएको हुन्छ । यस विषयमा केन्द्रित भएर शिखर यात्रा लघुकथासङ्ग्रहमा ' कला', 'आँसुको तलाउ', 'उपयोगिता', ' विस्थापन', 'मौन संवाद', 'नयाँ भाष्य', ' प्रतिबद्धता', 'सहिद आस्था', 'रङ्गहीन', 'नयाँ नेतृत्व', 'प्रश्न निषेध'लगायतका लघुकथा लेखिएका छन् । यी लघुकथामा वर्तमान समयमा भएगरेका राजनीतिक विकृति, विसङ्गति, बेइमानी र अराजकपनलाई दरिलो र कसिलो ढङ्गबाट प्रस्तुत गरिएको छ । यी लघुकथामा राजनीतिक चरित्रको कुरूपता, राजनीतिक बेथितिप्रतिको असन्तुष्टि, दल बदलेर स्वार्थ सिद्ध गर्ने प्रवृत्ति, भ्रष्ट चरित्रको उद्घाटन, पार्टीको काम भनी अल्लारिने चरित्र, सत्ताप्रतिको मोहले खराब चरित्रलाई अवसर दिइएको खुलासा, कुरा बदलेर जनता झुक्याउने चरित्रको पर्दाफास, सही विचार र चिन्तन राख्ने राजनीतिज्ञलाई पार्टीविरोधी भनी कार्वाही गर्ने कलुषित चरित्रको खुलासा, गणतन्त्रको समयमा जनताले खेप्नुपरेको सास्ती जनप्रतिनिधि नै स्वार्थी र चरित्रहीन भएको विषय चिरफार गरी आमूल परिवर्तन हुनुपर्ने सङ्केत गरेका छन् ।

**साहित्यिक विषयवस्तुका लघुकथाहरू**: साहित्यमा सर्जकको सर्जिना हुन्छ । शिखर यात्रा लघुकथासङ्ग्रहभित्र साहित्यिक विषयका लघुकथाहरू पनि रहेका छन् । यस विषयसँग आबद्ध 'महत्व', 'भूतपूर्व लेखक', 'समालोचक', 'व्यङ्ग्य कवि', 'धराप', 'छेपारो', 'प्रवृत्ति', 'व्यापार', 'बदलिँदो स्वर', 'भूमिका लेखक', 'गुरू'लगायतका लघुकथा रहेका छन् । यी लघुकथाले मूलतः लेखकको महत्व बुझ्न नसकेको, लेखकको भरमा भूतपूर्व लेखकले सम्मान र पुरस्कार बटुल्दै हिँड्ने प्रवृत्ति, समालोचकीय जिम्मेवारीप्रतिको विकृति, अरूका कमीकमजोरी खोतल्ने तर आफ्ना कमीकमजोरीप्रति बेवास्ता गर्ने चरित्र, गुणभन्दा पदका आधारमा प्रशंसा गर्ने, चाकरी चाप्लुसीले रचना प्रकाशित गरेर स्थापित बन्ने, सर्जक घाटामा तर छापा नाफामा रहेको अवस्था, भूमिका लेखनमा प्राप्तिपछिको समालोचकको बखान, स्थापित सर्जकप्रति सिकारू

लेखले गर्ने चुरीफुरीलगायतका विकृति र विसङ्गतिलाई सशक्त रूपमा अभिव्यक्त गरेको देखिन्छ ।

**युवावस्थाका चारित्रिक लघुकथाहरू** : शिखर यात्रा लघुकथामा डा.पुष्कारराज भट्टले युवाको विषयमा आधारित रहेर लघुकथाको विषयवस्तु बनाएका छन् । जसमा 'भविष्यका कर्णधार', 'जालो', 'फोहोर', 'पाखण्ड'लगायतका लघुकथा रहेका छन् । यी लघुकथाका माध्यमबाट युवा गलत पथतर्फ लागेर गर्ने खराब चरित्रको यथार्थता देखाई अल्छीपनको चित्रण गरेका छन् । भविष्यका देश सञ्चालक युवाको चरित्रले लेखकको हृदय भड्किन पुगेको छ । देश निर्माणमा लाग्नुपर्ने युवा गलत कार्यमा लाग्न पुगेको, राजनीतिले देश बिगार्‍यो भन्ने युवा नै दुर्व्यवहार र चोरी कार्यमा संलग्न रहेको, गाउँप्रति बेवास्ता गरेको, आत्महत्यामा संलग्न बनेको, काम बिग्रेपछि आफू ठुलो हुने प्रवृत्ति, अनुसन्धान गर्ने कार्यको बेरोजगारको समस्यामा विज्ञापन हुँदा फोटोकपी पसलेले रोजगार पाएको अवस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

**निष्कर्ष** : डा.पुष्करराज भट्टको 'शिखर यात्रा' लघुकथासङ्ग्रमा रहेका लघुकथा सामाजिक, राजनीतिक, सिर्जनात्मक, युवापनका साथै विविध विषयमा संरचित छन् । सङ्क्षिप्त शैलीमा आख्यानात्मक पाराले लघुकथा आबद्ध छन् । संरचक तत्वका आधारमा हेर्दा विषयवस्तु, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु र सारवस्तुको समन्वय भई कथनले पूर्णता प्राप्त गरेका घन् । लघुकथामा कथनले एकातिर पाठकलाई कथा सुनाएका छन् भने अर्कोतर्फ संरचनात्मक तत्वको उपस्थितिमा कथनलाई नाटकीय शैलीमा प्रस्तुत गरिएको छ । घटनाक्रमअनुसार पात्रको चयन र परिवेशअनुरूपको विचार सरल, सहज तरिकाले अभिव्यक्त भएकाले लघुकथा उत्कृष्ट र पठनीय बनेका छन् ।भाषाशैली र सारवस्तुमा समग्र शक्ति लुकेको देखिन्छ । प्राय लघुकथाको अन्त्य नाटकीय शैलीकै उपयोगमा समापन हुनुले आकर्षण बढ्नुका साथै शिखरतर्फ अकालिएको छ । आकारगत सङ्क्षिप्ततामा योजनासहित पाठकको मनमस्तिष्कमा तरङ्ग उत्पन्न गराइएको छ । तर्क र चिन्तनको समिश्रण हुनुका साथै बाह्य सौन्दर्य मात्र नभएर आन्तरिक सौन्दर्य रहेको छ ।

**सन्दर्भसूची** :


अर्याल, शेखर (२०७७), लघुकथा लेखनमा अपनाइने सजगता, लघुकथाको सुगन्ध अङ्क २, चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

गौतम, लक्ष्मणप्रसाद (२०७२), लघुकथाको रचनाविधान, काठमाडौँ : लघुकथा समाज ।

चालिसे, विदुर २०७९), लघुकथालय, चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

भट्ट पुष्करराज (२०७५), प्रज्ञा आधुनिक नेपाली लघुकथा, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्ट पुष्करराज (२०८०), शिखर यात्रा लघुकथासङ्ग्रह, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, कपिल (२०८१), लघुकथा समालोचना, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७८), नेपाली लघुकथा र कथाकारहरू, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।



*सिर्सेनी, मदाने-३ गुल्मी*

# खिमानन्द पोखरेलको 'अमेरिकी यात्राका ती दिन' नियाल्दा



– **सर्वज्ञ वाग्ले**

'यात्रा शब्दमा 'नि' उपसर्ग लागेर बनेकाले नै नियात्रा अर्थात् निबन्ध यात्रा त्यसै गरी निबन्धात्मक यात्रा आजभोलि निकै चर्चामा आएको छ । मानवको जीवन, नदी, पवन, समय, पशुपन्छी, गतिशील छन् । आजकल त झन् नेपालमा मात्र नभईकन विश्वकै मानव, काम, पढाइ, सिकाइ तथा जीवनलाई अझ गतिशील बनाउन बसाइँ सर्ने, घुम्ने, विभिन्न ठाउँको अवलोकन गर्ने क्रम ह्वात्तै बढेको छ ।

यसै क्रममा 'अमेरिकी यात्राका ती दिन' का लेखक, कवि, साहित्यकार खिमानन्द पोखरेलले हरेक ठाउँमा पुग्दा, घुम्दा, बिहान, बेलुका तथा दिउँसोको समय सबै टिपोट गर्नुभएको छ । लेखकको पहिलो शीर्षक '२०७३ सालमा पहिलो अमेरिका भ्रमण' मा अमेरिकामा पहिलो पटक जान पाउँदाको खुसी अमेरिकाको सिस्टम, भिसा प्रणाली, अमेरिकाको कुटनीति, विकास, शिक्षा आदिको वर्णन गर्नुभएको छ । २०७३ साल जेठ १४ गते शुक्रवारको दिन घरबाट चार जना निस्कनुभएको त्यो दिन ९:३० मा प्लेन बेलुका छुट्ने कुरा बताउनुहुन्छ । उहाँले अबुधाबी झर्नुभएको, लस एन्जलेस झर्नुभएको, त्यसरी नै साल्ट लेक, प्लेन ल्यान्ड गरेको, आफूले लगेज लिएर बाहिर निस्कँदा छोरीलाई देखेर हात हल्लाएको, परिवारप्रति माया, आफ्नो ११ जनाको परिवार भाइहरू, बुहारी, भतिजा, भतिजी, ज्वाइँ डाक्टर, छोरीले गाडी चलाएको, तीन घण्टाको ड्राइभ गरेको कुरा कस्तो मीठोसँग वर्णन गर्नुभएको छ ।

भोलिपल्ट बिहान मर्निङ वाक जाँदा चिसोले रूघा लागेको, बेलुका तिर्खा लाग्दा कसैलाई डिस्टर्ब नगरी पानी खाएको, त्यहाँ (अमेरिका) मा कसैले कसैलाई डिस्टर्ब गर्न नहुने कुराको जानकारी आफैले बुझेको कुरा सरल भाषामा गहिरो अध्ययनका साथ गर्नुभएको छ ।

यो पुस्तकमा ५२ वटा उपशीर्षक छन् भने २१ पेजबाट नियात्रा सुरू गरिएकोमा २६४ पेजको पुस्तक डिमाइ साइज आकारको रहेको छ । उहाँका नियात्रा छोटामीठा, राष्ट्रप्रेम, परिवार प्रेम,

माटोको प्रेम, धर्म तथा ज्ञानको प्रेमले ओतप्रोत पढ्न थालेपछि अमेरिकाको हरेक सिस्टमको जानकारीमूलक नियात्राहरू छन् । पढ्दै जाँदा आफै उहाँसँगसँगै पुगेजस्तो लाग्ने सरल तथा सहज छन् ।

पोखेरल जता गए पछि नेपालीपन, नेपाली मन तथा नेपालको हरेक ठाउँसँग अमेरिकाको रहेक स्टेटको भ्रमणका कुरा राख्नुहुन्छ । 'गीतकार ज्ञानेन्द्र गदालसँग भेट' नियात्रामा पोखरेल लेख्नुहुन्छ । 'नेपाली साहित्यका केही पुस्तकहरू, धार्मिक पुस्तकहरू, पूजाका सामग्रीहरू, नेपाली गीतका क्यासेट सिडीहरू, काँस, झर्केथाल, तावा, पित्तलका भाँडावर्तनलगायत नेपाली जनजीवनमा आवश्यक पर्ने प्रायः सबै सामानहरू राखिएका रहेछन् यहाँ' । यसरी उहाँले कतै नेपालसँग विकासका कुरा जोड्नुहुन्छ त कतै सिस्टम तथा आनीबानीका कुरासँगै आफ्नो मातृभूमि सम्पन्न भएको देख्न अभिलाषा मनैदेखि व्यक्त गर्नुहुन्छ ।

खिमानन्द पोखरेल सानैदेखि साहित्यमा रूचि राख्नुहुन्थ्यो । उहाँका कवितासङ्ग्रह 'मनको सुस्केरा' ले पनि देशकै डाँडापाखा, खोलानाला, छहरा, पहरा तथा मातृभूमिको सुन्दरताको वर्णन गर्नुभएको छ । विशेष गरेर उहाँले 'हिमाली गुराँस' नामक द्वैमासिक पत्रिका प्रकाशन गर्नुहुन्छ । जहाँ कथा, नियात्रा, वी.पी. विशेषाङ्क, नाटक, गीत, लघुकथा, भूकम्प, गजल, निबन्ध तथा जय पाण्डेको विशेषाङ्क गरेर १० वटा विशषाङ्क निकालेर आफ्नै साहित्यिक पत्रिकामार्फत सयौँ साहित्यकारलाई माथि उठाउने प्रयत्न गर्नुभएको छ । त्यसैले त आफ्नो जम्मा २ वटा पुस्तक निकाल्नुभयो । उहाँले हिमाली गुराँसमा गर्नुभएको मेहनतले धेरै वटा आफ्नो मौलिक कृति (पुस्तक) निकाल्न सक्नुहुन्थ्यो ।

पोखरेल कुनै विषयमा लागेपछि गहिरो अध्ययन तथा अनुसन्धान गरेर मात्रै लेख्नुहुन्छ । त्यसैले त यो नियात्रामा पनि हरेक ठाउँको गहिरोसँग वर्णन गर्नुभएको छ । हरेक समयको घडी र पलासमेत टिपोट गर्नुभएको छ । सिस्टम र तौरतरिकाको वर्णन गर्नुभएको सरल भाषा तथा उत्कृष्ट शब्द चयन गरेर अमेरिका नपुगेको मान्छेले उहाँको यो नियात्रापुस्तक राम्रोसँग पढ्नुभयो भने अेरिकाको हरेक ठाउँको बारेमा हावापानी, तौरतरिका र अमेरिका बुझ्न गाह्रो पर्दैन ।

खिमानन्द पोखरेल मलाई लाग्छ उहाँले जीवन जीवनका आयाम, समय, धर्म र कर्तव्य तथा मानवले गर्नुपर्ने आफ्नो सैद्धान्तिक पक्ष राम्रोसँग बुझ्नुभएको छ । उहाँले जुन विषयमा पनि कलम चलाउन सक्नुहुन्छ । आफू आफ्नो कलम नदीजस्तै सललल सरल बगाउन सिपालु व्यक्तित्व हुनुहुन्छ । अहिले उहाँ नर्दन क्यालिफोर्नियाको अनेसासको च्याप्टरमा उपाध्यक्ष हुनुहुन्छ र आफ्नो च्याप्टरको तर्फबाट 'क्षितिजपारिबाट' भन्ने विशेषाङ्क

निकाल्दै हुनुहुन्छ । उहाँको 'हिमाली गुराँस' द्वैमासिक पत्रिका पनि १११ औँ अङ्क प्रकाशन भइसकेको छ । यसरी नै हिमाली गुराँसको काम खिमानन्द पाखरेलको लगनशीलता र यो पत्रिकाको साहित्यिक उचाइ देखेर नै नेपाल सरकारले वर्षको उत्कृष्ट प्रकाशनमा मूल्याङ्कन गरेर नै यसलाई पुरस्कृत गऱ्यो । यो सुन्दा मलाई पनि अत्यन्तै गर्व लागेको छ किनकि म पनि हिमाली गुराँसको विशिष्ट सदस्य हुँ ।

खिमानन्द पोखरेलले यो नियात्रासङ्ग्रह तीन पटक अमेरिका भ्रमण गरेपछि तयार पार्नुभएको हो । त्यसबीचमा उहाँ वासिङ्टन डिसी, सान फ्रान्सिस्को, बाल्टिमोर, न्युजर्सी, पेन्सिलभानिया, बायोमिङ, सिकागोलगायतका विभिन्न सहरको भ्रमण गर्नुभएको छ । उहाँलाई उहाँको सबै परिवारले माया, सहयोग र सद्भाव गर्नुहुन्छ । खिमानन्द दम्पतीलाई छोरी कल्पना पोखरेल र ज्वाइँ डाक्टर प्रितम न्यौपाने, भाइ युवराज पोखरेल व्यापारी । त्यसरी नै आफ्नो सबै परिवारका सदस्य मिलेर घुमाउनुभयो । सबै कुरा बुझेको परिवारको सदस्यका कारणले उहाँलाई अमेरिकाको खेती, व्यापार, सिस्टम, शिक्षा, स्वास्थ्य, वस्तुस्थिति सबै सबै बुझेर लेख्न पनि सजिलो भयो र यो सुन्दर कृति नेपाली साहित्यको फाँटमा पस्केर अमेरिका नआउनुभएका, आउनुभएको सम्पूर्ण पाठकलाई मीठो सुगन्धका रूपमा, अमृतका रूपमा सफल हुनुभयो ।

*(स्याक्रामेन्टो, अमेरिका)*


**नेपाल विद्युत प्राधिकरण सिमरा वितरण केन्द्रको**
**विद्युत महशुल बुझाउने बारे अत्यन्त जरुरी सूचना**

- **नेपाल विद्युत प्राधिकरण विद्युत महशुल संकलन विनियमावलीमा "मिटर रिडिङ गरेको ६० औं दिनसम्म विद्युत महशुल नबुझाएमा बिना सूचना लाइन काटिनेछ" भन्ने व्यवस्था रहेको छ ।**
- **समयमै महशुल नबुझाउने ग्राहकको लाइन काट्ने काम धमाधम भइरहेको छ । यस्ता ग्राहकहरुले बिल रकममा २५%अतिरिक्त जरिवाना तथा लाइन जोड्नको लागि दस्तुर रु. ८४७५० समेत बुझाउनुपर्ने हुन्छ ।**
- **तसर्थ मिटर रिडिङ हुने दिनको ७ दिनभित्र महशुल बुझाइ २५ छुट समेत पाऔं ।**
- **महशुल रकम अनलाइनबाट बुझाइ समय र पैसाको समेत सदुपयोग गरौं ।**

**विद्युत महशुल संकलन विनियमावली २०७८ मा भएको व्यवस्था :**

| **मिटर रिडिङ भएको मितिले** | **रिबेट/थप दस्तुर** | Consumer No (SC No) 002.15.125 A भएको ग्राहकको बिचको अंकले (१५ गते) मिटर रिडिङ हुनेदिन जनाउँदछ । **समयमै महशुल बुझाई २७ % सम्म वचत गरौं** |
|---|---|---|
| ७ दिनभित्र महशुल बुझाएमा | २% छुट | |
| ८ औं दिनदेखि १५ दिनसम्म महशुल बुझाएमा | बिल अनुसार | |
| १६ औं दिनदेखि ३० औं दिनसम्म महशुल बुझाएमा | ५% थप दस्तुर | |
| ३१ औं दिनदेखि ४०औं दिनसम्म महशुल बुझाएमा | १०% थप दस्तुर | |
| **४० दिनपछि महशुल बुझाएमा** | **२५% थप दस्तुर** | |

सिमरा नोलाइट ०५३-५२०१८०/९७४६५५८७११, निजगढ नोलाइट ०५३-५२०३२९/९७४६५५८७१२, अमलेखगञ्ज नोलाइट ०५३-५७०००२/९७४६५५८७१३, बिरूवागुठी नोलाइट ९८६५०२७०१०/९७४६५५८७१४, मिटर रिडिङ तथा महशुल सम्बन्धी ९८४५३०९३४२/९७४६५५८७१५ (सिमरा), ९८६५१७३११६

# दिव्य गिरीको कथाकृति 'ईश्वरको अनुहार' को रूपरेखा



**– सानुराजा श्रेष्ठ 'अञ्जान'**

कथाकार दिव्य गिरी नेपाली समसामयिक नेपाली साहित्यको क्षेत्रमा परिचय आवश्यकताको नाम होइन । उनी साहित्य सृजनामा प्रवृत्त साधक हुन् । त्यसो त मान्छेको जन्मदेखि नै उसको यस धरामा निर्वाह गर्नुपर्ने भूमिका आरम्भ हुने कुरामा दुई मत छैन । एउटा मान्छेले पाएको हुर्कने वातावरण, शिक्षादीक्षा आदिबाट प्रेरित भएर नै भविष्य निर्माण हुन्छ । यसमा हाम्रो पारिवारिक संस्कारले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । यसै क्रममा ललितपुरको इमाडोलमा वि.सं.२०११ कार्तिक ७ मा जन्मनु भएका दिव्य गिरी परिवारको जेष्ठ पुत्र हुन् ।

कालसमयमा साहित्यिक वातावरण पाएपछि १९ वर्षको उमेरदेखि नै कविता लेख्न थालेर साहित्यिक यात्रा थालनि गरेका उनका हालसम्ममा विविध विधाका गरी १२ पुस्तक प्रकाशित भईसकेका छन् । जस्तैः कङ्काल बस्ती

(मुक्तकसङ्ग्रह २०३८), सागर लहर किनार (गजलसङ्ग्रह २०५४), धुनी तापेर (हाइकुसङ्ग्रह २०६१), अनामिका (कथासङ्ग्रह २०६१), स्वप्निल शिविर (मुक्तकसङ्ग्रह २०६४), हराएका इलाकाहरू (कवितासङ्ग्रह २०७३), भेडीगोठ र भेडो (लघुकथासङ्ग्रह २०७३), सम्झनामा शकुन्तला (संस्मरण २०७७), त्जभ ज्ञादषबिलत एबिथ (२०७८), भुइँ कुहिरो (हाइकुसङ्ग्रह २०७९), पुत्लादहन (लघुकथासङ्ग्रह २०७८) र यो कथासङ्ग्रह 'ईश्वरको अनुहार २०८०' आदि प्रकाशित भएका छन् ।

कथाकै विषयमा विलियम हेनरी हडसनको धारणा : "कुनै पनि नाटकीय घटना वा स्थिति, मार्मिक दृश्य, अन्य सम्बद्ध घटनाको शृङ्खला, चरित्रको कुनै रूप, कुनै एउटा मनुस्मृति, जीवनको कुनै एकपक्ष, कुनै नैतिक समस्याजस्ता असंख्य विषय, कुनै पनि सन्तोषप्रद कथाका लागि बीजका रूपमा प्रयुक्त हुन सक्छन् ।"

यसै सिलसिलामा ईश्वरको अनुहारभित्र समेटिएका कथाहरूबारे

सङ्क्षेपमा चर्चा गर्ने अभीप्सा लिएको छु । यसै सन्दर्भमा नेपाली माटो, परिवेश, भोगिएका/देखिएका र संस्कारबद्ध १९ कथाहरू उनिएका छन् ईश्वरको अनुहार कथासङ्ग्रहमा । यी १९ कथाहरूलाई दुई खण्डमा विभाजित गर्न सकिन्छ । (क) जनयुद्धकालीन र पश्चातका सङ्क्रमणकालीन परिणाममूखी कथाहरू (ख) सामान्य आम विषयवस्तुका कथाहरू ।

जब स्रष्टालाई प्रसव वेदना लाग्दछ तब सिर्जनाले जन्म लिन्छ भनेझैं विविध विधाहरूका रचना दिएर दिव्य गिरीले आफूमा रहेको क्षमतालाई उजागर पारेका छन् । कविता, लघुकथा, कथा, मुक्तक र हाइकु (जापानीज छोटा कविता विधा) जस्ता विधामा सिद्धहस्त रहेका दिव्य गिरी आजको नेपाली साहित्यिक क्षेत्रमा सुपरिचित नै छन् । साहित्यको विषयमा उनी भन्छन् – "आफ्नो मनको भाव अभिव्यक्त गर्ने सबैभन्दा उपयुक्त र सुन्दर माध्यम भनेकै साहित्य हो । मेरो साहित्यिक लेखनको अभीष्ट पनि यही हो ।" यसै सन्दर्भमा यहाँ नेपाली आधुनिक कथा लेखनका प्रर्वतक – गुरुप्रसाद मैनालीको भनाइ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ – "कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई रीतिले लेख्नु नै कथा रचना हो ।"

सम्भवतः एउटा तीतो यथार्थ यो पनि हो कि, सर्जकको यथार्थ रूप देखाउने साँचो अर्थमा हितैषी व्यक्ति आफ्नो अगाडि नपरोस् भन्ने चाहना धेरै सर्जकहरूको हुन सक्दछ । आँखामा लागेको अहम्को पट्टीले देख्न नसकेका कटु यथार्थलाई घामजस्तै छर्लङ्ग्याई दिँदा कोही कोही आफ्नो अपमान सम्झिने गर्छन् । मलाई पूर्ण विश्वास छ पाका र बौद्धिक कथाकार दिव्य गिरी त्यस्तामा अवश्य पर्नु हुन्न । पंक्तिकारको कुनै पनि धारणा कसैप्रति कहिल्यै पनि पूर्वाग्रही हुने छैन ।

ईश्वरको अनुहारका कथाहरू कथानक रसमय भएरै कथा वास्तवमै मर्मस्पर्शी र सत्यतामा आधारित छ । तथापि कथा लेखनशैलीमा केही सुधारको अपेक्षा हामी पाठक वा द्रष्टाको रहन्छ नै । अधिकांश विद्रोही र सत्तापक्षबाट नै भोग्नुपर्ने पीडाले ग्रसित आममान्छेको अवस्थालाई चित्रित गरिएको छ । यसरी केही कथाहरू जनयुद्धकालीन् अवधिका छन् भने केही तत्पश्चात्का गाउँ, समाज र देशमा परेको प्रभावका परिवेशमा उनिएका छन् । यसरी कथाका प्रायःजसो थीम जनयुद्धकालीन् समयको भएता पनि लेखन भनौं बुनाई चाहिँ कुनै टि.भी. च्यानलले समाचार पढेजस्तो सतही भेटिनु अलिकति अपाच्य कुरा हो । तर यसै सन्दर्भमा विद्वान प्रा.डा. गोविन्दराज भट्टराईको भनाई सान्दर्भिक लागेर उल्लेख गरें – "एक स्रष्टामा अप्रशोधित वस्तुलाई कलाले माझेर टल्काएर प्रस्तुत गर्ने

शिल्प हुन्छ । एउटा काठको मूढो र त्यसबाट निर्मित ठेकी भाँडा वर्तनमा कत्रो फरक हुन्छ । आज दिव्य भाइका यी कथा पढ्दा लागिरह्यो उसैबेला यी कथा प्रकाशित भएका भए उसैबेलादेखि यी अध्ययन एवम् मूल्याङ्कनका सामग्री बनिएर इतिहासका पानामा चढिसक्ने थिए ।" यसरी हेर्दा कुनै सङ्क्रमणकालीन अवस्था वा सङ्घर्षमा परेका वर्ग विशेष पात्रको अवस्थालाई कलात्मक रूपले प्रतिपादित गरिने इतिवृत्त नै कथाको मानक मानिन्छ भन्ने भनाइ विद्वान्हरूको रहेको छ । कथाकार दिव्य गिरीको भविष्य उत्तरोत्तर उँभो लाग्दै गरोस् भन्ने मनसाय प्रकट गर्दै बिट मार्दछु । इति ।

*पशुपति देवत्तन, काठमाडौँ*


# नागरिक पेन्सन योजना

सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गर्ने, त्यस्ता वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराउने उद्देश्यले नागरिक पेन्सन योजना २०७६ फागुन २३ देखि सञ्चालनमा आएको हो ।

यस योजना अर्न्तगत आय आर्जन गर्ने, प्रचलित कानुन बमोजिम स्थापना भएका संघ, संस्था, एबं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन् ।

**बचत गर्न सकिने सीमा :**

यसमा सहभागी हुने बचतकर्ताहरूले न्यूनतम मासिक रू. ५००।- देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरूपमा रकम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ । यस्तो किस्ता बुझाउँदा मासिक रू.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ ।

बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन वा पेन्सनको रूपमा भुक्तानी लिन सक्नेछन् ।

कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रूपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधि:**

सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन् ।

**योजनामा रकम जम्मा गर्ने विधि :**

सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचरमार्फत वा बिद्युतीय भुक्तानीमार्फत जम्मा गर्न सक्ने छन् । बचतकर्ताले बैंकमा रकम दाखिला गरे पछि सोको जानकारी कोषलाई दिनु पर्ने छ । कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकम प्रति कोषको कुनै दायित्व रहने छैन ।

कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रूपले उल्लेख गर्नु पर्ने छ । रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्नु पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ । गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन ।

**नागरिक लगानी कोष**

केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं
पो.बक्स: ५८२३, फोन: ०१-५९७०२०१
इमेल: info@nlk.org.np
वेवसाइट: www.nlk.org.np

# 'सुवासको सपना' कथासङ्ग्रहमा घन थापाको उपस्थितिको पर्यायवलोकन



– सुदर्शन अधिकारी

बालसाहित्यको उर्वर फाँटमा कथाकार घनबहादुर थापा आफ्नो नवीन सङ्ग्रह सुवासको सपना नामक बालकथासङ्ग्रह लिएर आएका छन् । यसभित्र पन्ध्र वटा बालकथा सङ्गृहित छन् । कथा हाम्रा सामाजिक परिवेश, गरिबी, हाम्रो संस्कार र संस्कृतिकै वरिपरि घुमेका छन् । पात्रहरूको रोचक संवादमार्फत मनोरञ्जन दिन बालकथाहरू सफल छन् । खराब आचरण भएका मानिसहरूले दुख पाउने र असल नियत भएका इमानदार मानिसहरूले सुख र समाजमा इज्जत पाउने शिक्षा यस बालकथामा सङ्ग्रहीत बालकथाहरूले दिएका छन् ।

पहिलो कथा 'सन्ते र पुन्टे'मा पुन्टेका बाबाले आफ्नो छोरालाई माछा मार्न मात्रै लगाएकोमा पश्चाताप व्यक्त गर्दै अबदेखि छोरालाई विद्यालय पठाउने प्रतिबद्धता जाहेर गर्छन् । विद्यालयका शिक्षक आएर सम्झाएपछि उनको चेत खुलेर छोरोलाई स्कुल पठाउन उनी राजी भएका हुन् । माछा मारेर बस्नु भन्दा पढेर ठुलो मान्छे भइन्छ भन्ने ज्ञान पाएपछि पुन्टे पनि पढ्न जान तयार हुन्छ ।

'लुम्सी र झुम्से' कथामा अल्छी बनेर जीवनयापन गर्नु पर्दाको पीडा र निर्दयी बनेर आफ्नै आमालाई माकुरोले खाएका प्रसङ्ग निकै रोचक ढङ्गले उठाइएका छन् । समयमा सिप नसिक्दाको परिणामलाई पनि यस कथामा प्रष्ट्याइएको छ । अर्को कथा 'भुइँचालो, भुइँमान्छे र भँगेरो' नामको कथामा भुँइचालो आउँदा कस्तो स्थानमा बस्ने भन्ने ज्ञान भँगेराबाट भुँइमान्छेले पाउँछ । यस कथामा भँगेरो चरोलाई चलाख पात्रको रूपमा चित्रण गरी मानिस पात्रलाई सजग गराएको देखाइएको छ । 'जयाको जुक्ति' नामको कथामा रक्सीका आदत बसेका आफ्ना बाबालाई रक्सी छुटाउने जुक्तिबाट सफल भएको कौतूहल जगाउने कथा लेखिएको छ । पाका मान्छे भन्दा बालबालिका पनि कुनै कुरामा दक्ष हुन्छन् र उनीहरूको जायज कुरालाई स्वीकार गर्नुपर्छ भन्ने सन्देश कथामा छ ।

'मुकेशको खुसी' नामक कथामा विद्यालयमा जाडो विदा हुँदा घुम्ने, सिनेमा हेर्ने, गेम खेल्ने जस्ता कार्यमा रमाउन चाहने मुकेशलाई विदा हुँदैमा सबै समय खेलमा र मनोरञ्जनमा मात्र बिताउन हुँदैन भनेर उनका

बाबाबाट सम्भाइएको छ । अर्को कथा 'नमुना स्कुल'मा विद्यार्थीहरूलाई विभिन्न खालका सिप सिकाइने रहेछ त्यो देखेर स्मारिका छक्क परेको घटनालाई रोचक शैलीमा उठाइएको छ । व्यवहारिक शिक्षाले विद्यार्थीहरूमा ल्याएको परिवर्तन र रूचीलाई कथाका पात्रहरूद्वारा उनिएको छ । फलतः आफ्नो स्कुल विदा भएको बेला घुम्न जाँदा दादालाई भेट्न उसको स्कुलमा गएकी स्मारिका त्यही स्कुलमा पढ्ने निधो गर्छिन् ।

'बास खोज्दै छ्याके भ्यागुतो' कथामा काठमाडौंको प्रदुषणलाई चित्रण गरिएको छ । घुम्न जाँदा देखेका कुराहरू र भोगेका दुखहरूको वर्णन गर्दै मान्छेले विवेक नपुऱ्याउँदा सबैले दुख पाएकोले विवेक पुऱ्याएर काम गर्न सचेत बनाइएको छ । 'वसन्तको प्रतिज्ञा' कथामा वद्मास वसन्त जसले पैसा चोर्ने, मादक पदार्थ पिउने गर्थ्यो त्यसलाई छाडेर असल व्यक्ति बन्ने प्रतिज्ञा गरेको मन छुने शैलीमा कथा बुनिएको छ । कालान्तरमा ऊ सुध्रिएको सन्देशले गलत बाटोमा लागेका बालबालिकाहरू पनि त्यो बाटो चटक्क छोड्ने मनस्थितिमा पुऱ्याउन सक्ने क्षमता कथाले राख्छ ।

'लोकतन्त्र' भन्ने कथामा पुरस्कार पाउने विद्यार्थी छनोट गर्दा उत्कृष्टमध्ये बहुमतका आधारमा छनोट गरी पुरस्कार वितरण गर्ने नवीन शैलीलाई अवलम्बन गर्ने कुरा उल्लेख गरिएको छ । यस कथामा विद्यार्थीहरूले सामूहिक निर्णयलाई मान्नुपर्छ । यसो भएमा गलत हुँदैन र परिणाम राम्रो निस्किन्छ भन्ने सन्देश कथाले दिएको छ । विद्यार्थीले ल्यापटपमा गेम मात्रै खेलेर पढाई विग्रेको घटनालाई मीठासपूर्ण ढङ्गले देखाइएको छ 'समयको महत्त्व नामको कथामा । भिडियो गेम सबै गलत हुँदैनन् । गेमले बालबालिकालाई झन् चतुर बनाउँछ र छिटो छरितो निर्णय गर्ने क्षमताको विकास गराउँछ । त्यसैले खराव र सही गेमको छनौट गरी समय छुट्टाएर मात्र गेम खेल्नु उचित हुने शिक्षा कथाले बोकेको छ ।

'चकचके चङखे र चुलबुले चल्लो' कथामा चङखेले चुलबुलेलाई बचाएको कुरालाई मीठो शैलीमा देखाइएको छ । आपत् विपत् परेको बेला सहयोग ठुलाले मात्र होइन स-सानाले पनि गर्न सक्छन् भन्ने गतिलो उदाहरण कथाको चङखे पात्रले प्रस्तुत गरेको छ ।

'सुवासको सपना' नामक कथामा उदण्ड स्वभावको सुवास सुधारिएर भविष्यमा डाक्टर बन्ने सपना बनाएको कथानक समेटिएको छ । स्कुल विदामा गाउँ गएको बखत गाउँका झाडी जङ्गलहरूमा देखिएका जडीबुटी उसको प्रेरणाका स्रोत बनेका छन् । अन्ततः ऊ भविष्यमा आयुर्वेदिक डाक्टर बनेर गाउँका बासिन्दाको सेवा गर्ने निचोडमा पुग्दछ । 'गोतामेको गोता' नामको कथामा बाल्यकालमा बाबुआमाले भनेको नमानी पढ्न ध्यान नर्दिदा कति दुख हुँदो रहेछ भन्ने पश्चातापमा फसेको कुरालाई प्रष्ट्याइएको छ । पढ्ने साथी देशमै बसेर सरकारी जागिर खाएर नाम कमाएको छ । भने गोतामे विदेशमा

गएर चर्को घाममा भेडा चराउने काम गर्न बाध्य भएको छ । भेडा हराएमा जरिवाना तिर्नुपर्ने भएकोले उसको तलब पनि जरिवाना तिर्दै सकिने भएकोले दुख गरे पनि कमाउन नसकेको र उल्टै गोता खाएको कारूणिक कथामा दुख गरेर पढेमा भविष्यमा सुख मिल्छ भन्ने सन्देश पाइन्छ ।

'बासी रोटी' कथामा गरिबीले सताएको परिवारको पीडालाई मर्मस्पर्शी ढंगले देखाइएको छ । सधैँ खानेबेला यो मीठो भएन, त्यो मीठो भएन भनेर झगडा गर्ने सानीमैयाँलाई परिस्थितिले बासी रोटी खानुपर्ने वाध्यतामा पारेको छ । भोक भन्दा भोजन मीठो भन्ने तथ्य यस कथाले प्रमाणित गरेको छ ।सङग्रहको अन्तिम बालकथा 'अद्‌भूत सिन्को'मा अनावश्यक र उपत्यारिलो कुरोको विश्वास गर्नु हुँदैन । लोभमा पर्नु पनि हुँदैन भन्ने कुरालाई गफाडीप्रसादको गफद्वारा देखाइएको छ ।

समग्रमा कथा बालबालिकालाई शिक्षा प्रदान गर्ने, नैतिकता बृद्धि गराउने र असल बाटोमा लाग्न प्रेरित गराउने खालका छन् । झुटो कुरा गर्नु हुँदैन । इमानदार हुनुपर्छ । अर्काको लहैलहैमा लागेर हिँडेमा दुख पाइन्छ । सफलता प्राप्त गर्न सदैव पढाइ र काममा क्रियाशील हुनुपर्छ भन्ने सन्देश सबै कथाहरूमा छुट्टाछुट्टै विषयवस्तुको माध्यमद्वारा दिइएको छ । निर्जीव अर्थात हिँड्न र बोल्न नसक्ने वस्तुलाई कथाको पात्र बनाएर कथा बुन्नु निश्चय पनि कठिन काम हो । कथाकार थापाले यस सङ्ग्रहका केही कथाहरूमा त्यस्ता पात्रको सिर्जना गरी अत्यन्त रोचक ढङ्गले कथा अगाडि बढाएका छन् । सरल भाषामा प्रस्ट सन्देश दिएका यी कथाहरू बालबालिकाका लगि प्रिय बन्न सफल छन् । प्रत्येक कथाहरूमा कथाको विषयवस्तु अनुसारका चित्रहरू राखिएका छन् । पेजका केही खाली ठाउँहरूमा विश्व प्रख्यात महान् व्यक्तित्वहरूका महानवाणीहरू राखिएका छन् । यसलाई नेपाली बालसाहित्य कृतिको श्रृङ्खलामा नयाँ प्रयोग मान्न सकिन्छ ।

सबै बालकथामा प्रज्ववल थापा मगरका चित्र सजिएका छन् । आकर्षक आवरण सहितको यो बालकथासङ्ग्रह पठनीय र सकारात्मक सन्देशमूलक छ । आगामी दिनमा कथाकार घनबहादुर थापाबाट थप बालकथाहरू बालबालिकाले पाउन सकून् हार्दिक शुभकामना । साथै ट्रिनिटी प्रकशनले बजारमा ल्याएको उक्त बालकथाको मूल्य ११० रूपैयाँ रहेको छ ।


**२०८१ सालको विजयादशमी, शुभ दीपावली, छठपर्व तथा नेपाल संवतको सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल टेलिकम**
**परिवार**

# बजारमा नयाँ कृति

● प्रतीक्षा रिजाल, संयोजक




## कालापानी यात्रा





कालापानी यात्रा नियात्रा कृतिका लेखक नन्दु उप्रेती हुन् । भुँडीपुराण प्रकाशनद्वारा २०७७ सालमा प्रकाशित यस कृतिभित्र २३ नियात्रा छन् । कालापानी हाम्रो देशको पश्चिमी सिमानामा पर्ने भूभाग हो । तर त्यो भूभाग कयौँ वर्षदेखि हामी नेपालीहरूले उपभोग गर्न पाइरहेका छैनौँ । यो कुराले स्वाभिमानी र देशभक्त नेपालीहरूको मनलाई पलपल दुखाइरहेको छ । त्यो दुखाई सहेर बस्न हामी बाध्य छौँ । विद्यार्थीकालमा कालापानी हाम्रो हो भन्दै लेखक साथीहरूका साथ झण्डा बोकेर त्यहाँ पुगेका थिए । उनले त्यहाँ जे भोगे, देखे,र अनुभव गरे त्यो यस पुस्तकमा यात्रा वर्णनको रूपमा आएको छ । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति दिने उप्रेतीलाई हार्दिक बधाई ।

## यात्राको लय





नेपाली साहित्यमा नियात्रा हिजोआज निकै लोकप्रिय रूपमा विकसित हुँदै गइरहेको विधा हो । दिनप्रतिदिन धेरैभन्दा धेरैको आँखा यतातिर परिरहेको छ । यसको अर्थ हो नियात्रा विधा तीव्र गतिमा अगाडि बढिरहको छ । यति बेला नियात्रा विधामा लामो समयलेखि कलम चलाईरहनु भएका प्रदीप सापकोटा दोस्रो कृति यात्राको लय लिएर बजारमा आइपुग्नु भएको छ । प्रस्तुत कृतिमा विविध विषयका सत्र नियात्रा छन् । प्रत्येक रचनाले नयाँ नयाँ ठाउँमा पुऱ्याएर रमाइला जानकारी गराउँछन् । सत्य खोतलेर नवीन विषयवस्तुको अध्ययन गराउँछन् । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति उपलब्ध गराउने स्रष्टा सापकोटालाई हार्दिक बधाई । .

## नासो





गुरूप्रसाद मैनाली नेपाली कथा संसारका विशिष्ट आलोक हुन् । उनी लगायत वीपी कोइराला र पुष्कर शमशेरजस्ता स्रष्टाहरूको विशिष्ट योगदानबाट आधुनिक नेपाली कथा साहित्य फस्टाएको हो । सामाजिक उत्तरदायित्वका कथा लेखेर उनले नेपाली समाजलाई गुनका साथ बाटो देखाउने काम गरे । कथाकार मैनालीद्वारा लिखित नासो आधुनिक नेपाली कथा साहित्यको प्रथम कृति मानिन्छ । यस कृति भित्र जम्मा ११ थान कथा छन् । तर तिनले नेपाली जनमानसमा पारेको प्रभाव ठुलो छ । सङ्ख्यागत रूपमा कथा थोरै भए पनि यी कथाले दिएको सन्देश धेरै छ । यति राम्रो कृति लेख्ने कथाकार मैनालीलाई नेपाली समाजले कहिल्यै बिर्सँदैन ।

## फुल्न नसकेका फूलहरू





फुल्न नसकेका फूलहरू कवितासङ्ग्रहका लेखक दीपक सोती हुन् । साधना संगमद्वारा २०७८ सालमा प्रकाशित यस कृतिभित्र विभिन्न विषय, भाव र शैलीका ४० कविता छन् । सरल भाषा र शैलीमा लेखिएका यी कविताहरूमा प्रकृतिप्रेम, स्थानप्रेम, बेथिति, विसङ्गति र विकृतिमाथि व्यङ्ग्य छ । हिजोका हाम्रा सपना आज पनि सपनै रहेकोमा लेखकको आक्रोश छ । उनी भन्छन् ठगिएका छौँ अर्थात् सपना देखाउनेहरूको मोहजालमा परेपछि अगाडिको बाटो भुलेका छौँ । परिवर्तनका लागि लडेकाहरू आफूमात्र परिवर्तित भएकोमा उनको आक्रोश छ । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति उपलब्ध गराउने स्रष्टा सोतीलाई हार्दिक बधाई । .

## पँधेराको रूख





यो नवराज रिजालको बालसाहित्यको बाह्रौँ कृति हो । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाईरहेका स्रष्टा रिजालको विशिष्ट परिचय आख्यानकारको रूपमा छ । चित्रकथाको यो पुस्तक खोजी प्रकाशनले २०७९ सालमा प्रकाशित गरेको हो । राजकुमार प्रजापतिको कलाद्वारा सुसज्जित यस पुस्तकको मूल सन्देश पानीको मुहान वरिपरि वृक्षारोपण गरिनुपर्छ । जथाभावी रूख काटे पानीको मुहान सुक्छन् । पानीको अभावमा प्राणी जीवित रहन सक्दैनन् भन्ने हो । यी कुरा लेखकले बालबालिकामार्फत् भनाएका छन् । पुस्तकको यो अत्यन्तै सकारात्मक पक्ष हो । नेपाली बालसाहित्यमा यति राम्रो कृति थप्ने सर्जक नवराज रिजाललाई हार्दिक बधाई ।

## सपना कतिपय





यो लघुकथा कृति हो । यस कृतिभित्र ५४ कथा समावेश छन् । यसका लेखक कुमार काफ्ने हुन् । शिक्षण पेशामा रहेका आफ्नो समाजको अग्रमोर्चामा छन् । यसर्थ यहाँका हरेक गतिविधिलाई सूक्ष्म ढङ्गले अवलोकन गर्ने अवसर उनलाई जुटेको छ । विषयवस्तुको छनोट त्यहीँबाट गरेका छन् । अर्थात् समाजमा विषयवस्तु बग्रेल्ती छन्, बस खोज्न प्रयासमात्र गर्नुपर्छ । यसकारण सपना कतिपय कथाकृतिभित्र मनका कुरा, सामाजिक परम्परा र प्रचलनका कुरा, भोगाई कुरा, सपना कहिल्यै विपना हुन नसकेका कुरा, विश्वास बोक्नेहरूको जीवन विश्वासमै डुबेका मनग्गे उठेका छन् । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति उपलब्ध गराउने स्रष्टा काफ्लेलाई हार्दिक बधाई ।

## सानो चिबेचरा




यो १० वर्षीय बालिका अनुभूति बूढामगरको कवितासङ्ग्रह हो । यस सङ्ग्रहभित्र प्रकृति, जीवन, जनावर, साथी, फूलबारी, चाडपर्व, किताब, आकाश, बाटो जस्ता विविध विषयका बारेमा लेखिएका ३० थान कविता छन् । यी कवितामा बालसुलभ मनका सुन्दर भाव छन् । साथ साथै कवितामा एकातिर जीवनप्रतिका दृष्टिकोण छन् त अर्कोतिर आस्था र विश्वासका दृष्टान्त छन् । आँखामा सुन्दर संसार छ, यसैले उनी त्यस्तै कविता लेख्छिन् । त्यहाँ जीवन छ । जीवनको परिधि छ । नेपाली बालसाहित्य भण्डारमा यति राम्रो कृति उपलब्ध गराउनु भएकामा बालस्रष्टा अनुभूति बूढामगरलाई हार्दिक बधाई ।

## नेहरूका चिठीहरू




यो प्रसिद्ध कृति भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले लेख्नुभएको हो । यस कृतिलाई माधवप्रसाद अधिकारीले नेपालीमा अनुवाद गर्नुभएको हो । नेहरूले आफ्नी छोरीको नाममा लेख्नुभएको यस चिठीभित्र ३० विषयवस्तुहरू छन् । एकजना पिताले आफ्नी छोरीको नाममा लेखेको चिठी अत्यन्तै ज्ञानवर्द्धक छ । हाम्रा पाठ्यपुस्तकमा समावेश गरेर पढाउने हो भने यो यो अत्यन्तै प्रभावकारी हुनसक्छ । यति मात्र हैन ज्ञान चाहने हरेका मानिसका निम्ति यो पुस्ताक अचुक औषधी नै हो । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति अनुवाद गरिदिने अनुवाद अधिकारीलाई आगामी दिनमा पनि यस्तै कृतिहरूको अपेक्षाका साथ हार्दिक बधाई ।



● बद्रीप्रसाद ढकाल

# अतिथि सम्पादकको कलमबाट

पठन एउटा कुरा हो। पठनपछि आफूले अनभूत गरेको कुरा अरूलाई बाँड्नका लागि कृतिका बारेमा लेख्नु अर्को कुरा । आजको अल्छिपनमा कसैले मिहेनतपूवर्क लेखेको पुस्तक दिइसके पछि त्यसलाई पढ्नु पर्छ भन्दा पनि पढिदिएर गुन लगाउने पाठक अझ भनौँ साहित्य अनुरागीहरू पाइन्नन्। त्यसैले आफ्नो कृति कसैले ग्रहण गरिदिए धन्य हुनुपर्ने दिन आइसकेको देखिन्छ। यसले हामीलाई के कुरामा सचेत बनाउँछ भने अब जस्तो पायो त्यस्तो पुस्तक लेखे पाठकले पढ्दैनन्। यसर्थ राम्रामा र असल कृति मात्र प्रकाशन गर्नुपर्छ।

साहित्यका विविध विधामा रचना भएका कृतिहरू दैनिक रूपमा विमोचित भइराखेका हुन्छन्। पाठकको सङ्ख्या घटेदै गए पनि लेखकको सङ्ख्या बढ्दै जानु नेपाली साहित्य भण्डारका लागि निकै राम्रो कुरा हो। तर अझै राम्रो कुरा चाहिँ संख्यात्मक भन्दा गुणात्मक कृति बढ्न सके हुन्थ्यो भन्ने लाग्दछ। विश्वसाहित्यमा उभिन सक्ने कृति आए विश्वले नेपाली साहित्यलाई चिन्थ्यो कि ?

पुस्तक प्रकाशन भएपछि कृतिभित्र के कस्ता कुरा समेटिएका छन् यसले दिने मूल सन्देश के हो ? र यस कृति लेख्नुको उद्देश्य, लेखकीय विचार स्पष्ट पार्नका लागि समीक्षा गरिन्छ। अझ पुस्तकका बारेमा गहन विश्लेषण गर्ने काम समालोचकले समालोचनामा गर्दछ । यो सतही नभएर गहन हुनुपर्छ भन्ने मान्यता छ।

नवप्रज्ञापनको समीक्षा विशेष दोस्रो भागसम्म आइपुग्दा हामीले पनि माथिकै पठन संस्कृतिको अभाव, पाठकको अल्छिपन र वेवास्तालाई झेल्दै आयौँ । यस अङ्कमा समेटिएका समीक्षा प्रायः लेखककै भएकाले लेखकले अरूको कृतिपनि पढ्ने चाहना राख्नु पर्छ की ? भन्ने कुरालाई सम्झाउन खोजेको छु।

जे होस् नवप्रज्ञापनको समीक्षा विशष दोस्रो भागमा आ–आफ्नो स्थानबाट यथाशक्य सरसहयोग गर्नुहुने सबै लेखक, साहित्यकार तथा साहित्य अनुरागी व्यक्तित्वहरूमा हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु। साथै आगामी दिनमा पनि साथ र सहयोगको आशा राख्दै आजलाई विदा हुन चाहन्छु।

# शुभकामना

२०८१ सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त विद्यार्थी, अभिभावक, शिक्षक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !

**प्रो. मधुसूदन चौधरी**
**बालविनायक बोर्डिङ स्कुल,**
सगरदिना, जीतपुर सिमरा-८, बारा

# शुभकामना

२०८१ सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त विद्यार्थी, अभिभावक, शिक्षक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !

**रामधारी यादव**
अध्यक्ष तथा प्रवन्धनिर्देशक
**कलैया ब्राइटल्याण्ड इङ्लिस बोर्डिङ्ग स्कुल**
**कलैया बारा**

# राजश्व अनुसन्धान कार्यालय कोहलपूरको जरूरी सूचना

तपाइँको घर, छिमेक, टोल, समाज वा समुदायमा कहिँ कतै कोही कसैले अवैध रूपमा व्यापारिक मालबस्तुहरूको ओसारपसार गरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर रकम नबुझाई वा कम बुझाई वा गलत अभिलेख तयार गरी कर छली गरेको वा विदेशी विनिमय अपचलन सम्बन्धी कसुर गरेको वा आयकर, मूल्य अभिवृद्धिकर, अन्तशुल्क, भन्सार महशुल वा गैरकरछली सम्बन्धी कसुर गरी राजश्व चुहावट गरेको पाइएमा लिखित वा मौखिक रूपमा यस राजश्व अनुसन्धान कार्यालयमा जानकारी गराउन हुन अनुरोध गरिन्छ । तपाईले दिएको सूचनाले राजश्व सङ्कलनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । उक्त सूचनाको सत्यता परीक्षण पश्चात अदालतबाट हुने फैसला बमोजीम तपाईलाई पुरस्कृत गरिने छ ।

**राजश्व अनुसन्धान कार्यालय**

कोहलपूर बाँके ०८१-५२०४५८

अनुसन्धान अधिकृत ९८५५०२९००५

# चिसो मौसममा देखिने स्वास्थ्य समस्या

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यी रोगले बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔ, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# निजगढ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, निजगढ बारा

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जतातते फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तामा अनुरोध छ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिन्डर ल्याउँदा वा लैजादा नगुडाऔ भान्सामा सिलिन्डर सधैं ठाडो राखौं सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं ।

२. गुणस्तरीय रेगुलेटर, रवर, पाइप, चुलो जस्ता उपकरण मात्र प्रयोग गरौं । हरेक दुई वर्षमा ग्यास पाइप फेरौं खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

### ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एलपी ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्छ ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नट बन्द गरौं ।

२. ग्यास हावाभन्दा गह्रौं हुने हुँदा पिँधमा बस्छ, जस्तै : ग्यास चुलो, सलाई,लाइटर, धुप नबालौ लगायत कुनै पनि बस्तु नचलाऔं ।

३. ग्यास लिक भए सिलिन्डरबाट रेगुलेटर छुटाई झल्बमा सेफ्टी क्याप लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्यास बिक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

(सचेत र सावधानी हुनु नै सुरक्षित हुनु हो)

## नेपाल आयल निगम

# जीतपुर-सिमरा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

## नगरवासी महानुभावहरुमा अनुरोध

- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं । आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फिोहोर संकलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं । अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं ।
- वनको संरक्षण गरौं । खाली पर्ति जमीनमा वृक्षा । रोपण गरौं । वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं । प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं । जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं । आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔं ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।